
# गुर्भाकोट नगरपालिकाको दश वर्षे शिक्षा क्षेत्र योजना

# २०७९–२०८८

## TEN YEAR'S EDUCATION SECTOR PLAN2022-2031




**गुर्भाकोट नगरपालिका**

**शिक्षा,युवा तथा खेलकुद शाखा**

**गुर्भाकोट नगरपालिका सुर्खेत**

# विषयसूची


**परिच्छेद १ ........ 6**

**परिचय ........ 6**

१.१ पृष्ठभूमि ........ 6

**परिच्छेद २ ........ 18**

**शिक्षा क्षेत्र योजना ........ 18**

२.१ सन्दर्भ र औचित्य ........ 18
२.२ दीर्घकालीन राष्ट्रिय सोच ........ 19
२.३ स्थानीय तहको दीर्घकालीन सोच तथा गन्तव्य ........ 19
२.४ लक्ष्य (GOAL) ........ 19
२.५ उद्देश्यहरू ........ 19
२.६ रणनीतिहरू ........ 20
२.७ प्रमुख उपलब्धि सूचकहरू (KEY PERFORMANCE INDICATORS-KPI) ........ 27

**परिच्छेद ३ ........ 32**

**शिक्षाका उपक्षेत्रहरू ........ 32**

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ 32
बाल विकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने ........ **ERROR! BOOKMARK NOT DEFINED.**
३.२ आधारभूत शिक्षा ........ 35
३.३ माध्यमिक शिक्षा ........ 41
३.४ उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध ........ **ERROR! BOOKMARK NOT DEFINED.**
३.५ प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिम ........ 45
३.६ पाठ्यक्रम र पाठ्यसामाग्री ........ 48
३.७ शिक्षक व्यवस्थापन र विकास ........ 55
३.८ विद्यालय व्यवस्थापन ........ 61
३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा ........ 48
३.१० गुणस्तरीय सार्वजनिक शिक्षा ........ 88
३.११ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा ........ **ERROR! BOOKMARK NOT DEFINED.**
३.१२ शिक्षामा सूचना प्रविधि ........ 72
३.१३ आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा ........ 69

**परिच्छेद ४ ........ 92**

**संस्थागत संरचना र क्षमता विकास ........ 92**

४.१परिचय ........ 92
४.२ वर्तमान अवस्था ........ 93
४.३ लक्ष्य ........ **ERROR! BOOKMARK NOT DEFINED.**
४.४ उद्देश्य ........ 93
४.५ रणनीतिहरू ........ 94
४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 94

**परिच्छेद ५ ........ 99**

**लगानी र स्रोत व्यवस्थापन ........ 99**

५.१ परिचय ........ 99
५.२ वर्तमान अवस्था ........ 99
५.३ लक्ष्य ........ **ERROR! BOOKMARK NOT DEFINED.**
५.४ उद्देश्य ........ 100

५.५ रणनीतिहरू ....................................................................................................103
५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य....................................................................................................103

परिच्छेद ६....................................................................................................**108**

कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण ....................................................................................................**108**

६.१ परिचय....................................................................................................108
६.२ वर्तमान अवस्था....................................................................................................108
६.३ लक्ष्य ....................................................................................................**ERROR! BOOKMARK NOT DEFINED.**
६.४ उद्देश्य ....................................................................................................109
६.५ रणनीतिहरू ....................................................................................................109
६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य....................................................................................................110

परिच्छेद ७....................................................................................................**112**

मुख्य मुख्य क्रियाकलाप र उपलब्धी सूचक ....................................................................................................ERROR! BOOKMARK NOT DEFINED.

७ . १ वित्तीय योजना ....................................................................................................**ERROR! BOOKMARK NOT DEFINED.**

सन्दर्भ सामग्रीहरू....................................................................................................**113**

अनुसूचीहरू ....................................................................................................**113**

अनूसूची १: शिक्षा योजना निर्माण कार्यदल विवरण....................................................................................................113
अनूसूची २: शिक्षा योजना निर्माणका क्रममा भएका वैठक, कार्यशालामा सहभागि विवरण ....................................................................................................113
अनुसूची ३:नगरपालिका अन्तर्गतका बालविकास केन्द्र र सहजकर्ताको विवरण ....................................................................................................114
अनुसूची ४: नगरपालिका अन्तर्गतका विद्यालयहरूको विवरण ....................................................................................................114
अनुसुची ५ : नगर शिक्षा समितिका पदाधिकारीहरूको विवरण....................................................................................................114

# सारांश

गुर्भाकोट नगरपालिकाको शिक्षामा गुणस्तरिता,विकास र परिवर्तनका गर्नका लागि तयार पारिएको यस दश वर्षीय शिक्षा क्षेत्र सुधार योजनामा नेपालको संविधानमा उल्लेखित शिक्षा सम्वन्धि हक र अन्य शिक्षा सम्वन्धी व्यवस्थाको मर्मलाई सम्वोधनका लागि प्रयास गरिएको छ । यस योजना निर्माण गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षा सम्बन्धी सङ्घीय कानुनहरू, कर्णाली प्रदेशको पहिलो आवधिक योजनाको आधारपत्र,दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, नगर शिक्षा ऐन एवं संघिय स्तरमा भएका आयोगका प्रतिवेदन समेतलाई आधार लिइएको छ । योजनामा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत र माध्यमिक शिक्षा, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ, गुणस्तरीय शिक्षा, पाठ्यक्रम र पाठ्यसामग्री, विद्यालय व्यवस्थापन, शिक्षक व्यवस्थापन र पेसागत विकास, शिक्षासँग सम्बन्धित सवालहरू, शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि, उच्च शिक्षा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, संस्थागत क्षमता विकास, लगानी र स्रोत व्यवस्थापन, शिक्षामा कमजोर वर्गको पहुँच, समावेशी शिक्षा र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अलग अलग सवालमा दश वर्षको उद्देश्य, रणनीति र कार्यक्रमहरू विस्तृत रूपमा तयार गरिएको छ ।

आर्थिक वर्ष २०६६/०६७ देखि सुरु भएको र विद्यालय शिक्षाको समग्र दस्तावेजको रूपमा अगाडि ल्याइएको विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६-०७२) सबैका लागि शिक्षा (२००१-२०१५) का लक्ष्य

र उद्देश्य पूरा गर्नका सुरु गरिएको थियो । जसको समाप्ति र प्रभावकारीतासँगै आर्थिक वर्ष २०७३/०७४ देखि विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४-०७९/०८०) को निर्माण भई कार्यान्वयनको अन्तिम चरणमा छ । भने शिक्षा क्षेत्र योजना (ESP) मस्यौदा समेत तयार भइ कार्यान्वयन हुने क्रममा रहेको छ । शिक्षा क्षेत्रमा भएको विकेन्द्रीकरणको प्रयासको फलस्वरुप एकातिर विद्यालयहरूले आफ्नो विद्यालयको सुधार र रुपान्तरणको लागि पाँच वर्षे विद्यालय सुधार योजना निर्माण गर्ने देखि लिएर नगर वा नगरपालिकाले गाउ वा नगर शिक्षा योजना र जिल्लाले जिल्ला शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नु पर्ने अभ्यास गरियो भने अर्कोतिर नेपाल सरकारले विद्यालय शिक्षाका सबै कार्यक्रमहरू विद्यालय क्षेत्र विकास योजना मार्फत सशर्त अनुदानका रूपमा स्थानीय तहमा हन्तान्तरण हुँदै आएका छन् । शिक्षक र कर्मचारीको तलब भत्ता देखि नि:शुल्क पाठ्यपुस्तक, छात्रवृत्ति वितरण, दिवा खाजा वितरण लगायत थुप्रै शीर्षकमा अनुदान नियमित रूपमा विद्यालयहरूलाई प्रदान गरिदै आइएको छ । प्रदेश र स्थानीय तहले समेत शिक्षातर्फ वित्तीय समानीकरण अनुदान पनि विनियोजन गरी विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिरहेको अवस्था छ । गुर्भाकोट नगरपालिकामा समेत वित्तीय समानीकरण अनुदान, आधारभूत शिक्षा परीक्षा सञ्चालन र बालबालिकाको शिक्षामा समतामूलक पहुँच र शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि सहयोग गर्ने खालका थुप्रै कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ ।

नगरपालिका क्षेत्रभित्र सञ्चालित सबै सामुदायिक विद्यालयहरूले आफ्नो विद्यालयको सुधार र रुपान्तरणको लागि विगतदेखि नै पाँच वर्षे विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्ने कार्य निरन्तर गरिरहेका छन् । तीन वटा सामुदायिक सिकाइ केन्द्र एवं सामुदायिक विद्यालयहरूको नेतृत्त्वमा नगरपालिकाको साक्षरता दरमा समेत उल्लेख्य वृद्धि गरी साक्षर जिल्ला घोषणामा योगदान पुर्याएको अवस्था छ । विद्यालय शिक्षामा समतामूलक पहुँच, टिकाउ दरमा वृद्धि, भौतिक पूर्वाधारमा सुधारोन्मुख, विद्यालयमा सूचना प्रविधिको विस्तार, समावेशी र समतामूलक शिक्षा, बालमैत्री विद्यालय र विद्यालय शान्ति क्षेत्र जस्ता पक्षमा उल्लेख्य प्रगति भएको पाइन्छ ।

सबै बालबालिकाहरूका लागि सर्वाङ्गीण विकासमा केन्द्रित गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु र अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु योजनाको मुख्य उद्देश्य हो । यस योजनाले योजना अवधिभर नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका तुल्याइ अनौपचारिक, वैकल्पिक र खुला शिक्षाका माध्यमबाट जीवनपर्यन्त निरन्तर शिक्षाको अवसरहरूको सुनिश्चित गर्ने र प्राविधिक शिक्षा तथा व्यवसायीक सिप विकासमा सबैको समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्ने समेत उद्देश्य लिएको छ । विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधता अनुकूल बनाइ बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुन सक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्ने र आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने कार्य समेत यस योजनाको उद्देश्यमा समेटिएका छन् ।

युगको माग अनुसार शिक्षामा समयानुकूल परिवर्तन गर्न जरूरी छ भन्ने महसुस गरेर विद्यालय तहको संरचनामा भएको परिवर्तन एवं आन्तरिक सुशासन, सुधार एवं दक्षतामा अभिवृद्धि गरी गुणात्मक परिवर्तनका कार्यक्रमहरू योजनामा समावेश गरिएका छन् । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गरी यसलाई सबै बालबालिकाका लागि

अनिवार्य गर्ने र नक्साङ्कनका आधारमा पालिका क्षेत्रभित्र विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्ने रणनीति योजनाले अगाडि सारेको छ । योजनाले अपनत्त्वको सिर्जना, नेतृत्वको सवलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेसागत नैतिकताको प्रवर्द्धन र लगानी अभिवृद्धिद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने,नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने गरिब, सुविधा विहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गरी निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धी सुधारमा सहयोग गर्न आवश्यक पर्ने सहयोग प्रणाली लागू गर्ने र साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवं व्यवसाय, सामाजिक जीवन र सहभागीतासँग आवद्ध गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रहरूको कार्य क्षमतामा सवलीकरण गर्ने कार्यलाई प्राथमिकता दिएको छ । विद्यालय शिक्षामा सुशासन प्रवर्धन गर्नका लागि विद्यालयको नेतृत्व प्रणालीमा सुधार गरी सूचना प्रविधिमा आधारित व्यवस्थापन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गर्ने पाटो पनि योजनाको मुख्य रणनीतिका विषय बनेका छन् । त्यसैगरी योजनामा आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि विद्यालयको शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत एवं मानवीय श्रोत व्यवस्थापन गर्ने र शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कार्यसँग सम्बन्धित कार्यक्रमहरू पनि समावेश गरिएका छन् ।

शिक्षाको क्षेत्रमा आगामी १० वर्षको गन्तव्य तय गर्दै दश वर्षीय शिक्षा क्षेत्र योजना निर्माण गरिएको हो । गुर्भाकोट नगरपालिकाको आवधिक दश वर्षीय शिक्षा क्षेत्र योजना निर्माणको तयारी गरेसँगै कोभिड-१९ को प्रकोप सुरु हुनाले यो कार्यले गति लिन केही समय लागेको थियो । सीमित स्रोत र साधनको प्रयोग गरेर तथा दूरीमा रही सञ्चार गर्ने विभिन्न वैकल्पिक माध्यम समेत प्रयोग गरी योजना निर्माण प्रक्रियालाई अगाडि बढाउनका लागि नगरपालिकाको सामाजिक विकास सिमितिका पुर्व संयोजक चित्र बहादुर रेग्मीको संयोजकत्वमा नौ सदस्यीय शिक्षा योजना निर्माण कार्यदल गठन गरी जिम्मेवारी विभाजन गरिएको थियो । योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट भएको थियो । योजना निर्माणका लागि सरोकारवालाहरूसँग व्यापक छलफल र अन्तरक्रिया गरिएको थियो । योजनालाई शिक्षा सम्वन्धी सरोकारवालाहरुको वैठक, नगर शिक्षा समिति, नगर कार्यपालिकाको बैठकमा समेत छलफल गरी अन्तमा नगरसभाबाट स्वीकृत गरिएको थियो ।

# परिच्छेद १
# परिचय

## १.१पृष्ठभूमि

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । उक्त धाराको उपधारा १ले प्रत्येक नागरिकलाई अधारभूत शिक्षामा पहुँचको हक हुने ,उपधारा २ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने , उपधारा ३ मा अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने,उपधारा ४ मा दृष्टिविहिन नागरिकलाइ ब्रेल लिपि तथ बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साँस्कृतिक भाषाको माध्यमबाट कानुन बमोजिम निशुल्क शिक्षा पाउने हक हुने र उपधारा ५ मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसको लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने हक धारा ३८ मा उल्लेखित महिलाको हकको उपधारा ५ मा महिलालाई शिक्षा ,स्वास्थ्य ,रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने र धारा ४० मा उल्लेखित दलितको  हक अन्तर्गत उपधारा २ मा दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षा सम्म कानुन बमोजिम छात्रवृत्ति सहित निशुल्क शिक्षाको व्यवस्था गरिने छ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिने छ ।

दिगो विकासको लक्ष्य नं ४ मा समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गर्ने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ । नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था उल्लेख गरिएको छ । यसै गरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय तहलाई माध्यामिक र आधारभूत विद्यालय सम्बन्धि २३ वटा अधिकारहरू प्रदान गरिएको छ । जसको बुँदा नं १ मा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन,मापदण्ड, योजना तर्जुमा,कार्यान्वियन, अनुगमन,मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख छ ।

शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९मा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ ।सङ्घीय सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ । यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्म अनुसार स्थानीय तहको शिक्षालाई सुव्यवस्थित बनाउन, गुणस्तरीय र समावेशी, समतामूलक शिक्षा सबै नागरिकलाई प्रदान गरी सुखी नेपाली सम्वृद्ध नेपालको नारालाई साकार पार्न नगरपालिकाले शिक्षा योजना २०७८ तयार गरेको छ । यसका साथै नगरपालिका  अन्तरगतका शिक्षा सम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठिहरू सञ्चालन गरी शिक्षा सम्बन्धी सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्येक्ष सहभागितामा यो योजना तयार गरिएको हो । यस योजनामा व्यवस्था गरिएका सबै कुराहरू कार्यान्वयन गर्न शिक्षा सम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्वपूर्ण भूमिका रहनेछ । यसमा भएका व्यवस्थाहरूलाई आ-आफ्नो क्षेत्रमा लागू गर्नु सबै  नागरिकको कर्तव्य रहनेछ । गुणस्तरीय शिक्षाको विकास गरी सिपयुक्त नागरिक तयार गर्न र समृद्ध नगरपालिकाको रुपमा विकास गर्न यो नीतिले उल्लेख्य भूमिका खेलेको छ ।

### १.१.१ अवधारणा

नेपालको संविधानमा उल्लेखित मौलिक हक अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । उक्त धाराको उपधारा १ ले प्रत्येक नागरिकलाई अधारभूत शिक्षामा पहुँचको हक हुने ,उपधारा २ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने , उपधारा ३ मा अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने,उपधारा ४ मा दृष्टिविहिन नागरिकलाइ ब्रेल लिपि तथा बहिरा र स्वर वा बेलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साँकेतिक भाषाको माध्यमबाट कानुन बमेजिम निशुल्क शिक्षा पाउने हक हुने र उपधारा ५ मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसको लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने हक धारा ३८ मा उल्लेखित महिलाको हकको उपधारा ५ मा महिलालाई शिक्षा ,स्वास्थ्य ,रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका अधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने र धारा ४० मा उल्लेखित दलितको हक अन्तर्गत उपधारा २ मा दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षा सम्म कानुन बमोजिम छात्रवृत्ति सहित निशुल्क शिक्षाको  व्यवस्था गरिने छ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिने छ जस्ता मौलिक हकहरू सविधानले प्रदत्त गरेको छ

नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधारका निमित्त विगतमा सात वर्षे विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो । यस योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन तथा शिक्षाका नवीन कार्यक्रमहरूको प्रस्तावसहित २०७३ साउनदेखि २०८० असार (सन् २०१६ जुलाईदेखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना निर्माण गरिएको छ । योजनाको प्रथम पाँच वर्ष २०७३ साउनदेखि २०७८ असार (सन् २०१६ देखि २०२१) सम्मका लागि स्रोत सहितको कार्ययोजना तयार गरिएको थियो । वि.सं. २०७९ (सन् २०२२) सम्ममा नेपाललाई विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय दूरदृष्टिलाई आत्मसात् गर्दै शिक्षा मन्त्रालयको नेतृत्वमा सहभागितामूलक पद्धतिबाट यस योजनाको तर्जुमा गरिएको हो । दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ (सन् २०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने महत्वपूर्ण साधनका रूपमा पनि यस योजनालाई हेरिएको छ । साविकका उपलब्धि, सिकिएका पाठहरू तथा सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (सन् २००१–२०१५) अन्तर्गत सञ्चालन गरिएका सबैका लागि शिक्षा कार्यक्रम (सन् २००४–२००९) र विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९–२०१६) का एकीकृत कार्यसूचीहरू यस योजनाका प्रमुख मार्गदर्शक हुन् । राष्ट्रिय शिक्षा नीति,२०७६ ले नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षा सम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँट, मुलुकको आर्थिक–सामाजिक रुपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्य प्रति नेपालको प्रतिबद्धता, पन्ध्रौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मूल आधार मानिएको छ । शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन यो नयाँ शिक्षा नीति आवश्यक पर्दछ ।सङ्घीय ढाँचा अनुरुप सरकारका तीन वटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढङ्गले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकूल शिक्षा नीतिको जरुरत पर्दछ । शिक्षा क्षेत्रका नीतिहरूलाई एकीकृत र संहिताबद्ध गरी एकीकृत राष्ट्रिय शिक्षा नीतिको खाँचो पूरा गर्ने ध्येयले यो राष्ट्रिय शिक्षा नीति तर्जुमा गर्नु परेको कुरा उल्लेख गरेको छ ।

अनिवार्य तथा नि: शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभतू मानव अधिकार एवं संविधानमा प्रदत्त मैलिक हकलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मखु राष्ट्र निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गरी शिक्षालाई सर्वव्यापी जीवनोयोगी, प्रतिस्पर्धा एवं गुणस्तरीय बनाउनका लागि अनिवार्य र नि:शुल्क शिक्षाको व्यवस्था गरेको र यस सम्बन्धी नियमावली, २०७७ ले परिच्छेद -६ सम्म व्यवस्था गरेको छ ।

दिगो विकासको लक्ष्य २०३० मा शिक्षा सम्बन्धी लक्ष्य ४ मा समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्न दिगो विकास लक्ष्य ४ अन्तर्गत निम्न उपलक्ष्यहरु तय गरिएको छ ।

(क) सन् २०३० सम्ममा सबै छात्रछात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकून् भन्ने उद्देश्यले नि:शुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने,

(ख) सबै छात्रछात्राहरूलाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्व प्राथमिक शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्ने,

(ग) क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक, व्यावसायिक र विश्वविद्यालय सम्मकै शिक्षामा सबै महिला र पुरुषहरूको समान पहुँचको सुनिश्चितता गर्ने,

(घ) रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सिप र दक्षता भएका युवा र वयस्कहरूको सङ्ख्या वृद्धि गर्ने र

(ङ) शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने र कमजोर अवस्थामा रहेका मानिसहरूको लागि शिक्षा र व्यावसायिक तालिमका सबै तहहरूमा समान पहुँचको सुनिश्चितता गर्ने जस्ता परिमाणात्मक लक्ष्य राखेको छ ।यसरी शिक्षाको समग्र विकासका लागि विभिन्न क्षेत्रसँग सहकार्य गर्दै स्थानीय तहको जनशक्ति र आवश्यकतालाई समेटी कार्यन्वयन गर्दा अझ प्रभावकारी हुने देखिन्छ ।

१.१.२ सन्दर्भ

२०७२ मा निर्मित नेपालको संविधान,स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकार सञ्चालनका लागि अधिकार प्रत्यायोजन गरेको छ । सोही अनुसार अधारभूत शिक्षा र माद्यामिक शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्र भित्र परेकोले शैक्षिक योजना बनाइ सोको कार्यान्वियन गर्न आवश्यक देखिएको हुनाले स्थानीय सरकार सञ्चालन ऐन भित्र पर्ने शिक्षा सम्बन्धी २३ वटा अधिकार व्यवस्था गरेको छ ।

मानव विकास सूचाङ्क प्रतिवेदन २०२१ का अनुसार १४७ औं स्थानबाट १ सय ४३ औं स्थानमा उक्लिएको छ । ।नेपाल भन्दा पछि ४६ वटा देश छन् । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी)ले नेपालको मानव विकास सूचाङ्कको अवस्था मध्यम रहेको बताएको छ ।दक्षिण एसियामा नेपाल छैठौं स्थानमा छ । सन् २०२१ मा पहिलो स्थानमा श्रीलङ्का  दोस्रोमा माल्दिभ्स, तेस्रोमा भुटान, चौथोमा भारत र पाँचौंमा बङ्गलादेश थिए । पाकिस्तान र अफगानिस्तान नेपाल भन्दा पछि छन् । दक्षिण एसियमा पहिलो स्थानमा रहेको श्रीलङ्का ७२औं स्थानमा छ।

नेपालमा सयभन्दा बढी जातजाति र भाषाभाषी, विविध धर्मावलम्बी र संस्कृति छन् । नेपालमा भौगोलिक,सांस्कृतिक र सामाजिक विविधता रहेको छ । विधितामा एकता नेपाली समाजको विशेषता हो । विविधताको सौन्दर्यतालाई राष्ट्रिय भावनामा बदल्न सके मात्र विविधताले सकारात्मक परिणाम दिन सक्ने भएकाले यसको व्यवस्थापन अहिलेको आवश्यकता हो । विविधता नेपाल राज्यको मौलिक पहिचान हो । यसैले विविधताको व्यवस्थापन नेपालको सन्दर्भमा समेत अत्यावश्यक बन्ने गरेको छ ।

## गुर्भाकोट नगरपालिकाको परिचय

## ऐतिहासिक पृष्ठभूमी

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेत देखि पूर्वी भेगमा शिक्षाको उद्गम स्थलको रुपमा रहेको गुर्भाकोट नगरपालिका शैक्षिक दृष्टिकोणले उर्वर भूमि रहेको छ । मानव जीवनको सर्वाङ्गीण विकासको मेरुदण्डको रुपमा रहेको शिक्षालाई जिवनोपयोगी बनाउन यस गुर्भाकोट नगरपालिकाका शिक्षा प्रेमीका लागि विगतका दिनमा फलामको चिउरा चपाए सरह हुने गर्दथ्यो । नेपालमा वि.सं.२००७ सालमा

प्रजातन्त्र बहाली हुँदा नेपालको साक्षरता प्रतिशत २ रहेको अवस्थामा जनताको चेतनास्तर वृद्धि गर्नका लागि शिक्षा क्षेत्रको विकास अपरिहार्य छ भन्ने कुराको मनन गर्दै तत्कालीन शिक्षा प्रेमी अगुवाहरूले सुर्खेतको विरेन्द्रनगर स्थित जन मा.वि.वीरेन्द्रनगरसँग सँगै हालको गुर्भाकोट नगरपालिका सैयाँमा रहेको आनन्द मा.वि. गुमीको स्थापनाको पहल गरेको पाइन्छ । शुरुमा साविक गुमी गा.वि.स.को पण्डितकाल्ना भन्ने ठाउँमा धर्मशालाको रुपमा विद्यालय स्थापना भइ गुरुकुल शिक्षा पद्धती अनुसार पठन पाठन कार्य प्रारम्भ भएकोमा उक्त धर्मशाला वि.सं २०१३ सालमा औपचारिक रुपमा स्वीकृति प्राप्त गरी प्राथमिक स्कूलको रुपमा प्रधानाध्यापक चेतानन्द स्वामी ज्यूले सञ्चालन गर्नुभएको थियो । सुर्खेतमा स्थापना भएका विद्यालयहरू जन मा.वि. वीरेन्द्रनगर, आदर्श मा.वि मेहेलीसँगै आनन्द मा.वि गुमी पनि यस गुर्भाकोट नगरपालिकाको सबै भन्दा जेठो विद्यालयको रुपमा स्थापना भएको थियो । (स्रोत  आनन्द मा.वि. गुमीको विद्यालय सुधार योजना)

त्यस्तै गरी यस नगरपालिका भित्र रहेका साविक गा.वि.स.गुमी, दहचौर, घुमखहरे, धारापानी, मालारानी, सहारे र मेहेलकुनामा शैक्षिक चेतना स्तर वृद्धि गराउने उद्देश्यले वि.सं. २०१८ सालमा तत्कालिन भेरी अञ्चल शिक्षा कार्यालय नेपालगञ्जका अञ्चल शिक्षा अधिकारी रामसिंह ठकुरीबाट स्वीकृति लिइ मिडिल स्कूलको रुपमा सञ्चालन भएको हालको सैयाँ स्थित आनन्द मा.वि. गुमी वि.सं.२०२४ सालमा तत्कालीन अञ्चल शिक्षा अधिकारी बद्रिमान अमात्यबाट हाइस्कूलको स्वीकृति प्राप्त गरेको थियो । गुमीको फाँटमा औलो उन्मुलन पश्चात यस विद्यालयलाई पण्डित काल्नाबाट हालको ठाउँ (सैया) सारेर सञ्चालन गरिएको थियो । त्यस्तै गरि साविक मालारानी गा वि सको फलाँटे भन्ने ठाउँमा पनि वि.सं. २०११ सालमा जनस्तरको पहलमा विद्यालय स्थापना गरिएको थियो तर वि.सं. २०१५ सालको राजनीतिक परिवर्तन पश्चात उक्त विद्यालय बन्द गरिएको थियो र नयाँ शिक्षा योजना २०२८ पछि फेरि सञ्चालनमा आएको थियो । हाल श्री ने.रा.आ.वि. राम्रीकाँडाको नामबाट सञ्चालन भइरहेको विद्यालय साविक मालारानी गा.वि.स.को राम्रीकाँडा दहमा वि.सं.२०२० सालमा सरकारबाट अनुदान प्राप्त गरी सञ्चालन गरिएको थियो । स्रोत ः आनन्द मा.वि. गुमीको विद्यालय सुधार योजना

शिक्षा विना मानव जीवन जटिल हुने कुरालाई मध्यनजर गरी तत्कालीन समुदायका अगुवाहरूले साविक सहारे गा.वि.स.मा जनसेवा प्रा.वि. सहारेको नाममा वि.सं. २०१८ सालमा औपचारिक स्वीकृति प्राप्त गरी सञ्चालन गरियो । यस क्षेत्रकै पहिलो विद्यालयको रुपमा वि.सं. २०६७ सालमा यस विद्यालयलाई कक्षा १—८ र ९—१२ अलग अलग प्रशासनिक रुपमा छुट्ट्याएर पठन पाठन गर्न थालिएको थियो । हाइस्कूलको अनुमति प्राप्त गरेपछि आनन्द मा.वि. गुमीमा गुर्भाकोट लगायत क्षेत्रका विद्यार्थीहरू यहाँ आएर पढ्न थालेको पाइन्छ । तत्कालीन सरकारले वार्षिक रु.८०० अनुदान दिएर सञ्चालन गरिने विद्यालयलाई सरकारी विद्यालय र जनस्तरबाट सञ्चालित तर सरकारी अनुदान प्राप्त नगर्ने विद्यालयलाई उक्त समयमा निजी विद्यालय भन्ने गरिन्थ्यो । हाल गुर्भाकोटमा रहनु भएका अधिकांश बुद्धिजीवी, शिक्षाविद्,प्रधानाध्यापक लगायतका व्यक्तित्वहरू आनन्द मा.वि. गुमीमा अध्ययन गरेको पाइन्छ । नयाँ शिक्षा योजना २०२८ घोषणा भइ सकेपछि सुर्खेत जिल्लामा वि.सं. २०३० सालपछि धमाधम विद्यालयहरू सञ्चालन हुन थालेका थिए । त्यसै क्रममा वि.सं. २०२७ मा मेहेलकुना,२०३० सालपछि सहारे स्थित भालुखोला, पोखरीपाटा,घुमखहरे र बडाखोलीमा विद्यालयहरू स्थापना भएको पाइन्छ । कक्षा १० सञ्चालन भएका विद्यालयहरूमा उच्च मा.वि. सञ्चालन गर्नु पर्ने समयको मागलाई आत्मसात गर्दै वि.सं.२०४९ सालमा तत्कालिन उच्च माध्यमिक शिक्षा परिषदबाट अस्थायी स्वीकृति प्राप्त गरी आनन्द मा.वि.गुमीले शिक्षा शास्त्र संकायका कक्षाहरू सञ्चालन गरेको थियो । तत्पश्चात जनसेवा मा. वि. सहारे,

भेरी मा.वि.घुमखहरे, सूर्य ज्योति मा.वि. मेहेलकुना, जनज्ञान भण्डार मा.वि.कोटखोला मालारानी र ने.रा.मा.वि.बडाखोलीमा पनि विभिन्न मितिमा क्रमश अस्थायी अनुमति प्राप्त गरी विभिन्न संकायका कक्षाहरू सञ्चालन भइरहेका छन् ।

गुर्भाकोट नगरपालिका क्षेत्रमा शिक्षा आर्जन गर्ने विद्यार्थीहरूलाई कक्षा १२ सम्मको शिक्षाको पहुँच सर्वसुलभ र सहज भइसकेपछि उच्च शिक्षामा पहुँच बढाउन साविक गुमी गा.वि.स.स्थित आनन्द मा.वि.गुमीको नजिकमा वि.सं. २०६४ साल देखि भेरी शिक्षा क्याम्पस स्थापना गरिएको थियो भने त्यस पछि धार्मिक महोत्सव आयोजना पश्चात संकलित रकम र साविक सहारे गा.वि.स. को आर्थिक सहयोग प्राप्त गरी सहारेको पातिहाल्नामा गुर्भाकोट बहुमुखी क्याम्पस सञ्चालन गरी शिक्षा शास्त्र संकाय तर्फ वि.एड.का कक्षाहरू अध्ययन अध्यापन भइरहेको छ । गुर्भाकोट नगरपालिकामा अँग्रेजी माध्यममा शिक्षा प्राप्त गराउने अभिभावकको अभिलाशालाई पूरा गर्नका लागी २०४५ सालमा प्रथम पटक साविक गुमी गा.वि.स. मा शिव इ मि.बो.स्कूल स्थापना भएको थियो । त्यसै गरी २०६३ सालमा साविक मेहेलकुना गा.वि.स.मा देउती इ.मि.बो. स्कूल र वालदिप युनाईटेड वोडिङ्ग स्कूल स्थापना गरिएको थियो । त्यस्तै गरी वि.सं.२०७० सालमा नेपाल सरकारको प्रत्येक पालिकामा कम्तिमा १ प्राविधिक विद्यालय स्थापना गर्ने नीति अनुसार ने.रा.मा.वि.बडाखोलीमा बाली विज्ञान विषयमा कक्षा ९—१२ मा प्राविधिक धारका कक्षा सञ्चालन भइरहेका छन् । साथै वि.सं. २०७४ मा यस पालिकामा ने.रा.मा.वि बडाखोलीलाई नमूना विद्यालयका रुपमा विकास गर्न घोषणा गरी नमूना विद्यालय सञ्चालन भइ रहेको छ । यसरी गुर्भाकोट नगरपालिका क्षेत्रमा वि.सं. २००७ देखि हाल सम्म शिक्षा क्षेत्रको विकासमा यस क्षेत्रका राजनैतिक नेतृत्व तथा सरोकारवालाहरूको अतुलनीय योगदानलाई समाजले सधैं सम्झिरहने छ ।

**गुर्भाकोट नगरपालिकाको इतिहास**

नेपालको अति सुन्दर प्रदेश कर्णाली प्रदेशको राजधानी सुर्खेत जिल्लाको वीरेन्द्रनगरदेखि करिब ३० कि.मी. पूर्वमा रहेको गुर्भाकोट नगरपालिका स्थापनाको आधारमा तेस्रो नगरपालिका हो । वि.सं. २०७२ साल असोजमा साविकका दहचौर, गुमी, घुमखहरे र मेहेलकुना गा.वि.स.लाई मिलाएर शुभाघाट गंगामाला नगरपालिका नामाकरण गरिएको यस नगरपालिकालाई पुन साविकका सहारे, मालारानी र धारापानी गा.वि.स.हरुलाई समेटेर मिति २०७३ कार्तिक १९ गतेको प्राविधिक समितिको निर्णयअनुसार २०७३ फाल्गुण २७ गते घोषणा भए बमोजिम शुभाघाट गंगामालाको नाम परिवर्तन गरी १४ वटा वडाहरू कायम गरी सो समितिको सिफारिस अनुसार यस नगरपालिकाको नाम यस क्षेत्रको ऐतिहासिक महत्व बोकेको ठाउँ कोटको थुम्काको नामबाट गुर्भाकोट नगरपालिका रहन गएको हो ।

**भौगोलिक अवस्था**

महाभारत श्रृंखला देखि दक्षिण र चुरे पर्वत क्षेत्र देखि उत्तरमा रहेको यस गुर्भाकोट नगरपालिका विश्व मान चित्रमा अक्षांश २८.५३'उत्तर सम्म र देशान्तर ८१. ८१देखि ८१.९९'पूर्व सम्म फैलिएको छ । गुर्भाकोट नगरपालिकाको क्षेत्रफल २२८.६० वर्ग किलो मिटर रहेको छ । समुन्द्रि सतह देखि १२०० मि. समथर फाँट देखि करिव २५०० मि. उचाइमा रहेकोभोटेचुली (गुमीचुली) सम्मको सतह गुर्भाकोट नगरपालिका भित्र पर्दछ । गुर्भाकोट नगरपालिकाको उत्तर तर्फ गुर्भाकोट नगरपालिका,पश्चिम तर्फ लेकवेशी र भेरी गंगा

नगरपालिका,दक्षिणमा सल्यान जिल्लाको कालीमाटी गाँउपालिका र पूर्वमा सल्यान जिल्लाकै कुपिण्डे बनगाड नगरपालिका पर्दछ ।

भू धरातलीय हिसाबले उत्तर र पूर्व देखि दक्षिण र पश्चिम तर्फ ओरालो हुदै भएको यस नगरपालिकाका १४ वटा वडाहरू मध्ये ७, ८ र १३ वडा समथर छन् भने २, ४, ६, ९, १० वडाहरू भौगोलिक रुपमा आंसिक विकट छन् भने बाँकि १, ३, ५, ११, १२, १४ गरी ६ वटा वडाहरू अन्य वडाहरूको तुलनामा विकट छन् । गुर्भाकोट नगरपालिकाको हावापानी समशितोष्ण किसिमको भएता पनि उच्च भुभागमा हिउँदमा अत्यन्तै जाडो हुने गर्दछ भने भेरी नदीको किनारमा हिउँदमा बाक्लो कुहिरो लागेर चिसो हुने र गर्मीमा असाध्यै गर्मी हुने गर्दछ ।

**सामाजिक संरचना र अवस्था**

गुर्भाकोट नगरपालिका विभिन्न जातजातिहरूको संगम स्थलको रुपमा रहेको छ । यहाँ बसोबास गर्ने जातिहरू ब्राम्हण, क्षेत्री, गुरुङ्ग¨, मगर, कामी, दमाई, सार्की, सुनार, बादी, राजी, बोटे, ठकुरी कुसुण्डा आदि रहेका छन् । अन्य जातिहरूको तुलनामा मगर र दलितको बाहुल्यता रहेको यस नगरपालिकामा २०६८को जनगणना अनुसार ४३ हजार ७ सय ६५ रहेको छ । जस मध्ये पुरुषको संख्या १९ हजार ८ सय ८२ र महिलाको संख्या २३ हजार ८ सय ८३ रहेको गुर्भाकोट नगरपालिकामा अधिकांश मानिसहरुले हिन्दु धर्म मान्दछन् भने केहि मानिसहरूले इसाई तथा बौद्ध धर्म पनि मान्दछन् । हिन्दु धर्म मान्ने मानिसहरू कोहि मन्दिरमा गएर, कोहि घरमै तुल्सीको मठ, भगवानको तस्विर,मूर्तिलाई पूजापाठ गर्दछन् भने अधिकांशले देउती बज्यैलाई धुमधामले पूजाआजा गर्दछन् भने इसाई धर्मावलम्वीहरूले शनिबार चर्चमा भेला भएर यशुको प्रार्थाना गर्दछन् ।

**संस्कार र संस्कृति**

गुर्भाकोट नगर क्षेत्रका हिन्दु धर्मावलम्वीहरूले दशै, तिहार,माघे सक्रान्ति, फागु पूर्णिमा, चैते दशै, तीज, पञ्चमी, जन्माष्ठमी, शिवरात्री, साउने सक्रान्ती, वसन्त पञ्चमी, नाग पञ्चमी, जनै पूर्णिमा, ल्होसार पर्व र इसाई धर्मावलम्वीहरूले क्रिसमस डे लाई धुमधामका साथ मनाउँदछन् । मारुनी नाच,गर्रा नाच, पैसेरी नाच, लाठी नाच,झ्याउरे नाच तथा लोक नृत्य यस नगर क्षेत्रका प्रमुख नृत्यहरू हुन् भने यस क्षेत्रमा शुभाघाटको जात्रा,खरीगैराको जात्रा, सैँयाको जात्रा, बोटेचौरको जात्रा, आदि प्रमुख जात्राहरू हुन् । परम्परागत भेषभूषाको रुपमा महिलाले गुन्यु चोली,पुरुषले दौरा सुरुवाल ,कोट, टोपी लगाउने गरेता पनि अधिकांश ठाउँमा शहरीया भेषभूषाको प्रभाव बढ्न थालेको छ । खानामा दाल भात, रोटी, तरकारी, दही, घ्यू, ढिडो, माछा, मासु प्रमुख छन् । यस नगर क्षेत्रमा जन्म, मृत्यु, विहावारी आदिमा धार्मिक तथा सामाजिक परम्परा अनुसार कार्य गर्ने गरिन्छ ।

**राजनैतिक प्रशासनिक विभाजन**

कर्णाली प्रदेश, सुर्खेत जिल्ला देखि पूर्व क्षेत्रमा अवस्थित यो नगरपालिका यस जिल्लाको तेस्रो नगरपालिका हो । साविकका दहचौर, गुमी, घुमखहरे र मेहेलकुना गा.वि.स. मिलि तत्कालिन शुभाघाट गंगमाला नगरपालिका वि .स .२०७२ असोजमा बेनेको थियो भने यसमा साविकका सहारे, मालारानी र धारापानी गा.वि.स. थप गरी २०७३ फागुन २७ गुर्भाकोट नगरपालिका घोषणा भएको हो । नगरपालिकाको नाम गुर्भाकोट नामाकरण गर्नुमा यस क्षेत्रको एतिहासिक बाइसे राज्यको रुपमा रहेको गुर्भाकोट हो । प्रारम्भमा

सल्यान जिल्ला रहे पनि यो क्षेत्र २०१८ सालको १४ अंचल ७५ जिल्ला विभाजन पछि सुर्खेत जिल्लामा गाभिन पुगेको हो । यस नगरपालिकाको पूर्वमा सिम्ता गाउँपालिका र सल्यान जिल्ला, पश्चिममा भेरीगंगा नगरपालिका ,दक्षिणमा सल्यान जिल्ला र उत्तरमा लेकवेशी नगरपालिका रहेको छ ।

**आर्थिक स्थिति**

क) कृषि

गुर्भाकोट नगरक्षेत्रको प्रमुख पेशा कृषि हो त्यसैले अधिकांशले खेतीपातीको काम, पशुपालन, आदि गर्दछन । यहाँको बालीहरूमा धान, गहु", मकै, कोदो, जौ, तोरी आदि हुन भने पशुपालनमा गाई, भैसी, भेडा, बाख्रा, वंगुर, सुगुर आदि रहेको छन् । त्यस्तैगरी कुखुरापालन, मौरीपालन पनि व्यवसायको रुपमा राम्रै फस्टाएको देखिन्छ । भेरी नदी, गोचे खोला, खैरेनीखोला, बेतेनी खोला, सिमखोला आदि सिंचाइका मुख्य स्रोतका रुपमा रहेका छन् । भेरी नदीको पानीलाई लिफ्□ट प्रविधिबाट किनाराका जमिन सिंचाई गर्न थालेको पनि २ वर्ष भएको छ भने अन्य खोलाहरूबाट कुलो स्तरोन्नति गरी सिंचाईको व्यवस्था गरिएको र किसानहरूले तरकारी खेती व्यवसायको रुपमा गरेका छन् जसको कारण गुर्भाकोट नगरपालिका तरकारी जन्य वस्तुमा आत्मनिर्भर भएता पनि सबै वडाहरूमा पर्याप्त मात्रामा सिंचाई हुन नसकेर अधिकांश फाटहरु हिउँदे तथा वर्षामा समेत आकासे पानीको भर पर्नु परेको र सुख्खा अवस्था रहेको देखिन्छ । यहाँका अधिकांश किसानहरूले परम्परागत कृषिका सामग्री प्रयोग गर्नुको साथसाथै उनीहरूको जग्गा जमिन अपर्याप्त भएकाले जीवन निर्वाह गर्न समेत मुस्किल परेको छ ।

ख) नोकरी

गुर्भाकोट नगरपालिकमा कृषि पछिको दोस्रो प्रमुख पेशाका रुपमा वैदेशिक रोजगार रहेको छ । धेरै जसो युवा तथा वयस्क पुरुषहरू र केही महिलाहरू वैदेशिक रोजगार अन्तर्गत खाडी मुलुक र समुन्द्र पारका मूलुकहरूमा जाने गर्दछन् भने अधिकांश मानिसहरू भारतमा नोकरी तथा ज्यालादारी काम गरी कमाइ गरेर अपुग जीवन निर्वाह गरिरहेका छन् । चाडपर्व मान्दा वा खेतीपाती गर्दा घरमा आउने र अन्य समयमा सपरिवार भारतमा कामको खोजीमा जाने संख्या पनि गुर्भाकोट नगरपालिकामा अत्याधिक मात्रामा रहेको छ । त्यस पछि तेस्रो पेशाको रुपमा नोकरी पर्दछ । यहाँका मानिसहरू नेपाली सेना, भारतीय सेना,बेलायती सेना नेपाल प्रहरी सेवा, शिक्षण सेवा तथा केही मात्रामा निजामती सेवामा रहेका छन् ।

ग) उद्योग एवम् व्यापार

गुर्भाकोट नगरपालिका क्षेत्रमा उद्योग सञ्चालनका लागि श्रोत साधन केही मात्रामा उपलब्ध भएतापनि ठूला तथा मझौला उद्योगहरू स्थापना भएका छैनन् । सामान्यतया साना तथा घरेलु कुटिर उद्योगहरू सञ्चालन गरी केही परम्परागत वस्तुहरू उत्पादन गर्ने र स्थानीय स्तरमा ठूला साना विभिन्न प्रकारका पसलहरू खोलेर आय आर्जनमा टेवा पुर्याएको देखिन्छ । यस नगरपालिकाका प्रमुख व्यापारिक केन्द्रहरु बोटेचौर, मेहेलकुना, कृष्णनगर, शिवनगर, गैरीबजार, खरीगैरा, वडाखोली आदि आर्थिक केन्द्रका रुपमा रहेका छन् ।

कुनैपनि ठाउँको विकासको लागि उपलब्ध विकासका पूर्वाधारहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यहाँको विकासको पूर्वाधारको रुपमा वनजंगल, खोलानाला, खानेपानी, विद्युत, सञ्चार, सडक, स्वास्थ्य सेवा तथा विद्यालय आदि रहेका छन् । वनजंगलबाट जडिबुटी, फर्निचर तथा अन्य निर्माणका लागि आवश्यक काठहरू प्राप्त गर्न सकिन्छ । खोलानालाबाट आवश्यक ढुङ्गा, गिट्टी, बालुवा, सिचाई र खानेपानीको लागि पानी प्राप्त गर्न सकिन्छ भने सडकहरूमा गाडीहरूबाट सामान ढुवानी तथा आवतजावत गर्न सजिलो भएको छ । यस्तै गरी शहरी स्वास्थ्य केन्द्र तथा स्थानीय स्तरमा सञ्चालित मेडिकल तथा एग्रोभेटहरूले मानिस तथा चौपाया, पंक्षी आदिको स्वास्थ्य सुधारमा टेवा पुर्याईरहेका छन् भने स्नातक तहसम्मको शिक्षा प्रदान गर्ने २ वटा क्याम्पसहरू पनि सञ्चालित छन् । गुर्भाकोट नगरपालिकामा मुख्य सडक संजालको कार्यलाई मुख्य प्राथमिकतामा राखेर थोरै समयमा सडक सञ्जाल गुर्भाकोट नगरपालिकाको सबै वडामा जोडिसकेको छ । यस नगरपालिकालाई छिन्चु जाजरकोट सडक, मदनभण्डारी राजमार्ग, सर्खेत दाङ सडक लगायतका राष्ट्रिय राजमार्गहरूले छोएका छन् भने सहायक मार्गहरू गुर्भाकोट सडकहरू, रहेका छन् ।

**धार्मिक ऐतिहासिक स्थलहरू**

यस नगरपालिका भित्रका प्रमुख पर्यटकीय क्षेत्र स्थलहरूमा भोटेचुली, जुरीचूला, देउतीबज्यै मन्दिर, खटाङ् क्षेत्र, मालारानी गुफा, धारापानी गुफा, राम्रीकाँडाको दह हुन् भने दूर्बिनडाँडा, सैयाताल, फलाटे स्मारक र कोट सहायक पर्यटकीय स्थलहरू हुन् । भेरी नदी, गोचे खोला, सिमखोला, कुर्मीखोला, बेतेनीखोला, आदि यस नगरपालिकाका मुख्य जलस्रोतका रुपमा रहेका छन् ।

### १.१.३ शिक्षा क्षेत्रको समग्र विश्लेषण

- देश विकासका सबै भन्दा महत्वपूर्ण पूर्वाधार शिक्षा रहेको हुन्छ । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी असल योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ । जुन जनशक्ति राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि महत्वपूर्ण हुन्छ । देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । “समृद्ध नेपाल, सुखी नेपाली” हाम्रो राष्ट्रिय आकाङ्क्षा र अठोट हो । सिपमूलक, वैज्ञानिक, व्यवहारिक एवं गुणस्तरीय शिक्षा समृद्ध नेपालको आधारशीला हो । मुलुकको सर्वाङ्गीण विकासको मूल आधार शिक्षा नै भएकाले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहूँच स्थापित गर्नु आजको आवश्यकता हो ।नेपालको संविधानको धारा ३१ उल्लेखित शिक्षा सम्बन्धी हकले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहूँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने,अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने ,धारा ३८ मा उल्लेखित महिलाको हकको उपधारा ५ मा महिलालाई शिक्षा ,स्वास्थ्य ,रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने र धारा ४० मा उल्लेखित दलितको हक अन्तर्गत उपधारा २ मा दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षा सम्म कानुन बमोजिम छात्रवृत्ति सहित निशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ ,जस्ता शिक्षाको प्रावधानलाई मौलिक हकको प्रत्याभूत गरेको छ । यो संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न सुदृढ राष्ट्रिय शिक्षा प्रणालीको विकास जरुरी

भएको छ ।मुलुकको समग्र विकासको दृष्टिकोण तथा प्राथमिकता स्पष्ट रुपमा निर्धारण गर्ने लक्ष्य,उद्देश्य,नीति,रणनीति,कार्यनीति र कार्यक्रमहरू तर्जुमा गरिन्छ ।राष्ट्रको शैक्षिक विकासको दृष्टिकोण र कार्यदिशा शिक्षा नीति मार्फत प्रतिविम्बित हुने गर्दछ । कुनै पनि देशको शिक्षा नीतिले आफ्नो राष्ट्रिय विकासका प्राथमिकताहरूलाई सम्बोधन गर्ने प्रयास गरेको हुन्छ । यसै परिप्रेक्ष्यमा नेपाल सरकारले सङ्घीय संरचना अनुरुप शिक्षा क्षेत्रको मार्गदर्शक नीतिका रुपमा यो राष्ट्रिय शिक्षा नीति २०७६ तर्जुमा गरेको छ ।

- शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिप मूलक, रोजगार मूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाइ क्रमशः निःशुल्क बनाउँदै लैजाने, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति नेपालको संविधानमा उल्लेख छ ।
- उमेर समूह अनुसार प्रारम्भिक बाल शिक्षाका लागि ४ वर्ष देखि ५ वर्ष मुनि, कक्षा १-५ का लागि ५-९ वर्ष, कक्षा ६-८ का लागि १०-१२ वर्ष र माध्यमिक तह कक्षा (९-१२) का लागि १३-१६ वर्ष तोकिएको छ ।
- नेपाल सरकारले तोकेको शर्त तथा मापदण्ड पालना गर्ने गरी स्थानीय तहको अनुमति वा स्वीकृतिमा सरकारी, गैर सरकारी,सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पूर्वाधार युक्त प्रारम्भिक बालविकास कक्षा र बाल विकास तथा स्याहार केन्द्रको व्यवस्थापन गरी बालविकास कार्यक्रम सञ्चालन गर्न नीतिगत प्रबन्ध गर्ने प्रारम्भिक बाल शिक्षाको नीति रहेको छ ।
- सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न पहूँच र सहभागिता, संस्थागत क्षमता र गुणस्तर अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालय सेवा क्षेत्र सम्बन्धी मापदण्ड तथा कार्य विधि तयार पारी सोका आधारमा सबै प्रकारका आधारभूत विद्यालयहरूलाई सेवा क्षेत्र (School Zone) को अवधारणा अनुरुप व्यवस्थित गर्ने ।
- आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराइ अध्ययन निरन्तरताको व्यवस्था मिलाउने ।
- माध्यमिक शिक्षाको संरचनागत एकीकरण गरी विविधिकृत विद्यालयहरूको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने माध्यमिक शिक्षाको नीति रहेको छ ।
- माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार गर्नुका साथै विद्यार्थीको रुचि र समाजको आवश्यकता अनुरुप माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर प्रदान गर्ने ।

**<u>विद्यालय शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू</u>**

- सामुदायिक विद्यालयमा अभिभावकहरूको आकर्षण र सलग्नता
- विद्यालय समय बाहिर र विद्यालय बन्दका समयमा बालबालिकाहरूका पढाइमा निरन्तरता
- शिक्षकहरूलाई  पेसागत सहयोग
- निरन्तर विद्यार्थी मूल्याङ्कनको व्यवहारिक कार्यान्वयन
- विषयगत दक्ष शिक्षकको पर्याप्तता
- नवीनतम प्रविधिको पहुँच र उपयोग
- पर्याप्त र सान्दर्भिक शैक्षिक सामग्री उपलब्ध र प्रयोग
- अपाङ्गता भएका बालबालिकाको विद्यालयमा पहुँच
- सबैको हुने तर कसैको नहुने मान्यताको अन्त्य
- साझा अधिकार कार्यान्वयन

- तथ्याङ्क संकलन र विश्लेषण
- विद्यार्थी निरन्तरता
- विपद्को समयमा शिक्षाको निरन्तरता
- विद्यालयहरूमा सिकाइ अदान प्रदान
- पालिका स्तरमा भएका विज्ञ समूह परिचालन
- निरन्तर अनुगमन कोचिग मेन्टरिंग
- कक्षागत ,तहगत र विषयगत शिक्षकहरूके व्यवस्थापन
- विद्यालय कर्रमचारी व्यवस्थापन

**<u>विद्यालय शिक्षा क्षेत्रका मुख्य अवसरहरू</u>**

- आधारभूत तहमा अनिवार्य तथा नि:शुल्क शिक्षा र माध्यमिक तहमा नि:शुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत व्यवस्था
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेका अधिकार
- स्थानीय तहमा शिक्षा क्षेत्रमा सङ्घसंस्थाहरूको क्रियाशीलता
- गुणस्तरीय शिक्षा प्रति अभिभावकहरूको मोह
- विद्यार्थीहरूको खुद भर्ना दरमा वृद्धि
- सकरात्मक लैङ्गिक समता सूचकाङ्क
- शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता
- शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता
- तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य
- मूल्याङ्कन प्रतिवेदन
- कार्यसम्पादनमा आधारित करार

### १.१.४ योजना निर्माण प्रकृया

यस नगरपालिकाको दश वर्षे आवधिक नगर शिक्षा क्षेत्र योजना निर्माणको लागि नगरपालिका क्षेत्रभित्रका सबै पक्ष र तहको सहभागितालाई सुनिश्चित गरिएको छ । शिक्षा क्षेत्र योजना निर्माणको क्रममा शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालयले उपलब्ध गराएको शिक्षा योजना निर्माण मार्गदर्शन ,फारमका विषयमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले पालिकाका जनप्रतिनिधि , कर्मचारी र अन्य सरोकारवालालाई अभिमुखीकरण गरी योजना निर्माण कार्यदल गठन गरी योजना निर्माणका लागि जिम्मेवारी विभाजन गरी तपसिल बमोजिमको प्रकृया अवलम्बन गरिएको छ ।

- प्रारम्भिक कक्षा पढाइ कार्यक्रम दोश्रोको प्राविधिक सहयोगमा पालिकाका पदाधिकारी र शिक्षा शाखाका कर्मचारीलाई शिक्षा योजना, पार्श्व चित्रको संरचना, कार्यदल, यसको काम, कर्तव्यका विषयमा अभिमुखीकरण
- प्राविधिक कार्यदलबाट शिक्षा योजना निर्माणको लागि जिम्मेवारी बाँडपाँड ,योजना निर्माणको लागि पालिकाबाट बजेट विनियोजन गरिएको,
- गुर्भाकोट नगरपालिकाको दश वर्षे शिक्षा क्षेत्र योजना निर्माणका लागि नगरपालिकाका सामाजिक विकास समितिका संयोजक वासुदेव शर्माको संयोजकत्वमा ७ सदस्यीय शिक्षा योजना निर्माण कार्यदल गठन शिक्षा समितिबाट अनुमोदन,
- योजनालाई मूर्तरुप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको,योजनाका विषय वस्तु माथि अध्ययन र छलफल भएको,प्रधानाध्यापक,वि.व्य.स.नगर प्रमुख,शिक्षक अभिभावक सङ्घका प्रमुख,विज्ञहरू,शिक्षा प्रेमी र सरोकारवालासँग छलफल गरी निजहरूबाट प्राप्त सुझावलाई योजनामा समावेश गरिएको

# परिच्छेद २
# शिक्षा क्षेत्र योजना

## २.१ सन्दर्भ र औचित्य

यस नगरपालिकाले शिक्षालाई सधैं पहिलो प्राथमिकतामा राखी नेपाल सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा जनाएका प्रतिवद्धता, शिक्षा नीति, विभिन्न घोषणाहरू, नेपालको संविधानले प्रदत्त गरेको व्यवस्था,स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था र गुर्भाकोट नगरपालिकाको शिक्षा ऐन २०७४ अनुरुप शिक्षालाई महत्वपूर्ण विषयका रुपमा आत्मसाथ गर्दै आएको छ।

विद्यालयमा नयाँ नेतृत्व विकास, शिक्षक कर्मचारी व्यवस्थापनका लागि अनुदान, बस्तीहरू र समुदायमा बालविकास केन्दहरू स्थापना गरी शिक्षामा पहुँच वृद्धि गरिएको छ । समग्र शैक्षिक क्षेत्रमा समावेशी, बालमैत्री र अपाङ्गतामैत्री प्रणालीको अवलम्बन गरिएको छ। साथै निरन्तर तथा अनौपचारिक शिक्षाको माध्यमबाट साक्षरता र साक्षरोत्तर शिक्षाका कार्यक्रमहरू सञ्चालन गरी साविकका गाविसहरूलाई साक्षर गाविसको रुपमा घोषणा समेत गरी सकिएको छ। विद्यालयको भौतिक पूर्वाधार विकासका लागि भवन, कक्षाकोठा निर्माण, खानेपानी, शौचालय निर्माणका लागि हरेक वर्ष विशेष महत्वका साथ सम्बन्धित क्षेत्रमा बजेट विनियोजन हुदै आएको छ।

बालबालिकाको शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि आधारभूत तहसम्मका विद्यालयहरूमा निःशुल्क र अनिवार्य शिक्षा घोषणा गरिएको छ। शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धिका कामहरूलाई निरन्तरता दिदै आइराखेको छ। गरीब तथा जेहेन्दार छात्र छात्राहरूका लागि विशेष छात्रवृत्ति कार्यक्रमको व्यवस्था गर्दै आएको छ। यस नगरपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विभिन्न सरकारी गैरसरकारी सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य हुदैं आइरहेको छ।

मुलुकको समृद्धि र समुन्नतिका लागि आवश्यक पर्ने सबै प्रकारको दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाहरूको सञ्चालन र व्यवस्थापनमा शैक्षिक सुशासन कायम भएको हुनेछ । साधारण शिक्षा, प्राविधिक शिक्षा र सिपमूलक तालिमलाई एकीकृत र समन्वयात्मक ढङ्गले अघि बढाउदै यस पालिकालाई शिक्षाको लागि सबैको आकर्षणको केन्द्र बनाउने तर्फ यो योजना केन्द्रित रहनेछ।

यही सन्दर्भलाई दृष्टीगत गरी यस शिक्षा क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा पालिकाले वि. सं. अबको दश वर्षसम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि, उद्देश्यहरू, र रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ ।

नगरपालिकाको शैक्षिक प्रणालीलाई सहज र व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि विगत देखि नै विभिन्न प्रयासहरू भैरहेका छन् । नेपालको सबै क्षेत्रमा शैक्षिक अवसरमा समान पहुँच पुर्याउनु राज्यको दायित्व हो । नगरपालिकाको शैक्षिक सुधार एवं विकासका लागि जनमुखी,जवाफदेही,पारदर्शी तथा जनसहभागिता मूलक,शैक्षिक प्रशासनको विकास गर्न र शिक्षाको प्रतिफल सरोकारवालालाई उपलव्ध गराइ कानुनको शासन भ्रष्टाचार मुक्त र चुस्त प्रशासन,विकेन्द्रिकरण,आर्थिक अनुशासन तथा स्रोतको कुशल

व्यवस्थापन जस्ता अशल शासनका आधारभूत मान्यतालाई आत्मासात गरी सर्व साधारणमा गुणस्तरीय शैक्षिक सेवा छिटोछरितो र कम खर्चिलो ढङ्गबाट प्रदान गर्ने अवस्था सृजना गर्न नगर शिक्षा समितिको व्यवस्था गरिएको छ । शिक्षा समिति एउटा शैक्षिक एकाइको रुपमा रहेको शिक्षा क्षेत्रको सुदृढ र विकास गर्न नगर शिक्षा समितिले शिक्षा शाखालाई प्रभावकारी,उत्तरदायी र प्राविधिक सेवा प्रदान गर्ने शैक्षिक खम्बाको रुपमा कार्य गर्ने सवल,सक्षम संस्थाको रुपमा प्रस्तुत हुने सम्मानजनक आधारहरू तयार गरिरहेको अवस्था छ ।

## २.२ दीर्घकालीन राष्ट्रिय सोच

गुणस्तरीय शिक्षा मार्फत  नेपाललाई समृद्ध र नेपालीलाई  सुखी बनाउन योगदान गर्ने

## २.३ स्थानीय तहको दीर्घकालीन सोच तथा गन्तव्य

गुणस्तरीय र जीवनोपयोगी एवं रोजगारमूलक  शिक्षा मार्फत समृद्ध गुर्भाकोट र सुखी गुर्भाकोटबासी बनाउन योगदान गर्ने ।

## २.४ लक्ष्य (Goal)

२०८९ सम्म सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरी,सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधीमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री वातावरणमा रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने ।

## २.५ उद्देश्यहरू

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्धि गर्ने ,
- सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने,
- माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता वृद्धि गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउने,
- उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संसाधनको विकास गर्ने,
- प्राविधक तथा व्यावसायिक शिक्षा मार्फत सिप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने र प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने,
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिबृत्तिको विकास गरी सक्षम,  सृजनशील र प्रतिस्पर्धी नागरिक तयार बनाउने,
- गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसा प्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइ प्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्ने ,
- विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउदै विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने र गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार गर्ने,
- सबैलाई पूर्ण साक्षर बनाइ नागरिकको जीवनस्तरमा सुधार गर्ने,
- सार्वजनिक शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने,

- सूचना तथा सञ्चार प्रविधको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने,
- विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउने,
- विद्यालयहरूमा शिक्षक समूह गठन र परिचालन मार्फत सिकाइ अदान प्रदानका माध्यमबाट शिक्षकहरूका पेशागत दक्षतामा अभिवृद्धि गर्ने ।
- समुदाय परिचालनको माध्यमबाट विद्यालय र विद्यालय बाहिर बिद्यार्थीको पढाइ सिप विकासमा सहयोग गर्ने

## २.६ रणनीतिहरू

**२.६.१ सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर शुनिस्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्धि गर्ने ।**

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने
- कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने
- जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने
- स्थानीय पाठ्यक्रमको निर्माण ,परिमार्जन तथा अनुकूलन गर्ने
- लागत सहभागिता अभिवृद्धि गर्ने
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने
- अभिभावक शिक्षक र विद्यार्थीका बीचमा विद्यार्थीको सिकाइ उपलब्धिको विषयमा छलफल गर्ने

**२.६.२ सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने ।**

- विद्यालय नक्साङ्कन गर्ने
- विद्यालयहरूको पुनर्वितरण तथा समायोजना गर्ने
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि कानुन तर्जुमा गर्ने
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने
- प्रारम्भिक कक्षा पढाइ सम्बन्धी क्रियाकलापहरू जस्तै शिक्षक तालिम, शैक्षिक सामाग्रीको निर्माण,कक्षा केठा व्यवस्थापन ,छापामय कक्षा कोठा निर्माण, कक्षाकेठामा वुक कर्नर स्थापना , शिक्षक अभिभावक बीच छलफल , पढाइ मेला, घुम्ती पढाइ कुना ,समुदायमा पढाइ कुना र साथी दौतरी शिक्षाको लागि स्रोत व्यवस्थापन गरी कार्यान्वयन गर्ने
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने
- न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने
- शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने
- विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने
- विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने
- सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने

- शिक्षण सिकाइ विधिमा आवश्यक परिमार्जन गर्ने
- कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने
- मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अंगको रूपमा प्रयोगमा ल्याउने
- विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराइ सिकाइमा सुधार ल्याउने
- कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने
- शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने
- विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने
- विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने
- विद्यालय शिक्षालाई प्रकोप,सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने
- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने
- दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने
- अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने
- शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने
- नतिजा प्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने
- शिक्षक विकास र सहायतता प्रणालीलाई व्यवस्थित गर्ने

**२.६.३ माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउने ।**

- विद्यालयहरूको नक्साङ्कन गर्ने
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने
- नि:शुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने
- वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने

- शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने
- शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने
- विद्यालयहरूलाई प्रकोप,सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने
- विज्ञान,गणित र अंग्रेजी विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने
- सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गर्ने
- आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने
- विद्यार्थी संख्याको अधारमा अनुदान व्यवस्था गर्ने

**२.६.४ उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संसाधनको विकास गर्ने।**

- स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पूरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यता अनुसार उच्च शिक्षाको प्रबन्धका लागि योजना तयार गर्ने
- स्थानीय तह क्षेत्रभित्र आवश्यकता अनुसार उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू स्थापना गर्ने
- खुला एवम् दूर शिक्षा लगायतका व्यवस्था मार्फत समेत उच्च शिक्षामा पहुँच वृद्धिका लागि पहल गर्ने
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाति, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्न
- उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने
- विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसर उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने
- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने
- उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने
- उच्च शिक्षा विकासका लागि सार्वजनिक, सामुदायिक तथा निजी स्तरमा साझेदारी कार्यलाई प्रोत्साहन गर्ने
- स्थानीय तहको मानव संसाधन योजनाका आधारमा आवश्यक मानव स्रोत विकासका लागि कार्यक्रम बनाइ कार्यान्वयन गर्ने
- आर्थिक रूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने

**२.६.५ प्राविधक तथा व्यावसायिक शिक्षा मार्फत सिप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने र प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने ।**

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने,
- बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने,
- आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्म निर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने,
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाति, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,
- विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने।

**२.६.६ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिबृत्तिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार बनाउने ।**

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने,
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधीकरण गरिने,
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने,
- विपद् , महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने,
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने,
- शिक्षकको पेसागत सक्षमता विकास गरिने,
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने,
- माध्यम भाषाका रूपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा,  बहु भाषा प्रयोग गरिने,
- विद्यालमा आधारित सहयोग पद्धति विकास गरिने,
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइने,

- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने,
- स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिने,
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने ।

**२.६.७ गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्ने ।**

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिने,
- रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने,
- प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकास सम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ् तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने,
- शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने,
- शिक्षक नियुक्ति, सरुवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने,

**२.६.८ विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउदै विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने र गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार गर्ने ।**

- विद्यालयको सुधार योजना बनाइ कार्यान्वयन गरिने,
- शैक्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाइने,
- विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाइ कार्यान्वयन गरिने,
- विद्यालय नक्साङ्कन गरी विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना गरिने,
- शिक्षक दरबन्दी मिलान तथा प्रधानाध्यापक नियुक्ति,
- विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि कार्यविधि तयार गरी कार्यान्वयन गरिने,
- विद्यालयले वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गरी अभिभावक भेला मार्फत सार्वजनिक गरिने,
- नियमित रूपमा विद्यालयको लेखा तथा सामाजिक परीक्षण गरिने,
- विद्यालयको विपद् व्यवस्थापन योजना बनाइ कार्यान्वयन गरिने,
- विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागिता, पारदर्शिता, र जवाफदेहिताको सुनिश्चितता गरिने,
- नियमित रूपमा विभिन्न समितिहरू, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरूको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने।

### २.६.९ सबै निरक्षरहरूलाइ पूर्ण साक्षर बनाइ नागरिकको जीवनस्तरमा सुधार गर्ने ।

- सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्संरचना तथा पुनर्वितरण गरिने,
- सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने,
- सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गरिने,
- सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरिने,
- सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवं समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरिने।

### २.६.१० सार्वजनिक शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने ।

- शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुने गरी भौतिक, आर्थिक, शैक्षिक तथा जनशक्ति व्यवस्थापन गरिने,
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष, स्वप्रेरित र उत्तरदायी शिक्षक उपलब्ध गराइने,
- शिक्षण पेसामा उच्च योग्यता र सिप भएका मेधावी व्यक्तिहरू प्रवेश गर्ने वातावरण सिर्जना गरिने,
- विद्यमान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्ड प्रयोगमा ल्याउने,
- शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षालाई समसामयिक बनाउन आधुनिक प्रविधिमैत्री क्रियाकलापमा आधारित विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धिका लागि पर्याप्त पठन सामग्रीको व्यवस्था, प्रारम्भिक कक्षा शिक्षण पद्धतिको प्रयोग, शिक्षक पेसागत विकास तथा पेसागत सहयोग उपलब्ध गराउने,
- प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि उनीहरूको मातृभाषामा शिक्षण सिकाइ हुने वातावरण सृजना गर्ने,
- विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पुस्तकालय, प्रयोगशाला, Computer Lab आदिको व्यवस्था गरिने,
- कक्षाकोठामा आधारित निरन्तर मूल्याङ्कन तथा आवधिक रूपमा विद्यार्थी उपलब्धि परीक्षण, विश्लेषण, तथा समीक्षा गरी निरन्तर पृष्ठपोषणको लागि संयन्त्र तयार गर्ने,
- सार्वजनिक शिक्षामा सुशासन प्रवर्द्धन गर्न नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणाली तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी कार्यान्वियन गरिने।

### २.६.११ शिक्षामा आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवनयापन गर्न सक्षम बनाउने

- घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने,

- सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने,
- आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गरिने,
- आधारभूत तहमा बहु  भाषा तथा मातृभाषामा सिकाइको अवसर प्रदान गरिने,
- शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरिने,
- आवश्यकताअनुसार पोसाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने,
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाइ विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिने,
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सृजना गरिने,
- विद्यालयमा अभिभावकको सहभागिता बढाइने,
- शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गरिने,
- समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने ।
- टुहुरा ,अनाथ बालिकाहरूको निरन्तर सिकाइको लागि पालिका स्तरमा आवासीय विद्यालय संचालनको लागि सहयोग गर्ने

**२.६.१२ सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने ।**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने,
- सबै शिक्षकहरूको क्षमता विकास गरिने,
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने,
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधा मार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने,
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने,
- सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरिने,

**२.६.१३ विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिइ उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउने ।**

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्व तयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने,
- सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पूर्व सावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गर्ने,
- प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउन आवश्यक तयारी,
- कोभिड- १९ लगायतका महामरीबाट बच्न पूर्व सावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी,
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी,

- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण,
- संकटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने,
- विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने,
- विपद् प्रतिरोधि भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने,
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
- विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने,
- विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्ध सरकारी निकायहरू बीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने,
- विपद् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकृत गर्ने,
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने।

## २.७ प्रमुख उपलब्धि सूचकहरू (Key Performance Indicators-KPI)

| *सूचकहरुको क्षेत्र* | *मुख्य कार्य सम्पादन सूचक/आर्थिक वर्ष* | *इकाई* | सूचकहरूको बिगतको प्रगती प्रबित्ती | | | | आधार वर्ष २०८१ | | योजना कार्यान्वयनका आ.ब.हरू | | | | | योजनाको अन्तिम आ.ब.हरू | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | 19/20 | 20/21 | 21/22 | 22/23 | 23/24 | 24/25 | 25/26 | 26/27 | 27/28 | 28/29 | 29/30 | 30/31 | 31/32 |
| | | | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | ८८/८९ | ८९/९० |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | | | | | | | |
| १.१ | ECED मा सहजै देखिने भर्ना दर (GER in ECED) | *जम्मा* | ७०.४ | ७१.३ | ७०.७ | ९४.७ | ११८.३ | ११६.८ | ११५.२ | ११३.७ | ११२.२ | ११०.८ | १०९.३ | १०७.९ | १०६.५ |
| | | *छात्र* | ७४.१ | ७२.४ | ७१.७ | ९७.२ | १३३.१ | १२९.६ | १२६.३ | १२३.० | ११९.८ | ११६.८ | ११३.७ | ११०.८ | १०७.९ |
| | | *छात्रा* | ६६.६ | ७०.१ | ६९.५ | ९१.४ | १०२.९ | १०३.२ | १०३.४ | १०३.७ | १०३.९ | १०४.२ | १०४.५ | १०४.७ | १०५.० |
| | | *राष्ट्रिय* | | | | | | | | | | | | | |
| १.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव लिई आएका बालबालिकाको प्रतिशत | *जम्मा* | ६९.१ | ६९.४ | ६९.६ | ७६.४ | ६७.५ | ७०.२ | ७३.१ | ७६.० | ७९.० | ८२.२ | ८५.५ | ८८.९ | ९२.४ |
| | | *छात्र* | ६९.६ | ७०.१ | ७०.४ | ७६.३ | ६५.९ | ६८.९ | ७२.० | ७५.३ | ७८.८ | ८२.४ | ८६.२ | ९०.१ | ९४.२ |
| | | *छात्रा* | ६८.७ | ६८.७ | ६८.९ | ७६.६ | ६९.४ | ७१.७ | ७४.१ | ७६.६ | ७९.२ | ८१.८ | ८४.६ | ८७.४ | ९०.३ |
| | | *प्रदेश* | | | | | | | | | | | | | |
| | | *राष्ट्रिय* | | | | | | | | | | | | | |
| २ | आधारभूत शिक्षा (कक्षा १ – ८) | | | | | | | | | | | | | | |
| २.१ | कक्षा १ मा सहजै देखिने प्रवेश दर (GIR Grade 1) | *जम्मा* | १३५.४ | ११०.६ | ११७.४ | १२०.३ | १२०.४ | ११९.२१ | ११८.०२ | ११६.८ | ११५.७ | ११४.५ | ११३.४ | ११२.२ | १११.१ |
| | | *छात्र* | १३४.० | ११४.८ | १२२.४ | १२०.५ | ११७.३ | ११५.९९ | ११४.७१ | ११३.४ | ११२.२ | १११.० | १०९.७ | १०८.५ | १०७.३ |
| | | *छात्रा* | १३६.८ | १०६.८ | ११२.९ | १२०.१ | १२४.१ | १२२.९४ | १२१.८३ | १२०.७ | ११९.७ | ११८.६ | ११७.५ | ११६.४ | ११५.४ |
| | | *प्रदेश* | | | | | | | | | | | | | |
| | | *राष्ट्रिय* | | | | | | | | | | | | | |
| २.२ | कक्षा १ मा खुद प्रवेश दर (NIR Grade 1) | *जम्मा* | ९७.६ | ९८.२ | ९८.० | ९५.८ | ६६.८ | ७०.२७ | ७३.९० | ७७.७ | ८१.७ | ८६.० | ९०.४ | ९५.१ | १००.० |
| | | *छात्र* | ९८.६ | ९९.८ | ९८.८ | ९६.२ | ६५.२ | ६८.८२ | ७२.५९ | ७६.६ | ८०.८ | ८५.२ | ८९.९ | ९४.८ | १००.० |
| | | *छात्रा* | ९६.६ | ९६.६ | ९७.३ | ९५.४ | ६८.६ | ७१.९४ | ७५.४० | ७९.० | ८२.८ | ८६.८ | ९१.० | ९५.४ | १००.० |
| | | *प्रदेश* | | | | | | | | | | | | | |
| | | *राष्ट्रिय* | | | | | | | | | | | | | |
| २.३ | आधारभूत तह (कक्षा १–५) मा सहजै देखिने भर्ना दर (GER) | *जम्मा* | १२५.५ | १२०.२ | ११९.४ | १२०.८ | ११९.६ | ११८.१ | ११६.६ | ११५.२ | ११३.७ | ११२.३ | ११०.८ | १०९.४ | १०८.१ |
| | | *छात्र* | १२५.५ | १२३.० | १२१.५ | १२१.७ | १२०.५ | ११९.० | ११७.४ | ११५.९ | ११४.४ | ११२.९ | १११.५ | ११०.० | १०८.६ |
| | | *छात्रा* | १२५.५ | ११७.५ | ११७.३ | ११९.८ | ११८.७ | ११७.२ | ११५.८ | ११४.४ | ११३.० | १११.६ | ११०.२ | १०८.८ | १०७.५ |
| | | *प्रदेश* | | | | | | | | | | | | | |
| | | *राष्ट्रिय* | | | | | | | | | | | | | |
| २.४ | आधारभूत तह (कक्षा १–५) मा खुद भर्ना दर (NER) | *जम्मा* | ९७.० | ९७.० | ९७.० | ९५.१ | ८९.३ | ९०.६ | ९१.९ | ९३.२ | ९४.५ | ९५.८ | ९७.२ | ९८.६ | १००.० |
| | | *छात्र* | ९८.६ | ९८.६ | ९८.६ | ९५.१ | ८९.५ | ९०.७ | ९२.० | ९३.३ | ९४.६ | ९५.९ | ९७.३ | ९८.६ | १००.० |
| | | *छात्रा* | ९५.३ | ९५.३ | ९५.३ | ९५.२ | ८९.१ | ९०.४ | ९१.७ | ९३.० | ९४.४ | ९५.७ | ९७.१ | ९८.५ | १००.० |
| | | *प्रदेश* | | | | | | | | | | | | | |
| | | *राष्ट्रिय* | | | | | | | | | | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | *जम्मा* | ० | ० | ० | ० | ११८.९ | ११७.६ | ११७.६ | ११६.३ | ११५.० | ११३.७ | ११२.५ | १११.२ | ११०.० |
| | | प्रदेश | | | | | | | | | | | | | |

| *सूचकहरुको क्षेत्र* | *मुख्य कार्य सम्पादन सूचक/आर्थिक वर्ष* | *इकाई* | सूचकहरूको बिगतको प्रगती प्रबित्ती | | | | आधार वर्ष २०८१ | | योजना कार्यान्वयनका आ.ब.हरू | | | | | योजनाको अन्तिम आ.ब.हरू | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | 19/20 | 20/21 | 21/22 | 22/23 | 23/24 | 24/25 | 25/26 | 26/27 | 27/28 | 28/29 | 29/30 | 30/31 | 31/32 |
| | | | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | ८८/८९ | ८९/९० |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | *जम्मा* | ० | ० | ० | ० | ३४.० | ३९.० | ३९.० | ४४.९ | ५१.६ | ५९.३ | ६८.२ | ७८.४ | ९०.२ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.७ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ सम्म पुग्ने बालबालिकाको दर (Survival Rate to Grade 5) | *जम्मा* | ०.० | ०.० | ०.० | ०.० | ७९.४ | ८१.४ | ८३.५ | ८५.६ | ८७.७ | ९०.० | ९२.२ | ९४.६ | ९७.० |
| | | *छात्र* | ०.० | ०.० | ०.० | ०.० | ७९.४ | ८१.४ | ८३.५ | ८५.६ | ८७.७ | ९०.० | ९२.२ | ९४.६ | ९७.० |
| | | *छात्रा* | ०.० | ०.० | ०.० | ०.० | ७९.४ | ८१.४ | ८३.५ | ८५.६ | ८७.७ | ९०.० | ९२.२ | ९४.६ | ९७.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.८ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ तथा अधारभुत्तह (कक्षा १-५) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G1-5) | *जम्मा* | ०.० | ०.० | ०.० | ०.० | ७२.७ | ७५.० | ७७.४ | ७९.९ | ८२.५ | ८५.१ | ८७.८ | ९०.६ | ९३.५ |
| | | *छात्र* | ०.० | ०.० | ०.० | ०.० | ७२.७ | ७५.० | ७७.४ | ७९.९ | ८२.५ | ८५.१ | ८७.८ | ९०.६ | ९३.५ |
| | | *छात्रा* | ०.० | ०.० | ०.० | ०.० | ७२.७ | ७५.० | ७७.४ | ७९.९ | ८२.५ | ८५.१ | ८७.८ | ९०.६ | ९३.५ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | *जम्मा* | ० | ० | ० | ० | ३०.३ | २३.९ | २३.९ | १८.८ | १४.८ | ११.६ | ९.२ | ७.२ | ५.७ |
| | | *छात्र* | ० | ० | ० | ० | ३१.० | २४.४ | २४.४ | १९.२ | १५.१ | ११.९ | ९.३ | ७.३ | ५.८ |
| | | *छात्रा* | ० | ० | ० | ० | २९.६ | २३.३ | २३.३ | १८.३ | १४.४ | ११.४ | ८.९ | ७.० | ५.५ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.१ | आधारभूततह (कक्षा १-५) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | *जम्मा* | १.०० | ०.९५ | ०.९७ | ०.९८ | ०.९८ | ०.९९ | ०.९९ | ०.९९ | ०.९९ | ०.९९ | ०.९९ | ०.९९ | ०.९९ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्ना दर (GER) | *जम्मा* | ११६.६ | ११०.७ | ११४.३ | १२३.४ | ११७.४ | ११५.७ | ११५.१ | ११३.५ | ११२.४ | १११.३ | ११०.३ | १०९.२ | १०८.२ |
| | | *छात्र* | १२०.१ | १११.२ | ११३.३ | १२०.३ | ११६.३ | ११४.४ | ११३.८ | ११२.५ | १११.६ | ११०.७ | १०९.८ | १०८.९ | १०८.० |
| | | *छात्रा* | ११३.० | ११०.२ | ११५.३ | १२६.८ | ११८.५ | ११७.२ | ११६.५ | ११४.६ | ११३.३ | ११२.० | ११०.८ | १०९.५ | १०८.३ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (NER) | *जम्मा* | ९६.७ | ९६.७ | ९६.७ | ९५.३ | ७८.२ | ७७.९ | ७९.६ | ८३.० | ८५.७ | ८८.५ | ९१.४ | ९४.५ | ९७.८ |
| | | *छात्र* | ९८.० | ९८.० | ९८.० | ९५.६ | ७६.६ | ७५.९ | ७७.५ | ८१.३ | ८४.२ | ८७.३ | ९०.५ | ९३.९ | ९७.५ |
| | | *छात्रा* | ९५.४ | ९५.४ | ९५.४ | ९५.० | ८०.० | ८०.० | ८१.७ | ८४.७ | ८७.१ | ८९.७ | ९२.४ | ९५.१ | ९८.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.१३ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने दर (Survival Rate to Grade 8) | *जम्मा* | ०.० | ०.० | ०.० | ०.० | ७१.६ | ७४.५ | ७७.६ | ८०.८ | ८४.१ | ८७.५ | ९१.१ | ९४.९ | ९८.७ |
| | | *छात्र* | ०.० | ०.० | ०.० | ०.० | ७०.१ | ७३.१ | ७६.२ | ७९.५ | ८२.९ | ८६.४ | ९०.१ | ९३.९ | ९७.९ |
| | | *छात्रा* | ०.० | ०.० | ०.० | ०.० | ७२.८ | ७५.७ | ७८.७ | ८१.८ | ८५.० | ८८.४ | ९१.९ | ९५.५ | ९९.३ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.१४ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ तथा अधारभुतह (कक्षा १-८) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G1-8) | *जम्मा* | ०.० | ०.० | ०.० | ०.० | ६२.६ | ६६.० | ६९.५ | ७३.३ | ७७.३ | ८१.४ | ८५.८ | ९०.५ | ९५.३ |
| | | *छात्र* | ०.० | ०.० | ०.० | ०.० | ६१.३ | ६४.७ | ६८.३ | ७२.१ | ७६.१ | ८०.४ | ८४.९ | ८९.६ | ९४.६ |
| | | *छात्रा* | ०.० | ०.० | ०.० | ०.० | ६३.७ | ६७.० | ७०.६ | ७४.३ | ७८.२ | ८२.३ | ८६.६ | ९१.१ | ९५.९ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.१५ | आधारभूततह (कक्षा १-८) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | *जम्मा* | ०.९४ | ०.९९ | १.०२ | १.०५ | १.०२ | १.०२ | १.०१ | १.०२ | १.०२ | १.०१ | १.०१ | १.०१ | १.०० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.१६ | कक्षा ३ मा अध्ययनरत बिद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) | राष्ट्रिय | □ङ्कघत्रथज | | | | ४७.७ | ५०.९ | ५४.३ | ५७.९ | ६१.८ | ६५.९ | ७०.३ | ७५.० | ८०.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | स्थानीय | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | थ्ल□ङ्चकगक्ष | | | | ६१.३ | ६३.९ | ६६.५ | ६९.३ | ७२.२ | ७५.२ | ७८.३ | ८१.६ | ८५.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | स्थानीय | | | | | | | | | | | | | |
| २.१७ | कक्षा ५ मा अध्ययनरत बिद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) | राष्ट्रिय | □ङ्कघत्रथज | | | | ५६.० | ५९.४ | ६३.१ | ६६.९ | ७१.० | ७५.३ | ७९.९ | ८४.८ | ९०.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | स्थानीय | | | | | | | | | | | | | |

| सूचकहरुको क्षेत्र | मुख्य कार्य सम्पादन सूचक/आर्थिक बर्ष | इकाई | सूचकहरूको बिगतको प्रगती प्रबित्ती | | | | आधार वर्ष २०८१ | | योजना कार्यान्वियनका आ.ब.हरू | | | | | योजनाको अन्तिम आ.ब.हरू | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | 19/20 | 20/21 | 21/22 | 22/23 | 23/24 | 24/25 | 25/26 | 26/27 | 27/28 | 28/29 | 29/30 | 30/31 | 31/32 |
| | | | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | ८८/८९ | ८९/९० |
| २.१८ | | राष्ट्रिय | थ्ल□ङ्चकगक्ष | | | | ६७.५ | ७०.० | ७२.५ | ७५.२ | ७७.९ | ८०.८ | ८३.८ | ८६.८ | ९०.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | स्थानीय | | | | | | | | | | | | | |
| | कक्षा ८ मा अध्ययनरत बिद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) | राष्ट्रिय | थ्ङ्मकतत्र | | | | ५६.६ | ६०.० | ६३.६ | ६७.४ | ७१.४ | ७५.६ | ८०.१ | ८४.९ | ९०.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | स्थानीय | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | त्तक□भ्क | | | | ४२.९ | ४६.४ | ५०.१ | ५४.२ | ५८.६ | ६३.३ | ६८.५ | ७४.० | ८०.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | स्थानीय | | | | | | | | | | | | | |
| २.१९ | *आधारभूततह (कक्षा १-५ मा बिद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC)* | *जम्मा* | ० | ० | ० | ० | ०.६ | ०.३ | ०.३ | ०.२ | ०.१ | ०.१ | ०.० | ०.० | ०.० |
| | | *छात्र* | ० | ० | ० | ० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | | *छात्रा* | ० | ० | ० | ० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | *राष्ट्रिय* | | | | | | | | | | | | | |
| | आधारभूततह (कक्षा १-८) मा बिद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | *जम्मा* | २.५ | २.८ | ३.१ | ०.६ | २.० | १.७ | १.७ | १.२ | १.० | ०.७ | ०.५ | ०.२ | ०.० |
| | | *छात्र* | १.० | ०.८ | १.८ | ०.१ | १.९ | १.७ | १.७ | १.२ | १.० | ०.७ | ०.५ | ०.३ | ०.० |
| | | *छात्रा* | ५.२ | ४.९ | ४.५ | १.३ | २.० | १.८ | १.७ | १.३ | १.० | ०.८ | ०.५ | ०.३ | ०.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | *राष्ट्रिय* | | | | | | | | | | | | | |
| २.२० | आधारभूततह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | *जम्मा* | ०.० | ०.० | ०.०० | ०.०० | ३६.२ | ३२ | ३३ | ३३ | ३४ | ३५ | ३५ | ३६ | ३६ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.२१ | आधारभूततह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत | *जम्मा* | ०.० | ०.० | ०.०० | ०.०० | ३९.२ | ३९ | ३९ | ४० | ४० | ४० | ४० | ४० | ४० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| २.२२ | आधारभूततह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत | *जम्मा* | ०.० | ०.० | ०.०० | ०.०० | २४.५ | २५ | २६ | २७ | २८ | ३० | ३१ | ३२ | ३३ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ३ | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | | | | | | | |
| ३.१ | माध्यमिकतह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दर (GER) | *जम्मा* | ६४.१ | ८३.५ | ९९.६ | ८५.४ | ८३.५ | ८५.९ | ९०.४ | ९१.० | ९३.७ | ९६.५ | ९९.३ | १०२.३ | १०५.३ |
| | | *छात्र* | ७१.३ | ८२.४ | ८७.३ | ८०.७ | ८०.० | ८२.६ | ८६.९ | ८८.५ | ९१.६ | ९४.७ | ९८.१ | १०१.५ | १०५.१ |
| | | *छात्रा* | ५६.९ | ८४.९ | ११७.१ | ९०.० | ८६.८ | ८९.० | ९३.६ | ९३.६ | ९५.९ | ९८.४ | १००.९ | १०३.४ | १०६.१ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | **राष्ट्रिय** | | | | | | | | | | | | | |
| ३.२ | माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना दर (NER) | *जम्मा* | ४५.७ | ४८.४ | ५३.५ | ६३.७ | ३९.७ | ४४.० | ४९.२ | ५४.१ | ६०.० | ६६.५ | ७३.८ | ८१.८ | ९०.८ |
| | | *छात्र* | ४८.९ | ५०.८ | ५६.२ | ६३.० | ३५.१ | ४२.९ | ४७.८ | ५३.० | ५८.९ | ६५.४ | ७२.७ | ८०.८ | ८९.८ |
| | | *छात्रा* | ४२.५ | ४६.१ | ५०.९ | ६४.३ | ४४.० | ४८.२ | ५४.० | ५७.९ | ६३.५ | ६९.६ | ७६.३ | ८३.६ | ९१.६ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | **राष्ट्रिय** | | | | | | | | | | | | | |
| ३.३ | माध्यमिकतह (कक्षा ९-१२) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | *जम्मा* | ०.८० | १.०३ | १.३४ | १.१२ | १.०९ | १.०८ | १.०७ | १.०६ | १.०५ | १.०४ | १.०३ | १.०२ | १.०१ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | **राष्ट्रिय** | | | | | | | | | | | | | |
| ३.४ | आधारभूततह बाट माध्यमिकतहमा संक्रमण दर (Transition rate from Basic Level to Secondary Level) | *जम्मा* | ८७.६ | ७२.८ | ९३.५ | ८८.३ | ७८.१ | ८०.०१ | ८२.०१ | ८४.०६ | ८६.१६ | ८८.३१ | ९०.५२ | ९२.७९ | ९५.१० |
| | | *छात्र* | ९०.४ | ७३.५ | ९२.८ | ८८.८ | ७०.३ | | | | | | | | |
| | | *छात्रा* | ८४.७ | ७३.९ | ९४.२ | ८८.२ | ८५.४ | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | **राष्ट्रिय** | | | | | | | | | | | | | |
| ३.५ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० सम्म पुग्ने दर (Survival Rate to Grade 10) | *जम्मा* | ०.० | ०.० | ०.० | ०.० | ६९.० | ७१.२ | ७३.४ | ७५.७ | ७८.१ | ८०.५ | ८३.१ | ८५.७ | ८८.४ |
| | | *छात्र* | ०.० | ०.० | ०.० | ०.० | ६७.४ | ६९.६ | ७१.९ | ७४.३ | ७६.८ | ७९.३ | ८१.९ | ८४.७ | ८७.५ |
| | | *छात्रा* | ०.० | ०.० | ०.० | ०.० | ७०.० | ७२.१ | ७४.२ | ७६.५ | ७८.८ | ८१.१ | ८३.५ | ८६.० | ८८.६ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | **राष्ट्रिय** | | | | | | | | | | | | | |
| ३.६ | *कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%)* | *जम्मा* | ० | ० | ० | ० | ६४.१ | ६७.९ | ६७.९ | ७१.९ | ७६.१ | ८०.६ | ८५.३ | ९०.३ | ९५.६ |
| | | प्रदेश | | | | | | | | | | | | | |

| सूचकहरुको क्षेत्र | मुख्य कार्य सम्पादन सूचक/आर्थिक बर्ष | इकाई | सूचकहरूको बिगतको प्रगती प्रबित्ती | | | | आधार वर्ष २०८१ | | योजना कार्यान्वयनका आ.ब.हरू | | | | | योजनाको अन्तिम आ.ब.हरू | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | 19/20 | 20/21 | 21/22 | 22/23 | 23/24 | 24/25 | 25/26 | 26/27 | 27/28 | 28/29 | 29/30 | 30/31 | 31/32 |
| | | | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | ८८/८९ | ८९/९० |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ३.७ | माध्यमिकतह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | *जम्मा* | ०.० | ०.० | ०.०० | ०.०० | १५.१ | १६.९ | १७.९ | १८.९ | २०.० | २१.१ | २२.३ | २३.६ | २५.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ३.८ | जम्मा सामुदयिक विद्यालयमध्ये कक्षा ९-१२ मा प्राबिधिक धार सहित सन्चालन गर्ने बिद्यालयहरुमा भर्ना भएका जम्मा बिद्यार्थी सङ्ख्या | *जम्मा* | ०.० | ०.० | ०.०० | ०.०० | १६.८ | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| | सामुदायिक माध्यमिक बिद्यालयहरुमध्ये कक्षा ९-१२ मा बिज्ञान बिषयमाभर्ना भएका जम्मा बिद्यार्थी प्रतिशत | *जम्मा* | ०.० | ०.० | ०.०० | ०.०० | २.९ | ३.७ | ३.७ | ४.७ | ५.९ | ७.५ | ९.४ | ११.९ | १५.० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ३.९ | कक्षा १० मा अध्ययनरत बिद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) | राष्ट्रिय_Nepali | ०.० | ०.० | ०.०० | ०.०० | ६३.० | ६५.९ | ६८.९ | ७२.० | ७५.३ | ७८.७ | ८२.३ | ८६.१ | ९०.० |
| | | प्रदेश_Nepali | | | | | | | | | | | | | |
| | | स्थानीय_Nepali | | | | | | | | | | | | | |
| | | राष्ट्रिय_English | ०.० | ०.० | ०.०० | ०.०० | ४९.० | ५२.१ | ५५.४ | ५८.९ | ६२.६ | ६६.६ | ७०.८ | ७५.२ | ८०.० |
| | | प्रदेश_English | | | | | | | | | | | | | |
| | | स्थानीय_English | | | | | | | | | | | | | |
| | | राष्ट्रिय_Math | ०.० | ०.० | ०.०० | ०.०० | ५४.० | ५७.२ | ६०.५ | ६४.० | ६७.७ | ७१.७ | ७५.९ | ८०.३ | ८५.० |
| | | प्रदेश_Math | | | | | | | | | | | | | |
| | | स्थानीय_Math | | | | | | | | | | | | | |
| | | राष्ट्रिय_Science | ०.० | ०.० | ०.०० | ०.०० | ३७.० | ४०.७ | ४४.९ | ४९.४ | ५४.४ | ५९.९ | ६६.० | ७२.७ | ८०.० |
| | | प्रदेश_Science | | | | | | | | | | | | | |
| | | स्थानीय_Science | | | | | | | | | | | | | |
| ४ | जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | | | | | | | |
| ४.१ | ५ बर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | स्थानीय | ०.० | ०.० | ०.०० | ०.०० | ८२.८ | ८४.७४ | ८६.६९ | ८८.६९ | ९०.७३ | ९२.८२ | ९४.९६ | ९७.१५ | ९९.३८ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ४.२ | १५ बर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | स्थानीय | ०.० | ०.० | ०.०० | ०.०० | ७८.२ | ८०.४५ | ८२.७५ | ८५.१२ | ८७.५६ | ९०.०७ | ९२.६४ | ९५.२९ | ९८.०२ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ४.३ | १५ देखि २४ बर्ष उमेरका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | स्थानीय | ०.० | ०.० | ०.०० | ०.०० | ९९.१ | ९९.२१ | ९९.३३ | ९९.४४ | ९९.५५ | ९९.६६ | ९९.७८ | ९९.८९ | १००.०० |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ४.४ | १५ बर्ष र सो भन्दा माथिको साक्षर दरमा लैङ्गिक समता सूचांक | स्थानीय | ०.० | ०.० | ०.०० | ०.०० | ०.८४ | ०.८६ | ०.८८ | ०.९० | ०.९३ | ०.९५ | ०.९७ | १.०० | १.०२ |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ५ | प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम | | | | | | | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति* (%) | स्थानीय | | | | | | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | | | | | | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ६ | सुशासन तथा व्यवस्थापन | | | | | | | | | | | | | | |
| | सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीमा तहगतरूपमा कार्यरत शिक्षक र बिद्यार्थीको अनुपात (STR):- | | | | | | | | | | | | | | |
| ६.१ | बालविकास तथा पूर्व प्र.बि.मा (ECED) | | ०.० | ०.० | ०.०० | ०.०० | १६ | २५ | २७ | ३० | ३३ | ३६ | ३९ | ४२ | ४६ |
| ६.२ | आधारभूततह (कक्षा १-५) | | ०.० | ०.० | ०.०० | ०.०० | १८ | २० | २० | २० | २१ | २१ | २२ | २३ | २४ |
| ६.३ | आधारभूततह (कक्षा ६-८) | | ०.० | ०.० | ०.०० | ०.०० | ५३ | ५१ | ५२ | ४९ | ४९ | ५० | ४९ | ५२ | ५० |
| ६.४ | आधारभूत (कक्षा १-८) | | ०.०० | ०.०० | ०.०० | ०.०० | ३२ | ३३ | ३४ | ३५ | ३६ | ३७ | ३८ | ३९ | ४० |
| ६.५ | माध्यमिकतह (कक्षा ९-१०) | | ०.० | ०.० | ०.०० | ०.०० | ४९ | ४८ | ४९ | ४७ | ४६ | ४८ | ४५ | ४८ | ४४ |
| ६.६ | माध्यमिकतह (कक्षा ११-१२) | | ०.० | ०.० | ०.०० | ०.०० | १७३ | १४९ | १२७ | १३२ | १४६ | १६० | १५६ | १५१ | १६१ |
| ६.७ | माध्यमिक बिद्यालय (कक्षा ९-१२) | | ०.०० | ०.०० | ०.०० | ०.०० | ७६ | ७२ | ६८ | ६५ | ६२ | ५८ | ५६ | ५३ | ५० |
| ७ | शिक्षामा लगानी | | | | | | | | | | | | | | |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | | | | | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | | | | | |

| *सूचकहरुको क्षेत्र* | *मुख्य कार्य सम्पादन सूचक/आर्थिक बर्ष* | *इकाई* | सूचकहरूको बिगतको प्रगती प्रबित्ती | | | | आधार वर्ष २०८१ | | योजना कार्यान्वियनका आ.ब.हरू | | | | | योजनाको अन्तिम आ.ब.हरू | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **19/20** | **20/21** | **21/22** | **22/23** | **23/24** | **24/25** | **25/26** | **26/27** | **27/28** | **28/29** | **29/30** | **30/31** | **31/32** |
| | | | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | ८८/८९ | ८९/९० |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ७.२ | **आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा)** | स्थानीय | | | | | | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ७.३ | **माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा)** | स्थानीय | | | | | | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| **७** | **उच्च शिक्षामा** | | | | | | | | | | | | | | |
| ७.१ | **सहजै देखिने भर्ना दर** | स्थानीय | | | | | ४७७.१ | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ७.२ | **उच्च शिक्षाको सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक** | स्थानीय | | | | | १.२८ | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |
| ७.३ | | स्थानीय | | | | | | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | | | | | |

# परिच्छेद ३
# शिक्षाका उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ। यसै कुरालाई मध्यनजर गरेर यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ । सञ्चालन, रेखदेख लगायतका कार्यहरू योजनामा समेटिएका छन् । पालिकाबाट सञ्चालित बालविकास केन्द्रको विवरण अनुसूची–१ मा दिइएको छ .

### ३.१.२ वर्तमान अवस्था

विद्यालय क्षेत्र विकास योजनाले विद्यालय प्रवेशको तयारीका लागि १ वर्षे प्रारम्भिक बाल शिक्षा तथा दुई बर्षे पूर्व प्राथमिक शिक्षालाई आधारभूत शिक्षामा समाहित गरेको छ। यस नगरपालिकामा हाल ६१ वटा सामुदायिक बालविकास केन्द्रहरू र १३ संस्थागत बालबिकास केन्द्र गरि ७४ वटा बालबिकास केन्द्रहरु सञ्चालनमा रहेका छन् । बालविकासको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने दर जम्मा ६९.६रहेको छ ।जसमा विद्यालयमा आधारित बालविकास केन्द्रमा ३ र ४ बर्ष उमेर समूहका १९३६ बालबालिका अध्ययनरत छन् । सामुदायियक बालविकास केन्द्रहरूको व्यवस्थापनका लागि जम्मा ६१ जना बालविकास सहजकर्ताहरू कार्यरत रहेका छन । भने निजी क्षेत्रबाट सञ्चालित बालबिकास केन्द्रमा १० जना सहजकर्ताहरु कार्यरत रहेका छन् जस मध्य सबै महिला छन् । खुद भर्नादर ६९.४ र कुल भर्ना दर ७०.७ रहेको छ। लैगिंक समतासूचक ०.९रहेको छ।

हाल सञ्चालनमा रहेका केही बालविकास केन्द्रहरू न्यूनतम मापदण्ड अनुसार नभएको हुनाले तिनीहरूको सुधारका कार्यहरू गर्नु पर्ने आवश्यकता देखिन्छ। बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनुपर्नेमा सो नभएको अवस्था छ। भूगोल, जनसङ्ख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजना, स्थानान्तरण एवं नयाँ स्थापना गर्नु पर्ने देखिन्छ। यसैगरी स्थापना भएका बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी छ भने नयाँ स्थापना हुने बालविकास केन्द्रहरूको स्थापना लगायत क्षमता अभिवृद्धि गर्दै जानुपर्दछ। नगरपालिकाले आफ्नो क्षेत्रभित्र उमेर समूहका बालबालिकाको जनसङ्ख्याको आधारमा बालविकास केन्द्रको स्थापना गर्ने लक्ष्य लिएको छ।

वालविकास शिक्षा सुधार योजना निर्माण गरी बालबालिकाहरूको मूल्याङ्कन फारम मार्फत वार्षिक चार पटक विद्यार्थीको सिकाइ तथा विकास मुल्याङ्कन गर्ने गरिएको छ। सबै बालविकास केन्द्रहरू विद्यालयले सञ्चालन र व्यवस्थापन गर्ने व्यवस्था मिलाइएको छ।

### ३.१.३ उद्देश्य

- चार बर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गराउनु।

### ३.१.४ रणनीतिहरू

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
- कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,
- जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाहरुको लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,
- पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,
- लागत सहभागिता अभिवृद्धि गर्ने,
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,
- ऐन र कार्यविधिमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,
- कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,
- स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,
- पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाई स्थानीयकरणका लागि समायोजन तथा परिमार्जन गर्ने,
- भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने।

### **३.१.५ प्रमुख उपलब्धि तथा नतिजा**

क) उपलब्धिः

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने

ख) प्रमुख नतिजाः

तालिका ३.१: प्रमुख नतिजाहरु

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १ | ५ वटा न्युनतम न्यूनतम सक्षमताका मापदण्डहरूमध्ये कम्तिमा ३ वटा मापदण्डहरू (Minimum Enabling Standards) पुरा गर्ने ECED केन्द्र/कक्षाहरू | ५९.९ | ६३.९ | ६८.१ | ७२.६ | ७७.४ | ९३.८ |
| २ | ECED केन्द्र/कक्षाहरूमा अध्ययनरत बालबालिकाहरूमध्ये सिकाई सामग्रीको Set प्राप्त गर्ने सङ्ख्या | ३१.९ | ३६.८ | ४२.४ | ४९.० | ५६.५ | ८६.७ |
| २ | ECED केन्द्र/कक्षाहरूमा अध्यापनरत शिक्षक/शिक्षिकाहरू मध्ये कम्तिमा १५ दिने तालिम प्राप्त गर्नेको सङ्ख्या | २०.२ | २४.७ | ३०.१ | ३६.८ | ४४.९ | ८१.९ |
| ३ | ECED मा खुद भर्ना दर (Enrolment rate of 4-year old children) जम्मा | ९०.८ | ९१.३ | ९१.८ | ९२.३ | ९२.९ | ९४.५ |
| | छात्र | ९१.६ | ९२.० | ९२.५ | ९२.९ | ९३.३ | ९४.६ |
| | छात्रा | ८९.८ | ९०.५ | ९१.१ | ९१.७ | ९२.४ | ९४.३ |

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | २०८९/ ९० |
|---|---|---|---|---|---|---|---|
| ४ | ECED मा सहजै देखिने भर्ना दर (GER in ECED): जम्मा | ११८.३ | ११६.८ | ११५.२ | ११३.७ | ११२.२ | १०७.९ |
| | छात्र | १३३.१ | १२९.६ | १२६.३ | १२३.० | ११९.८ | ११०.८ |
| | छात्रा | १०२.९ | १०३.२ | १०३.४ | १०३.७ | १०३.९ | १०४.७ |
| ५ | ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED GER) | ०.७७ | ०.८० | ०.७९ | ०.८४ | ०.८७ | ०.९५ |
| ६ | ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED NER) | ०.९८ | ०.९८ | ०.९७ | ०.९९ | ०.९९ | १.०० |
| ७ | ECED मा भर्ना भएका बालबालिकामध्ये दलित बालबालिकाको प्रतिशत | १५.७ | १७.२ | १८.९ | २०.७ | २२.७ | ३०.१ |
| ८ | ECED मा भर्ना भएका बालबालिकामध्ये अपाङ्गता भएका बालबालिकाको प्रतिशत | ०.१ | ०.२ | ०.२ | ०.३ | ०.४ | ०.९ |
| ९ | ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत | ४०.१ | ३४.० | २८.८ | २४.४ | २०.७ | १२.६ |
| १० | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव लिई आएका बालबालिकाको प्रतिशत: जम्मा | ६७.५ | ७०.२ | ७३.१ | ७६.० | ७९.० | ८८.९ |
| | छात्र | ६५.९ | ६८.९ | ७२.० | ७५.३ | ७८.८ | ९०.१ |
| | छात्रा | ६९.४ | ७१.७ | ७४.१ | ७६.६ | ७९.२ | ८७.४ |

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने,
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने ,
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेको हुने,
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने,
- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुने,
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने ।

### ३.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य:

- प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण,
- प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण,
- वैकल्पिक प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन,
- परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँगको सहकार्य,
- अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने,
- सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था,
- बालबालिकाको अभिलेखीकरण,
- अपाङ्गता भएका बालबालिकाका लागि वैयक्तिक परिवार सेवा योजना,
- पोषणयुक्त दिवा खाजाको व्यवस्था,
- पाठ्यक्रम प्रबोधीकरण,
- पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन,
- शिक्षकको योग्यता र क्षमता विकास,
- बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने,

- स्थानीय भाषालाई प्राथमिकता दिइ आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग,
- अभिभावक शिक्षा,
- अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था,
- बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने,
- शिक्षक पेसागत विकास,
- परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि ,
- शैक्षिक सूचना व्यवस्थापन प्रणाली,
- सहयोगी (आया) को व्यवस्था,

### प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

तालिका ३.२: प्रमुख क्रियाकलापहरू

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | पूर्व प्रा.बि./ECED कक्षा/केन्दमा तोकिएका न्युनतम मापदण्डहरूको (Minimum Standards) कार्यन्वयन गर्ने | बालबालिका | १४३७ | १५६६ | १७०६ | १८६० | २०२६ | |
| २ | ECED कक्षाहरूमा न्यूनतम मापदण्डको सुनिश्चित गर्न ECED बाल मैत्री WASH सुबिधाको व्यवस्था | बा.बि.कक्षा/केन्द | १० | ११ | ११ | ११ | ११ | |
| ३ | प्रारम्भिक विकासका बालबालिकाको समग्र विकास र सिकाईका लागि पूर्व–बाल्यावस्थाको सिकाईका मापदण्डहरूको कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | |
| ४ | तोकिएका आधारहरू पूरा गरेका आधारमा र ECED केन्द्र र शिकहरूलाई कार्य सम्पन्न अनुदान | बा.बि.कक्षा/केन्द | ११ | ११ | ११ | ११ | ११ | |
| ५ | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता | शिक्षक | ५७ | ५७ | ५७ | ५७ | ५७ | |
| ६ | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोशाक भत्ता | शिक्षक | ५७ | ५७ | ५७ | ५७ | ५७ | |
| ७ | ECED कक्षाहरूका सामग्री र सिकाई कुनाका लागि बजेट अनुदान | कक्षा/केन्द | ५७ | ५७ | ५७ | ५७ | ५७ | |
| ८ | ECED कक्षाहरूका सिकाई सामग्री र बिद्धुतीय सिकाई सामग्रीकालागि अनुदान | कक्षा/केन्द | ५७ | ५७ | ५७ | ५७ | ५७ | |
| ९ | ECED कक्षाहरूमा अध्ययनरत बिभिन्न प्रकारका अपाङ्गता भएका र तोकिएका अति बिपन्न र लक्षित समुदायका बालबालिकाहरुको सुबिधाका लागि बजेट अनुदान | बिद्यार्थी | ० | ० | ० | ० | ० | |
| १० | नयाँ थप ४ वटा बालविकास केन्द्रका लागि तलव अनुदान | बा.कि.के. | १९८ | ४ | ४ | ५ | ६ | ७ |
| ११ | अघिल्लो वर्षको वालविकास शिक्षक, विद्यालय सहायक कर्मचारी, विद्यालय सहयोगी, कर्मचारी, बैकल्पिक शिक्षक, शिक्षक ब्यवस्थापन अनुदानमा कार्यरत शिक्षकहरुको वजेट अपुग भै भुक्तानी दिन वाँकी रहेको अनुदान भुक्तानी | बा.कि.के. | ५७.५ | ५७ | ६१ | ६५ | ७० | ७६ |
| १२ | सामुदायिक विद्यालयमा कार्यरत वालविकास शिक्षक (५७ जना) को लागि नेपाल सरकारले निर्धारण गरेको न्युनतम पारिश्रमिकमा उल्लेखित रकममा नपुग हुने रकम थप अनुदान | बा.बि.के. शिक्षक | ७८ | ५७ | ६१ | ६५ | ७० | ७६ |
| | | | | | | | | दातृ संँस्थाहरूबाट प्रस्तावित |
| | | | | | | | | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत शिक्षा विद्यालय शिक्षाको सुरुवाती र माध्यमिक शिक्षाको जगको रुपमा रहेको छ ।आधारभूत तहको शिक्षाले उमेर समूहका हिसाबले ५ देखि १२ वर्षका बालबालिकाहरूलाई समेट्दछ । आधारभूत तह विद्यालय शिक्षाको जग भएकोले यसको गुणस्तर अभिवृद्धिका लागि शिक्षक, शिक्षण सिकाइका लागि स्रोत सामग्री र अनुकूल सिकाइ वातावरणमा जोड दिनुपर्ने हुन्छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र नि:शुल्क पाउने हक हुने व्यवस्था गरेको छ । यसै गरी अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले आधारभूत सम्बन्धी शिक्षा प्रदान गर्ने दायित्व र आवश्यक व्यवस्था जिम्मेवारी नेपालको सरकार प्रदेश सरकार र स्थानीय तहको हुने र

आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउने प्रत्येक नागरिकको कर्तव्य हुने कुरा उल्लेख गरेको छ। प्रचलित ऐनहरूले परिभाषित गरे अनुसार नेपालमा आधारभूत शिक्षा भन्नाले प्रारम्भिक कक्षा देखि कक्षा ८ सम्म दिइने शिक्षालाई उल्लेख गरेको छ।

### ३.२.२ वर्तमान अवस्था

विद्यालय शिक्षाको जग आधारभूत तहको शिक्षा हो । उमेर समूहका हिसाबले ४ देखि १२ वर्षका बालबालिकाहरूलाई आधारभूत तहले समेट्छ । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले आधारभूत तह सम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तीन वटै तहका सरकारहरूको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ ।यस नगरपालिकामा आधारभूत शिक्षा प्रदान गर्नका लागि सामुदायिक तर्फ ५३ र संस्थागत तर्फ ७ वटा गरी जम्मा ६० वटा विद्यालय छन्। आधारभूत तहमा अध्ययन गर्ने १०५५७ बालबालिकाहरु भर्ना भएको देखिन्छ (आइमिस, २०७७ )

यस नगपालिका मा ५-१२ उमेर समूहका बालबालिकाहरू ९१५२ रहेका छन । आधारभूत तहमा कुल विद्यार्थी सङ्ख्या १०५५७ र विद्यालय विद्यार्थी अनुपात १३७.१ रहेको पाइन्छ । यस्तै आधारभूत तह (१-५) तर्फ कुल विद्यार्थी सङ्ख्या ६५८३र विद्यालय विद्यार्थी अनुपात १०१ रहेको छ । । यस्तै आधारभूत तह (६-८) तर्फ कुल विद्यार्थी सङ्ख्या ३९७४ र विद्यालय विद्यार्थी अनुपात ७० रहेको छ । यस पालिकामा आधारभूत तहमा जम्मा शिक्षक दरबन्दी सङ्ख्या ५२५ रहेका छ । वर्तमान अवस्थामा यस पालिकामा आधारभूत तह (१-५) तर्फ कक्षोन्नति दर ९०.२, खुद भर्नादर ९८.३ प्रतिशत र कक्षा कुल १-५ का भर्नादर ११४.४ प्रतिशत रहेको छ भने कक्षा १-८ को कुल भर्ना दर ११५.३५ रहेको छ। कक्षा १-५ विद्यार्थी शिक्षक अनुपात सामुदायिक विद्यालयमा १९ र संस्थागतमा १० रहेको छ। त्यस्तै गरी कक्षा ६-८ मा विद्यार्थी शिक्षक अनुपात सामुदायिक विद्यालयमा ४८ र संस्थागतमा १४ रहेको छ।

### ३.२.३ उद्देश्य

- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने,
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि गर्ने,
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्ने,
- सबै बालबालिकाहरूलाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्ने,
- सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्ने ,
- आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने,
- कक्षा १ देखि ३ सम्मका बालबालिकाहरूका लागि बालमैत्री सिकाइ वातावरण निर्माण गर्दै आधारभूत साक्षरता सिप,
- विकासको लागि पढाइ तथा गणितीय साथै अन्य अन्तर विषयक जीवनोपयोगी पक्षको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्ने,
- विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने,
- विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउने,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने,
- अन्तर सम्बन्धित विषयवस्तुहरूलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने।

### ३.२.४ रणनीतिहरू

१.विद्यालय नक्साङ्कन गर्ने,

२. विद्यालयहरूको पुनर्वितरण तथा समायोजना गर्ने,

३. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि कानुन तर्जुमा गर्ने,

४. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने,

५. प्रारम्भिक कक्षा पढाइ सम्बन्धी क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने,

६. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने,

७. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने,

८. शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने,

१. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने,
२. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,
३. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने,
४. शिक्षण सिकाइ विधिमा आवश्यक परिमार्जन गर्ने,
५. कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने,
६. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,
७. मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउने,
८. विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराइ सिकाइमा सुधार ल्याउने,
९. कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने,
१०. शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने,
११. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने,
१२. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने,
१३. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने,
१४. विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकूल सिकाइ क्रियाकलाप, सञ्चालन, भाषिक विविधता अनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने ,
१५. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने,
१६. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने,
१७. दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने,
१८. अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने,
१९. शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने,

२०. नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने,

२१. विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने,

२२. शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने ।

### ३.२.५ प्रमुख उपलब्धि र नतिजाहरू

**क) उपलब्धि:**

- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भइ गुणस्तर अभिवृद्धि हुने ।

**ख) नतिजा:**

तालिका ३.३: प्रमुख नतिजाहरु

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १ मा सहजै देखिने प्रवेश दर (GIR Grade 1 | १२०.४ | ११९.२ | ११८.० | ११६.८ | ११५.७ | १११.१ |
| | छत्र | ११७.३ | ११६.० | ११४.७ | ११३.४ | ११२.२ | १०७.३ |
| | छात्रा | १२४.१ | १२२.९ | १२१.८ | १२०.७ | ११९.७ | ११५.४ |
| २ | कक्षा १ मा खुद प्रवेश दर (NIR Grade 1 | ६६.८ | ७०.३ | ७३.९ | ७७.७ | ८१.७ | १००.० |
| | छत्र | ६५.२ | ६८.८ | ७२.६ | ७६.६ | ८०.८ | १००.० |
| | छात्रा | ६८.६ | ७१.९ | ७५.४ | ७९.० | ८२.८ | १००.० |
| ३ | आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर (GER) जम्मा | ११९.६ | ११८.१ | ११६.६ | ११५.२ | ११३.७ | १०८.१ |
| | छत्र | १२०.५ | ११९.० | ११७.४ | ११५.९ | ११४.४ | १०८.६ |
| | छात्रा | ११८.७ | ११७.२ | ११५.८ | ११४.४ | ११३.० | १०७.५ |
| ४ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (NER) जम्मा | ८९.३ | ९०.६ | ९१.९ | ९३.२ | ९४.५ | १००.० |
| | छत्र | ८९.५ | ९०.७ | ९२.० | ९३.३ | ९४.६ | १००.० |
| | छात्रा | ८९.१ | ९०.४ | ९१.७ | ९३.० | ९४.४ | १००.० |
| ५ | आधारभूत तह (कक्षा ६-८) मा सहजै देखिने भर्ना दर (GER) जम्मा | ११४.१ | ११३.३ | ११२.६ | १११.९ | १११.१ | १०८.३ |
| | छत्र | ११०.१ | १०९.८ | १०९.४ | १०९.१ | १०८.८ | १०७.५ |
| | छात्रा | ११८.३ | ११७.१ | ११५.९ | ११४.८ | ११३.६ | १०९.१ |
| ६ | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (NER) जम्मा | ६१.८ | ६५.३ | ६८.९ | ७२.८ | ७६.९ | ९५.५ |
| | छत्र | ५७.४ | ६१.१ | ६५.१ | ६९.३ | ७३.८ | ९५.० |
| | छात्रा | ६६.५ | ६९.६ | ७२.९ | ७६.३ | ७९.९ | ९६.० |
| ७ | आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्ना दर (GER) जम्मा | ११७.४ | ११५.७ | ११५.१ | ११३.५ | ११२.४ | १०८.२ |
| | छत्र | ११६.३ | ११४.४ | ११३.८ | ११२.५ | १११.६ | १०८.० |
| | छात्रा | ११८.५ | ११७.२ | ११६.५ | ११४.६ | ११३.३ | १०८.३ |
| ८ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (NER) | ७८.२ | ७७.९ | ७९.६ | ८३.० | ८५.७ | ९७.८ |
| | छत्र | ७६.६ | ७५.९ | ७७.५ | ८१.३ | ८४.२ | ९७.५ |
| | छात्रा | ८०.० | ८०.० | ८१.७ | ८४.७ | ८७.१ | ९८.० |
| ९ | आधारभूततह (कक्षा १-८) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १.०२ | १.०२ | १.०१ | १.०२ | १.०२ | १.०० |
| १० | आधारभूततह (कक्षा १-८) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) | १.०४ | १.०५ | १.०४ | १.०४ | १.०३ | १.०१ |

- सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भइ सहभागी हुने,
- सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पूरा गरेको हुने,

- न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने,
- आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने,
- बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने,
- विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने,
- विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्ध हुने,
- बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,
- आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने,
- विद्यालय शिक्षा प्रणाली प्रकोप,सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने,
- सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भइ सिकाइमा सहयोग हुने,
- जनशक्तिको क्षमता विकास भइ गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

### ३.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य :

तालिका ३.४: प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | सामुदायिक आधारभूत विद्यालयमा (कक्षा १-५) स्वीकृत र राहत दरवन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | शिक्षक | २२६ | २२६ | २२६ | २२६ | २२६ | |
| २ | सामुदायिक आधारभूत विद्यालयमा (कक्षा ६-८) स्वीकृत र राहत दरवन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | शिक्षक | ६० | ६० | ६० | ६० | ६० | |
| ३ | आधारभूत तह १-५ कालागि थप ...........वटा नयाँ शिक्षक दरवन्दी सिर्जना गर्ने वा सो बरावरको शिक्षण सिकाई बजेट अनुदान प्रदान गर्ने | शिक्षक | ० | २ | ० | २ | १ | |
| ४ | सामुदायिक आधारभूत विद्यालय (कक्षा ६-८ तहमा) सन्चालनमा रहेकामध्ये शुन्य दरवन्दी भएका विद्यालयलाई १ दरवन्दी बराबरको अंग्रेजी, गणित, र विज्ञान विषयको शिक्षक पूर्तिका लागि शिक्षण सहयोग अनुदान | शिक्षक | ११ | ११ | १२ | १३ | १४ | |
| ५ | सामुदायिक आधारभूत तह (कक्षा १-८) विद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | कर्मचारी | ६३ | ६३ | ६३ | ६३ | ६३ | |
| ६ | सामुदायिक आधारभुत तह (कक्षा १-५) विद्यालयहरुका विद्यार्थीकालागि शिक्षण सिकाई सामग्री, डिजिटल सिकाई सामग्री र Book corner व्यवस्थापन/सन्चालन अनुदान | विद्यार्थी | ४४२१ | ४५९८ | ४५७६ | ४७७२ | ४८४४ | |
| ७ | सामुदायिक आधारभुत तह (कक्षा ६-८) विद्यालयहरुका विद्यार्थीकालागि शिक्षण सिकाई सामग्री, डिजिटल सिकाई सामग्री र Book corner व्यवस्थापन/सन्चालन अनुदान | विद्यार्थी | ३०३२ | ३११० | २९३३ | २९६९ | २९७९ | |
| ८ | सामुदायिक आधारभुत तह (कक्षा १-५) विद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च | विद्यार्थी | ४९ | ४९ | ४९ | ४९ | ४९ | |
| ९ | सामुदायिक आधारभुत तह (कक्षा १-८) विद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च | विद्यालय | १४ | १४ | १४ | १४ | १४ | |
| १० | आधारभूत तह (कक्षा १-५) का लागि प्र.अ.भत्ता | विद्यालय | ४९ | ४९ | ४९ | ४९ | ४९ | |
| ११ | आधारभूत विद्यालय (कक्षा १-८) का लागि SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप सन्चालनका लागि एकमुष्ठ अनुदान | प्र.अ. | ६३ | ६३ | ६३ | ६३ | ६३ | |
| १२ | आधारभूत विद्यालय (कक्षा १-८) का लागि सामाजिक परीक्षण, आर्थिक लेखा परिक्षण, विद्यार्थी परिचय-पत्र व्यवस्थापन, EMIS व्यवस्थापन बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सन्चालनका लागि एकमुष्ठ अनुदान | प्र.अ. | ६३ | ६३ | ६३ | ६३ | ६३ | |
| 13 | बहुकक्षा/बहुभाषिक कार्यक्रम (MGML program) सन्चालन भएका विद्यालयका लागि सन्चालन अनुदान | विद्यालय | ० | ० | ० | ० | ० | |
| १४ | बहुभाषिक कार्यक्रम (ML program) सन्चालन भएका विद्यालयका लागि सन्चालन अनुदान | विद्यालय | ० | ० | ० | ० | ० | |
| १५ | कक्षा १-३ सम्म पढाई र गणित क्षेत्रका थप सिकाई सामग्री छपाई र वितरणका लागि विद्यालयहरुलाई बजेट अनुदान | विद्यालय | ७६ | ७६ | ७६ | ७६ | ७६ | |
| १६ | आधारभूत तह (कक्षा १-५) का विद्यार्थीका लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान | विद्यालय | ४५६४ | ४४२१ | ४५९८ | ४५७६ | ४७७२ | |
| १७ | आधारभूत तह (कक्षा ६-८) का विद्यार्थीका लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान | विद्यालय | ३३८० | ३०३२ | ३११० | २९३३ | २९६९ | |
| १८ | आधारभूत तह (ECED देखि कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सन्चालन अनुदान (कर्णाली क्षेत्रका ५ जिल्लाका लागि रू.२५ र अन्यलाई रू. १५ र औसत रू.२० का दरले १८० दिनका लागि) | विद्यालय | ५८५८ | ६१६४ | ६२८२ | ६६३२ | ६८७० | |
| १९ | तोकिएका २२ जनजातिका विद्यार्थीमध्ये तोकिएको छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको छात्र/छात्रा सङ्ख्या (विपन्न र साधारण छात्रवृत्ति बाहेक) | विद्यार्थी | ७० | ८२ | ९४ | ११७ | १२९ | |
| २० | कर्णालीका छात्राका लागि छात्रवृत्ति | विद्यार्थी | ० | ० | ० | ० | ० | |
| २१ | दलित छात्रवृत्ति | विद्यार्थी | ६४१ | ६४१ | ६४१ | ६४१ | ६४१ | |
| २२ | अपाङ्गता भएका विद्यार्थीका लागि आवशीय शैक्षिक सेवा छात्रवृत्ति | विद्यार्थी | २ | २ | २ | २ | २ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| २३ | अपाङ्गता भएका विद्यार्थीका लागि सहयोगी सहयता सेवा छात्रवृत्ति | विद्यार्थी | २२ | २२ | २२ | २२ | २२ | |
| २४ | अपाङ्गता भएका विद्यार्थीका लागि यातायात सेवा छात्रवृत्ति | विद्यार्थी | ७ | ४ | ४ | ४ | ४ | |
| २५ | अपाङ्गता भएका विद्यार्थीका लागि शैक्षिक सामग्री र प्रोत्साहन छात्रवृत्ति | विद्यार्थी | १३ | १३ | १३ | १३ | १३ | |
| २६ | द्वन्द्व पिडितका छोराछोरीका लागि छात्रवृत्ति (१-५ कक्षाका लाई १२००० र ६-८ कक्षाका विद्यार्थीलाई १४००० का दरले, औसतमा १३०००/-) | विद्यार्थी | ० | ० | ० | ० | ० | |
| २७ | सहिदका छोराछोरीका लागि छात्रवृत्ति (१-५ कक्षाका लाई १२००० र ६-८ कक्षाका विद्यार्थीलाई १८००० का दरले, औसतमा १५०००/-) | विद्यार्थी | ० | ० | ० | ० | ० | |
| २८ | मुक्त कमलरी छात्रवृत्ति (कक्षा १-८) | विद्यार्थी | ० | ० | ० | ० | ० | |
| २९ | आधारभूत तहमा अध्ययनरत विद्यार्थीमध्ये (कक्षा ६-८) अतिविपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण बापतको बजेट अनुदान | विद्यार्थी | ३० | ३४ | ३८ | ४२ | ४५ | |
| ३० | कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad वितरण बापतको बजेट अनुदान | विद्यार्थी | १६१९ | १६६६ | १५७५ | १५९९ | १६०९ | |
| ३१ | विद्यालयहरुमा Internet जडान, व्यवस्थापन र सन्चालन बापतको बजेट अनुदान (१-५ संचलित विद्यालयलाई वार्षिक १२००० र १-८ संचलित विद्यालयलाई वार्षिक १५०००) | विद्यार्थी | ६३ | ६३ | ६३ | ६३ | ६३ | |
| ३२ | शुन्य दरवन्दी भएका विद्यालयहरूलाई एकमुष्ठ बजेट अनुदान | विद्यार्थी | ० | ० | ० | ० | ० | |
| ३३ | SMCs र PTAs को क्षमता अभिवृद्दी र अभिभावकहरूलाई सचेतना कार्यक्रम | विद्यार्थी | ७६ | ७६ | ७६ | ७६ | ७६ | |
| ३४ | आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सन्चालन बापत स्थानीय तहलाई बजेट अनुदान | विद्यालय | ११७३ | ११८० | १०४० | १०६६ | ९५१ | |
| ३५ | शैक्षिक कार्यक्रम व्यवस्थापन तथा सुशासन प्रवर्धन | विद्यालय | ६३ | ६३ | ६३ | ६३ | ६३ | |
| ३६ | विद्यालय सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेशागत सहयोगका लागि Mentoring Mechanism को कार्यान्वयन | विद्यालय | ६३ | ६३ | ६३ | ६३ | ६३ | |
| ३७ | आधारभूत विद्यालयका IT स्रोत शिक्षकका लागि सुचना प्रविधिसम्बन्धी ५ दिने क्षमता विकास तालिम | शिक्षक | १४ | १४ | १४ | १४ | १४ | |
| ३८ | एकीकृत पाठ्यक्रमसम्बन्धी कष्टमाइज तालिम (अनलाईन समेत) | शिक्षक | १७ | २४ | ३० | ३७ | ५१ | |
| ३९ | स्थानीय तहको साझेदारीमा भौतिक निर्माण सर्वेक्षण तथा नक्शांकन | विद्यालय | ० | ७६ | ० | ७६ | ० | |
| ४० | ReAL Plan कार्यान्वियन सहजीकरण तथा विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम (मा.न.पा.६ लाख, न.पा.५ लाख र गा.पा.लाई ४ लाख र औसत ५ लाख) | | १ | १ | १ | १ | १ | |
| ४१ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | | ६३ | ६३ | ६३ | ६३ | ६३ | |
| ४२ | शिक्षक दरवन्दी नभएका ३ वटा विद्यालयका लागि वैकल्पिक कक्षा संचालन अनुदान | | ३ | ३ | ४ | ५ | ६ | |
| ४३ | नयाँ अनुमतिप्राप्त शिक्षक दरवन्दी नभएका थप १ ओटा सामुदायिक विद्यालयका लागि वैकल्पिक कक्षा संचालन अनुदान | | १ | १ | १ | १ | १ | |
| ४४ | शिक्षक दरवन्दी अपुग भएका आधारभुत र माध्यमिक विद्यालयका लागि शिक्षक व्यवस्थापन अनुदान | | २ | २ | ३ | ४ | ५ | |
| ४५ | सामुदायिक विद्यालयहरुमा कार्यरत विद्यालय सहयोगी कर्मचारीहरु (७५ जना) को लागि नेपाल सरकारले निर्धारण गरेको न्युनतम पारिश्रमिकमा उल्लेखित रकममा नपुग हुने रकम थप अनुदान | | ६३ | ६३ | ६३ | ६३ | ६३ | |
| ४६ | | | | | | | | दातृ संस्थाहरूबाट प्रस्तावित |
| ४७ | | | | | | | | |

- विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन,
- मापदण्ड अनुसार शिक्षक व्यवस्था,
- सबै बालबालिकालाई विद्यालय भर्ना,
- प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था,
- प्रारम्भिक कक्षा शिक्षण सम्बन्धी शिक्षक तालिम,
- विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास,
- विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण,
- शिक्षक क्षमता विकास,
- समुदाय स्तरमा घुम्ती पढाइ सिविर
- सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास,
- शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना,
- विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध,
- अपाङ्गता भएका विद्यार्थीलाई सहयोग,
- पाठ्यपुस्तक व्यवस्था,
- सन्दर्भ सामग्रीको व्यवस्था,

- विपन्नका लागि पोसाक, स्टेशनरीका लागि छात्रवृत्ति,
- सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन,
- कक्षाकोठामा आधारित मूल्याङ्कन तथा कक्षाकोठामा आधारित पठन सिप परीक्षण
- व्यवस्थित परीक्षा प्रणाली,
- शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना,
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरूको क्षमता विकास,
- अभिभावकहरूलाई साथी दौतरी शिक्षा र अभिभावक शिक्षाको विषयमा अभिमुखीकरण गरी बच्चाको पठन सिप विकासका लागि परिचालन गर्ने गै स स परिचालन ,
- समूह तथा अन्य क्रियाकलाप सञ्चालनका लागि उपयुक्त कोठाको व्यवस्थापन,
- बालमैत्री र छापायुक्त कक्षाकोठाको व्यवस्था,
- कक्षा १ देखि ३ सम्मको बालबालिकाका लागि बालमैत्री बसाइ व्यवस्थापन,
- कक्षा पुस्तकालयको वा बुक कर्नरको स्थापना गरी बालबालिकालाई भरपुर पढाइको अवसर प्रदान,
- प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायतको व्यवस्थापन।
- विद्यालयमा शिक्षक समूह गठन र नियमित बैठकमा सहयोग
- पालिका स्तरमा गठित शिक्षक पेसागत सहयोग विज्ञ समूह परिचालन र बैठक
- प्रारम्भिक कक्षा सिकाइका लागि विद्यालय स्तरमा अभिभावकहरूको समूह निर्माण नियमित बैठक र बच्चाको पढाइ प्रबन्धका लागि परिचालन

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयनसँगै कक्षा (९–१२) मा प्राविधिक तथा व्यवसायिक धारको सुरुवात गरिएको छ । यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ बाट प्रारम्भ भएको छ । नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकालाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशिलता रचनात्मकता,अध्ययनशिलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तह देखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

यस नगपालिका मा ९ देखि १२ को कुल भर्ना दर १००.५रहेको छ र खुद भर्ना दर ५३.५रहेको छ। कक्षा ९–१२ मा लैगिक समता सूचक १.२ पुगेको छ । कक्षा ८ र कक्षा १० पछाडि ठूलो सङ्ख्यामा बालबालिकाहरूले विद्यालय छाड्ने गरेको देखाउँछ। यस पालिकामा सामुदायिक माध्यमिक विद्यालयको कक्षा ९ र १० मा ५२ र कक्षा ११ र १२ मा २२ गरी जम्मा ७४ जना शिक्षकहरू कार्यरत रहेका छन।। माध्यमिक तहमा कुल विद्यार्थी सङ्ख्या ३८०७ र विद्यालय विद्यार्थी अनुपात ३८० रहेको पाइन्छ। यस तहमा कुल शिक्षकहरू मध्ये कक्षा ९–१० मा ६७ प्रतिशत र कक्षा ११–१२ मा ३२ प्रतिशतले मात्र शिक्षण सीप विकास तालिम प्राप्त गरेको देखिन्छ । विद्यार्थी शिक्षक अनुपात कक्षा ९–१० मा सामुदायिक विद्यालयमा ४३ र संस्थागत विद्यालयमा ७ रहेको छ भने कक्षा ११–१२ मा सामुदायिक विद्यालयमा ६६ रहेको छ।

### ३.३.३ उद्देश्य

- माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने,
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने,
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउने,
- शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने।

### ३.३.४ रणनीतिहरू

- विद्यालयहरूको नक्साङ्कन गर्ने,
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने,
- नि:शुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने,
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ,
- वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने,
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,
- शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,
- शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,
- विद्यालयहरूलाई प्रकोप,सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,
- विज्ञान ,गणित र अंग्रेजी विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने ,
- सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गर्ने,
- आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने।

### ३.३.५ प्रमुख उपलब्धि र नतिजा

**क) उपलब्धिः**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**ख) प्रमुख नतिजाः**

तालिका ३.५: प्रमुख नतिजाहरु

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | २०८९/ ९० |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिकतह (कक्षा ९-१०) मा सहजै देखिने भर्ना दर (GER) | ८६.९ | ८९.१ | ९१.३ | ९३.५ | ९५.८ | १०५.७ |
| | छात्र | ८७.१ | ८९.३ | ९१.५ | ९३.८ | ९६.१ | १०६.० |
| | छात्रा | ८६.८ | ८९.० | ९१.३ | ९३.७ | ९६.१ | १०६.४ |
| २ | माध्यमिकतह (कक्षा ९-१०) मा खुद भर्ना दर (NER) | ३८.९ | ४३.५ | ४८.६ | ५४.४ | ६०.८ | ९५.० |
| | छात्र | ३९.३ | ४३.९ | ४८.९ | ५४.५ | ६०.८ | ९४.० |
| | छात्रा | ४३.२ | ४७.८ | ५२.८ | ५८.३ | ६४.४ | ९६.० |
| ३ | माध्यमिकतह (कक्षा ११-१२) मा सहजै देखिने भर्ना दर (GER) | ७९.९ | ८२.७ | ८५.५ | ८८.५ | ९१.६ | १०५.० |
| | छात्र | ७२.७ | ७६.० | ७९.५ | ८३.२ | ८७.० | १०४.२ |
| | छात्रा | ८६.८ | ८९.० | ९१.२ | ९३.५ | ९५.८ | १०५.७ |
| ४ | माध्यमिकतह (कक्षा ११-१२) मा खुद भर्ना दर (NER) | ४०.५ | ४४.५ | ४९.० | ५३.८ | ५९.२ | ८६.५ |
| | छात्र | ३७.९ | ४२.० | ४६.५ | ५१.५ | ५७.० | ८५.६ |
| | छात्रा | ४४.८ | ४८.७ | ५२.९ | ५७.५ | ६२.५ | ८७.३ |
| ५ | माध्यमिकतह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दर (GER) | ८३.५ | ८५.९ | ९०.४ | ९१.० | ९३.७ | १०५.३ |
| | छात्र | ८०.० | ८२.६ | ८६.९ | ८८.५ | ९१.६ | १०५.१ |
| | छात्रा | ८६.८ | ८९.० | ९३.६ | ९३.६ | ९५.९ | १०६.१ |
| ६ | माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना दर (NER) | ३९.७ | ४४.० | ४९.२ | ५४.१ | ६०.० | ९०.८ |
| | छात्र | ३५.१ | ४२.९ | ४७.८ | ५३.० | ५८.९ | ८९.८ |
| | छात्रा | ४४.० | ४८.२ | ५४.० | ५७.९ | ६३.५ | ९१.६ |
| ७ | माध्यमिकतह (कक्षा ९-१२) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १.०९ | १.०८ | १.०७ | १.०६ | १.०५ | १.०१ |
| ८ | माध्यमिकतह (कक्षा ९-१२) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) | १.२५ | १.१२ | १.११ | १.०९ | १.०८ | १.०२ |
| ९ | आधारभूततह (कक्षा १-१२) मा उमेरगत भर्ना दर (ASER) | ९६.२ | ९६.७ | ९७.१ | ९७.६ | ९८.१ | १००.० |
| | छात्र | ९५.४ | ९६.० | ९६.६ | ९७.१ | ९७.७ | १००.० |
| | छात्रा | ९६.९ | ९७.३ | ९७.७ | ९८.१ | ९८.५ | १००.० |
| १० | आधारभूततह बाट माध्यमिकतहमा संक्रमण दर (Transition rate from Basic Level to Secondary Level) | ७९.९ | ८२.१ | ८४.४ | ८६.७ | ८९.१ | ९९.३ |
| ११ | कक्षा १० बाट ११ मा संक्रमण दर (Transition rate from Secondary 10 to 11) | ७८.१ | ८०.० | ८२.० | ८४.१ | ८६.२ | ९५.१ |

- सबै बालबालिकाहरूलाई नि:शुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भइ खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने,
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने,
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,
- पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने,
- माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,
- माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने,
- माध्यमिक विद्यालयहरू प्रकोप,सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने,
- सूचना तथा सञ्चार प्रविधिको उपयोग भइ विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने,
- माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने,
- माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने।

### ३.३.६ प्रमुख क्रियाकलाप र लक्ष्यः

तालिका ३.६: प्रमुख क्रियाकलापहरू

| क.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | सबै प्रकार र तहका विद्यालय नक्शांकन भौतिक सर्भेक्षण, समायोजन र पुनरवितरण साथै IEMIS अधावधिक समेत कार्यक्रम सन्चालन | विद्यालय | ८९ | ८९ | ८९ | ८९ | ८९ | |
| २ | सामुदायिक माध्यमिक विद्यालयमा (कक्षा ९-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | शिक्षक | ६३ | ६३ | ६३ | ६३ | ६३ | |
| ३ | सामुदायिक माध्यमिक विद्यालयमा (कक्षा ९-१०) सन्चालनमा रहेका मध्ये शुन्य दरबन्दी भएका विद्यालयलाई अंग्रेजी, गणित, र विज्ञान विषयको शिक्षक पूर्तिका लागि शिक्षण सहयोग अनुदान | शिक्षक | ७ | ७ | ८ | ९ | १० | |
| ४ | सामुदायिक माध्यमिक तह (कक्षा १-१०) विद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | |
| ५ | सामुदायिक माध्यमिक तह (कक्षा १-१२) विद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | |
| ६ | माध्यमिक तह (कक्षा ९-१२) का लागि प्र.अ.भत्ता | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | |
| ७ | सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयहरुमा कार्यरत कर्मचारीहरूका लागि (१जना) तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | कर्मचारी | १३ | १३ | १३ | १३ | १३ | |
| ८ | सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयहरुमा कार्यरत लेखा र प्रशासनिक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | कर्मचारी | १३ | १३ | १३ | १३ | १३ | |
| ९ | सामुदायिक माध्यमिकतह (कक्षा ९-१०) विद्यालयहरुका विद्यार्थीकालागि शिक्षण सिकाई सामग्री र डिजिटल सिकाई सामग्री व्यवस्थापन/सन्चालन अनुदान | विद्यार्थी | १९१८ | १९४८ | १८६३ | १८२४ | १९३६ | |
| १० | सामुदायिक माध्यमिक तह (कक्षा ११-१२) विद्यालयहरुका विद्यार्थीकालागि शिक्षण सिकाई सामग्री र डिजिटल सिकाई सामग्री व्यवस्थापन/सन्चालन अनुदान | विद्यार्थी | १६३५ | १४०० | १४४९ | १६०९ | १७६५ | |
| ११ | माद्यमिक विद्यालय (कक्षा १-१२) विद्यालयका लागि SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप सन्चालनका लागि एकमुष्ठ अनुदान | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | |
| १२ | माद्यमिक विद्यालय (कक्षा १-१२) का लागि सामाजिक परीक्षण, आर्थिक लेखा परिक्षण, विद्यार्थी परिचय-पत्र व्यवस्थापन, EMIS व्यवस्थापन बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सन्चालनका लागि एकमुष्ठ अनुदान | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | |
| 13 | माध्यमिक तह (कक्षा ९-१०) का लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान | विद्यार्थी | १९१८ | १९४८ | १८६३ | १८२४ | १९३६ | |
| १४ | माध्यमिक तह (कक्षा ११-१२) का लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान (पाठ्यपुस्तकको सङ्ख्या पाठ्यक्रम ढाँचाले तोके अनुसार हुने) | विद्यार्थी | १६३५ | १४०० | १४४९ | १६०९ | १७६५ | |
| १५ | मुक्त कमलरी गैर आवाशीय छात्रवृत्ति (कक्षा ९-१०) | विद्यार्थी | ० | ० | ० | ० | ० | |
| १६ | मुक्त कमलरी गैर आवाशीय छात्रवृत्ति (कक्षा ११-१२) | विद्यार्थी | ० | ० | ० | ० | ० | |
| १७ | आवसीय मुक्त कमलरी छात्रवृत्ति | विद्यार्थी | ० | ० | ० | ० | ० | |
| १८ | फिडर छात्रावासमा अध्ययनरत छात्राका लागि आवसीय छात्रवृत्ति | विद्यार्थी | ० | ० | ० | ० | ० | |
| १९ | सार्वजनिक निजि साझेदारीमा सन्चालित नमुना विद्यालयका छात्राबासको स्वीकृत कोटामा बसी अध्ययनरत छात्र/छात्राका लागि आवसीय छात्रवृत्ति | विद्यार्थी | ० | ० | ० | ० | ० | |
| २० | हिमाली आवसीय छात्रवृत्ति | विद्यार्थी | ० | ० | ० | ० | ० | |
| २१ | विद्यालयमा अध्ययनरत अति सिमान्तकृत विद्यार्थीका लागि आवसीय छात्रवृत्ति | विद्यार्थी | १ | २ | ३ | ४ | ५ | |
| २२ | सडक बालबालिका तथा बाल श्रमिकका लागि आवश्यक शैक्षिक प्रबन्धका लागि आवसीय छात्रवृत्ति | विद्यार्थी | ४ | ४ | ४ | ४ | ४ | |
| २३ | HIV प्रभावित बालबालिका तथा बादी समुदायका विद्यार्थीकालागि आवसीय छात्रवृत्ति | विद्यार्थी | ० | ० | ० | ० | ० | |
| २४ | द्वन्द्व पिडितका छोराछोरीका लागि छात्रवृत्ति | विद्यार्थी | ० | ० | ० | ० | ० | |
| २५ | सहिदका छोराछोरीका लागि छात्रवृत्ति | विद्यार्थी | ० | ० | ० | ० | ० | |
| २६ | माध्यमिक तहका विद्यार्थीहरूमध्ये (कक्षा ९-१०) अतिविपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | विद्यार्थी | ५८ | ५८ | ५६ | ५५ | ५८ | |
| २७ | माध्यमिक तहका विद्यार्थीहरूमध्ये (कक्षा ११-१२) अतिविपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | विद्यार्थी | ४९ | ४२ | ४३ | ४८ | ५३ | |
| २८ | कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad वितरण बापतको बजेट अनुदान | विद्यार्थी | १९२२ | १८१४ | १७९८ | १८६७ | २०१६ | |
| २९ | माध्यमिक विद्यालय तहमा विज्ञान प्रयोगशाला स्थापना र सन्चालन बजेट अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | |
| ३० | विद्यालयमा Internet जडान तथा सन्चालन खर्च | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | |
| ३१ | माध्यमिक विद्यालय तहमा पुस्तकालय, ICT प्रयोगशाला स्थापना, सिकाई सामग्री र सन्चालन बजेट अनुदान (फिक्सिंग, पुस्तक खरिद र ई-पुस्तकालय) | विद्यालय | २ | २ | २ | ३ | ३ | |
| ३२ | नमूना विद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक विद्यालयमा भौतिक विकास कार्यक्रम बजेट अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | |
| ३३ | नमूना विद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक विद्यालय र कक्षा ११-१२ मा विज्ञान विषय सन्चालन भएका माध्यमिक विद्यालयमा शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित बजेट अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | |
| ३४ | तोकिएका सूचकका आधारमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई प्रोत्साहन बजेट अनुदान | प्र.अ. | २ | २ | २ | २ | २ | |
| ३५ | सबै प्रकारका छात्रवास सन्चालन बापत बजेट अनुदान | छात्रवास | १ | १ | १ | १ | १ | |
| ३६ | कक्षा ९-१० मा प्राविधिक धार सन्चालन भएका विद्यालयमा कार्यरत शिक्षक/प्रशिक लाई मा.शि.तृतीय सरह पोसाक भत्ता बापतको बजेट अनुदान | प्रशिक | ४ | ४ | ४ | ४ | ४ | |
| ३७ | कक्षा ९-१० मा प्राविधिक धार सन्चालन भएका विद्यालयमा कार्यरत शिक्षक/प्रशिक लाई नि.मा.शि.तृतीय सरह पोसाक भत्ता बापतको बजेट अनुदान | प्रशिक | २ | २ | २ | २ | २ | |
| ३८ | कक्षा ११-१२ मा प्राविधिक धार सन्चालन भएका विद्यालयमा कार्यरत शिक्षक/प्रशिक पोसाक भत्ता बापतको बजेट अनुदान | प्रशिक | २ | २ | २ | २ | २ | |
| ३९ | कक्षा ९-१२ मा प्राविधिक धार सन्चालन भएका विद्यालयमा प्रत्ति विद्यार्थी सिकाई सामग्री, प्रयोगशाला सहयोग, औजार/सामग्री, प्रयोगात्मक सामग्री, OJT र सन्चालन खर्च बापतको बजेट अनुदान | विद्यार्थी | १३४ | १३५ | १६९ | १८० | २०० | |
| ४० | कक्षा ९-१२ मा प्राविधिक धार सन्चालन भएका विद्यालयमा राष्ट्रिय प्राविधिक सेवामा खटिएका जनशक्तिका लागि निर्वाह खर्च | प्रशिक्षक | १ | १ | १ | १ | १ | |
| ४१ | शैक्षिकसत्र २०७९ देखि कक्षा ९ बाट प्राविधिक धार सन्चालन भएका विद्यालयमा ल्याव व्यवस्थापन बापतको बजेट अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | |
| ४२ | कक्षा ९-१२ मा प्राविधिक धार सन्चालन भएका विद्यालयमा ल्याव/प्रयोगशाला स्थापना, औजार/सामग्री खरिद र व्यवस्थापन बापतको बजेट अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | |
| ४३ | शुन्य दरबन्दी भएका विद्यालयहरूलाई एकमुष्ठ बजेट अनुदान | विद्यालय | ० | ० | ० | ० | ० | |
| ४४ | द्वन्द पिडित परिवार शिक्षा कार्यक्रम (शहिद प्रतिष्ठान मार्फत सन्चालन हुने) | | | | | | | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| ४५ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | बिद्यालय | १३ | १३ | १३ | १३ | १३ | |
| ४६ | माध्यमिक तहका सामुदायिक विद्यालयमा कार्यरत सहायक कर्मचारीहरु (१० जना) को लागि नेपाल सरकारले निर्धारण गरेको न्युनतम पारिश्रमिकमा उल्लेखित रकममा नपुग हुने रकम थप अनुदान | कर्मचारी | १० | १० | १० | १० | १० | |
| ४७ | शिक्षक दरबन्दी अपुग भएका आधारभुत र माध्यमिक विद्यालयका लागि शिक्षक व्यवस्थापन अनुदान | शिक्षक | १५ | १५ | १५ | १५ | १५ | |
| ४८ | सामुदायिक बिद्यालयहरुमा कार्यरत बिद्यालय सहयोगी कर्मचारीहरु (७५ जना) को लागि नेपाल सरकारले निर्धारण गरेको न्युनतम पारिश्रमिकमा उल्लेखित रकममा नपुग हुने रकम थप अनुदान | कर्मचारी | ७५ | ७५ | ७५ | ७५ | ७५ | |
| ४९ | सुर्यज्योती मावि मेहेलकुनालाई खेलकुद बिकास तथा प्रवर्धन अनुदान | बिद्यालय | १ | १ | १ | १ | १ | |
| | | | | | | | | दातृ सँस्थाहरूबाट प्रस्तावित |
| | | | | | | | | |

- नि:शुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि र निर्देशिका तयारी,
- विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन,
- विज्ञान, गणित तथा कम्प्यूटर विज्ञान विषय अध्ययनका लागि अवसर,
- मापदण्डअनुसार शिक्षक व्यवस्था,
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने,
- आवश्यकता अनुसार खुला तथा दूर शिक्षा लगायतका वैकल्पिक प्रबन्ध,
- विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास,
- विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण,
- शिक्षक क्षमता विकास,
- विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन,
- सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास,
- शिक्षक सहायता प्रणालीको पुनर्संरचना,
- विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम,
- अपाङ्गता भएका विद्यार्थीलाई सहयोग,
- नि:शुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, ड्रेस तथा स्टेशनरी, दिवा खाजा, छात्रवृत्ति र सिकाइ सामग्री व्यवस्था,
- कक्षाकोठामा आधारित मूल्याङ्कन,
- व्यवस्थित परीक्षा प्रणाली,
- शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना,
- विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास,
- अभिभावक अभिमुखीकरण र सहभागिता,
- लक्षित बालबालिकाहरूका लागि आवासीय प्रबन्ध,

## ३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिम

### ३.४.१परिचय

विकासका लागि साधारण र प्राविधिक जनशक्तिका बीच सन्तुलनको आवश्यकता पर्दछ । सुरुवातका दिनहरूमा साधारण शिक्षातर्फ जोड दिइए तापनि विस्तारै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ । कृषि, भेटनरी, सब ओभरसियर, इन्जिनियरिङ, चिकित्सा विज्ञान, कम्प्युटर लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेको छ । प्राविधिक तथा व्यवसायिक शिक्षाका अवसरहरूमा सबै लिंग, अपाङ्गता, गरिवी, सीमान्तकृत आर्थिक सामाजिक रुपले पछि परेको समुदाय लगायतका सबै वर्गको समतामूलक पहुँच, सहभागिता र सिकाइ उपलव्धिमा सुधार गर्दै श्रम बजार सँग

आवद्ध गर्नुपर्ने देखिन्छ ।वि. सं. २०७२ को संविधान सँगसँगै “समृद्ध नेपाल, सुखी नेपाली” भन्ने राष्ट्रिय आकांक्षा पूरा गर्नका लागि राष्ट्रिय योजना आयोगले नौ वटा राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व तय गरेको र त्यसको लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरिएको छ ।
सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरी खाने शिक्षामा समावेशी, समतामूलक र समन्यायिक ढङ्गमा दिने अवसरलाई व्यापक बनाउन जोड दिएको छ । यस प्रकारको शिक्षाको विकासले यस पालिकामा सिपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवम रोजगारीका अवसरहरू सृजना भइ विदेसिने युवाहरू आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुनेछ ।

## ३.४.२ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पछिल्लो तथ्याङ्क अनुसार नेपालमा ५७ वटा आङ्गिक पोलिटेक्निक शिक्षालयहरू, १७ वटा साझेदारीमा सञ्चालित पोलिटेक्निक शिक्षालयहरू, ४३४ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ वटा सम्बन्धन प्राप्त शिक्षालयहरू र ५८७ प्राविधिक एस.एल.सी. तहका कार्यक्रम र ६१४ डिप्लोमा तहका कार्यक्रम सञ्चालनमा रहेका छन् (प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एकीकृत बार्षिक प्रतिवेदन, २०७६) ।कर्णाली प्रदेशमा ४ वटा आङ्गिक, २ वटा साझेदारी, १०४ वटा सामुदायिक विद्यालयहरू, १८ वटा निजी संस्थाहरू रहेका छन् । गुर्भाकोट नगरपालिकामा ३ वटा प्राविधिक शिक्षालय स्थापना भइ कार्यान्वियनमा रहेका छन् ।

## ३.४.३ उद्देश्य

- प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्ने,
- स्थानीय तहमा प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने,
- प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने।

## ३.४.४ रणनीतिहरू

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने,
- बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने,
- आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्म निर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने,
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,
- विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने।

## ३.४.५ प्रमुख उपलब्धि र  नतिजा

**क) उपलब्धिः**

- उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने ।

**ख) प्रमुख नतिजाः**

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुने,
- स्थानीय तहमा बहु प्राविधक शिक्षालय/प्राविधक धारका माध्यमिक विद्यालयहरूको स्थापना भइ सञ्चालन हुने,
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिने,
- स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रवर्द्धन हुने,
- बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणिकरण तथा उपयोग हुने वातावरण सृजना हुने,
- खोज, नवप्रवर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुने,
- उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि हुने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि हुने।

## ३.४.५ प्रमुख क्रियाकलाप र लक्ष्यः

तालिका ३.७ प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (१० वर्ष) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८८ | जम्मा | |
| १ | प्रयोगशाला व्यवस्थापन सहयोग | विद्यालय | | २ | २ | ४ | २ | | १० | |
| २ | प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| ३ | छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन | वटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | प्राविधिक र व्यावसायिक शिक्षा सम्वन्धी पालिका स्तरीय नीतिको तर्जुमा | पटक | | १ | | | | | १ | |
| ५ | युवालाई खोज र नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई उद्यमशिलता विकासको लागि सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | विपन्न दलित,जनजाति र अन्य समुदायका विद्यार्थीहरूलाई Pilot ,Engineerर अन्य उच्च शिक्षा पढनाका लागि सहायता | जना | १ | १ | १ | १ | १ | १ | ६ | स्थानीय तह |
| ९ | विपन्न दलित ,जनजाति र अन्य समुदायका छात्रा र छात्रहरूलाई MBBS ,Pailot ,Engineer पढनाका लागि सहायता | जना | १ | १ | १ | १ | १ | १ | ६ | स्थानीय तह |

- प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन,
- प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको भौतिक पूर्वाधार विकास,
- बहुप्राविधिक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन,
- छोटो अवधिका सिपमूलक तालिम सञ्चालन,
- शिक्षक व्यवस्था,
- छात्रवृत्ति कार्यक्रम,
- स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा,
- खोज तथा नवप्रवर्तनात्मक कार्यलाई प्रोत्साहन,
- स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रवर्द्धन कार्यक्रम,
- बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणिकरण तथा उपयोग सम्बन्धी कार्यक्रम,
- उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग,
- आर्थिक रूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था।

**उपक्षेत्र ३.५**
**अनौपचारिक शिक्षा र आजीवन सिकाइ, साक्षरता र निरन्तर शिक्षा**

## ३.५.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रकृयाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि विभिन्न लक्ष्य बनाइ सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तर वृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम आजीवन शिक्षाले काम गर्दछ ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नितिले अवलम्वन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको ,प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइ अवसर दिगो विकासको मूल मर्म रहेकोले विगतको साक्षरताका कार्यक्रमबाट साक्षर बनेका नवसाक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ अवसर उपलव्ध गराउनुपर्दछ । विशेष गरी शिक्षाको औपचारिक संरचना बाहिर ठूलो सङ्ख्यामा रहेका युवा, महिला र प्रौढहरूका लागि कार्यमूलक साक्षरता, आयआर्जन, समूह साझेदारी Digital Literacy लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । औपचारिक र अनौपचारिक शिक्षाका बीचमा Cross ventilator को व्यवस्था गरी शिक्षा प्राप्तिलाई लचकदार र व्यक्तिको आवश्यकता र अनुकूलतामा आधारित बनाउदै लैजानु पर्ने देखिन्छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक बनाइ अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु,सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान

गरेको छ । सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी  मापदण्ड, २०७८ जस्ता नीतिगत व्यवस्था गरिएको छ ।

### ३.५.२ वर्तमान अवस्था

यस पालिकामा  सञ्चालित सिकाइ केन्द्रहरुको मुख्य उद्देश्य शिक्षाको अवसरबाट वञ्चित भएका, गरीबीको चपेटामा परेका समुदायका विभिन्न व्यक्तिहरूको आवश्यकतामा आधारित आय आर्जन कार्यक्रम, सिपमूलक कार्यक्रम, चेतनामूलक कार्यक्रम र पुस्तकालय सञ्चालन गर्न यस सिकाइ केन्द्रको स्थापना भएको हो । केन्द्रले आय आर्जनका लागि समूह गठन तथा परिचालन तथा पुस्तकालय व्यवस्थापनको काम गरिरहेको छ । यस नगपालिकाको साक्षरता दर ७०.६  रहेको छ । जसमा पुरूष साक्षरता दर ७८.८ र महिलाको साक्षारता दर ६४ प्रतिशत रहेको छ ।

### ३.५.३ उद्देश्य

- सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने,
- औपचारिक, अनौपचारिक तथा अतिरिक्त शिक्षाका बीच अन्तर सम्बन्ध स्थापित गर्ने,
- आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्ने,
- स्थानीय तहलाई पूर्ण साक्षर पालिका घोषणा गर्ने।

### ३.५.४ रणनीतिहरू

- मौलिक एवम परम्परागत ज्ञान तथा सिपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवम हस्तान्तर सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने,
- सामूदायिक सिकाइ केन्द्रहरूको पुनर्संरचना तथा पुन वितरण गरिने,
- सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने,
- सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गरिने,
- सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरिने,
- सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने  बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरिने।

### ३.५.५ प्रमुख  उपलब्धि र नतिजाहरू

**क) उपलब्धिः**

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुने ।

**ख) प्रमुख नतिजाः**

तालिका ३.८: प्रमुख नतिजा

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १ | हाल सन्चालनमा रहेका खुल्ला बिद्यालयहरू | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २ | जम्मा CLC मध्ये थप स्तरोंन्ती गरिएका र सन्चालनमा रहेका | ३.० | ३.० | ३.० | ३.० | ३.० | ३.० |

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/९० |
|---|---|---|---|---|---|---|---|
| ३ | ५ बर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | ८२.८ | ८४.७ | ८६.७ | ८८.७ | ९०.७ | ९९.४ |
| ४ | १५ बर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | ७८.२ | ८०.५ | ८२.८ | ८५.१ | ८७.६ | ९८.० |
| ५ | १५ देखि २४ बर्ष उमेरका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | ९९.१ | ९९.२ | ९९.३ | ९९.४ | ९९.५ | १००.० |
| ६ | १५ बर्ष र सो भन्दा माथिको साक्षर दरमा लैङ्गिक समता सूचांक | ०.८ | ०.९ | ०.९ | ०.९ | ०.९ | १.० |
| ७ | अनौपचारिक बैकल्पिक र प्रौढ बिद्यालय | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| ८ | आधारभूत (कक्षा १-८) तहमा बिद्यालय छाड्ने बिद्यार्थीको सङ्ख्या | ५.३ | ३.७ | २.६ | १.८ | १.३ | ०.३ |
| | छात्र | ५.८ | ४.० | २.८ | २.० | १.४ | ०.३ |
| | छात्रा | ४.८ | ३.३ | २.३ | १.६ | १.१ | ०.३ |
| ९ | ५-१६ बर्ष उमेरका बालबालिकामध्ये बिद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | ३.८ | ३.३ | ३.३ | २.४ | १.९ | ०.० |
| | छात्र | ४.६ | ४.० | ४.० | २.९ | २.३ | ०.० |
| | छात्रा | ३.१ | २.७ | २.७ | १.९ | १.५ | ०.० |

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने,
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भइ सञ्चालन हुने,
- सिकारुको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने,
- सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुने,
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने,
- अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी तथ्याङ्क अध्यावधिक हुने,
- स्थानीय तह पूर्ण साक्षर घोषणा हुने।

### ३.५.६ प्रमुख क्रियाकलाप र लक्ष्यः

तालिका ३.९: प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | पालिका तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सन्चालन बापतको बजेट अनुदान | वार्ड | १४ | १४ | ० | ० | १४ | |
| २ | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम सन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान (स्थानीय तहमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी बिषयबस्तुहरुको विकास, बितरण र प्रचारप्रसार गर्ने) | स्थानीय तह | ० | १ | १ | १ | १ | |
| ३ | स्थानीय तहको प्रत्येक वार्डमा सन्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सन्चालन गर्ने | वार्ड | ० | २ | ३ | ४ | ५ | |
| ४ | हाल सन्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थपगरी सवलिकरण गर्ने साथै समुदायिक केन्द्रहरूको सन्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी तथ्याँक बिबरण तयार गर्ने बापतको बजेट अनुदान | केन्द्र | ३ | ३ | ३ | ३ | ३ | |
| ५ | हाल सन्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्णकालिक परिचालकको व्यवस्था गर्न सोको तलबभत्ता बापतको बजेट अनुदान | परिचालक | ३ | ३ | ३ | ३ | ३ | |
| ६ | CLC परिचालकहरुको क्षमता अभिबृधि/तालिमका लागि बजेट अनुदान | परिचालक | ३ | ३ | ३ | ३ | ३ | |
| ७ | अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमन बापतको बजेट अनुदान | वडा | ० | १४ | ० | ० | १४ | |
| ८ | कक्षा १-५ सहितको तह सन्चालनमा रहेका परम्परागत बिद्यालयहरुका लागि एकमुष्ठ सन्चालन बजेट अनुदान | बिद्यालय | ० | ० | ० | ० | ० | |
| ११ | कक्षा ६-८ सहितको तह सन्चालनमा रहेका परम्परागत बिद्यालयहरुका लागि एकमुष्ठ सन्चालन बजेट अनुदान | बिद्यालय | ० | ० | ० | ० | ० | |
| १२ | कक्षा ९-१० र ११-१२ सहितको तह सन्चालनमा रहेका परम्परागत बिद्यालयहरुका लागि एकमुष्ठ सन्चालन बजेट अनुदान | बिद्यालय | ० | ० | ० | ० | ० | |
| १३ | खुल्ला बिद्यालय (कक्षा ६-८) को तह १ र २ सन्चालन बजेट अनुदान | बिद्यालय | ० | ० | ० | ० | ० | |
| १४ | खुल्ला बिद्यालय (कक्षा ९-१०) को तह १ र २ सन्चालन बजेट अनुदान | बिद्यालय | ० | ० | ० | ० | ० | |
| १५ | अति बिकट हिमाली जिल्लाका लागि घुम्ती बिद्यालय सन्चालन बजेट अनुदान | बिद्यालय | ० | ० | ० | ० | ० | |
| १६ | बिद्यालय बाहिर रहेका बालबालिकालाई बिद्यालयमा भर्ना र सिकाई निरन्तरताका लागि अनुदान | वार्ड | १४ | १४ | १४ | १४ | १४ | |
| १७ | अनौपचारिक प्रौढ बिद्यालय (कक्षा १-८) सन्चालन बजेट अनुदान | बिद्यालय | ० | ० | ० | ० | ० | |
| १८ | अनौपचारिक प्रौढ बिद्यालय (कक्षा ९-१०) सन्चालन बजेट अनुदान | बिद्यालय | ० | ० | ० | ० | ० | |
| १९ | | | | | | | | दातृ सँस्थाहरूबाट |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| २० | | | | | | | | प्रस्तावित |
| २१ | | | | | | | | |

- निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटावेस तयारी,
- साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन,
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन,
- सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक पुस्तकालयका रूपमा सञ्चालन,
- सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण,
- सरकारी तथा गैर सरकारी निकायसँग साझेदारी र सहकार्य,
- मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग,
- सिकाइ सामग्री र सिकाइको प्रमाणीकरण,
- संस्थागत प्रबन्ध,
- अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, र धार्मिक प्रकृतिका विद्यालयहरूलाई अनुदान,
- पूर्ण साक्षर नगरपालिका घोषणा।

# परिच्छेद चार:
# अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

विभिन्न अन्तरसम्बन्धित विषयहरू (Cross-cutting Themes) ले विद्यालय शिक्षाको योजनामा अपेक्षित परिणाम हासिल गर्न सक्षम बनाउने कारकका रूपमा काम गरेका हुन्छन् । शिक्षा योजनामा पाठ्यक्रम तथा मूल्याङ्कन; शिक्षक विकास तथा व्यवस्थापन; समता तथा समावेशिकरण; स्वास्थ्य, पोषण तथा दिवा खाजा; आपतकालीन तथा संकटापन्न अवस्थामा शिक्षा; शिक्षामा सूचना तथा सञ्चार प्रविधि; विद्यालय भौतिक विकास जस्ता अन्तरसम्बन्धित विषयहरू महत्त्वपूर्ण हुन्छन् । यी अन्तरसम्बन्धित विषयहरूको समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न विभिन्न उपक्षेत्रसँग तिनीहरूको अन्तरसम्बन्धका बारेमा थप स्पष्टता आवश्यक देखिएको छ । यसै सन्दर्भमा यस परिच्छेदमा मुख्यमुख्य अन्तरसम्बन्धित विषयहरूको वर्तमान अवस्था र ती सम्बन्धमा यस योजनाले समेटेका उद्देश्यहरू, रणनीतिहरू, अपेक्षित उपलब्धि तथा नतिजा, नतिजा प्राप्तिका लागि प्रस्तावित क्रियाकलाप तथा लक्ष्यहरू प्रस्तुत गरिएको छ ।

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक/पाठ्यसामग्री, सिकाइ र मूल्याङ्कन

### ४.१.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठयक्रम हो । पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित हुदैन । देशकाल र परिस्थिति अनुसार विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो भन्नेसँग पनि सम्बन्धित छ । के पढाउने,के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार समेत हो । मानवीय चेतना र वौद्धिक विकासको निमित्त लिइएका उद्देश्यहरू पूरा गराउनु हो । बालबालिकाको सर्वाङ्गीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवम विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नु जस्ता कुराहरू पाठ्यक्रमको उद्देश्य भित्र पर्दछन् ।

मानवीय आवश्यकता,बालबालिकाको रुची, सामाजिक मूल्य मान्यता, समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान सिप तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रुपमा लिनु आवश्यक छ । पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामाग्रीको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एक मात्र विकल्पको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । जसले पामाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई नि:शुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ ।

### ४.१.२ वर्तमान अवस्था

पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने क्रममै वि. सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भइ कार्यान्वयन गर्ने क्रममा २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भएको छ । वि. सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरूमा यो पाठ्यक्रम कार्यान्वयन गर्ने योजना छ । गुर्भाकोट नगरपालिकामा वि सं २०७९ देखि कक्षा १ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयनमा ल्याउने योजनामा रहेको छ । पाठ्क्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का लागि अनिवार्य विषयका पाठ्यपुस्तक नि:शुल्क प्रदान गर्ने व्यवस्था नेपाल सरकारले मिलाएको छ । विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ । पाठ्क्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १- ३ मा अन्तर सम्वन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ । विभिन्न भाषिक समुदायका बालबालिकाको लागि हाल सम्म कक्षा १ देखि ५ सम्म विभिन्न २७ मातृभाषाका पाठ्यपुस्तक कार्यान्वयनमा ल्याइएको छ । प्रत्येक विषयमा विषय वस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य , परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिम लिनु पर्ने व्यवस्था गरिएको छ । परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तह सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ । सबै कक्षामा अक्षराङ्कन पद्धति अनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको न्यूनतम कार्यक्रमबाट सबै विद्यालयमा शिक्षण सिकाइ सामाग्रीको व्यवस्थापन गरिएको छ ।

### ४.१.३ उद्देश्य

- पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु,
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्व परिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,
- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु

### ४.१.४ रणनीतिहरू

- राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने,
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गरिने,
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने,
- विपद् , महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने,
- शिक्षकका लागि शिक्षक निर्देशिकातथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने,
- शिक्षकको पेसागत सक्षमता विकास गरिने,

- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने,
- विद्यालयमा आधारित सहयोग पद्धति विकास गरिने,
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइने,
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने,
- स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिने,
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने ।

## ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) प्रमुख उपलब्धिः**

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार हुने ।

**ख) प्रमुख नतिजाः**

तालिका ४.१ प्रमुख उपलब्धि तथा नतिजा

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा ३ मा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) Reading | ४७.७ | ५०.९ | ५४.३ | ५७.९ | ६१.८ | ८०.० |
| | Numeracy | ६१.३ | ६३.९ | ६६.५ | ६९.३ | ७२.२ | ८५.० |
| २ | कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) Reading | ५६.० | ५९.४ | ६३.१ | ६६.९ | ७१.० | ९०.० |
| | Numeracy | ६७.५ | ७०.० | ७२.५ | ७५.२ | ७७.९ | ९०.० |
| ३ | कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) Reading | ५६.६ | ६०.० | ६३.६ | ६७.४ | ७१.४ | ९०.० |
| | Numeracy | ४२.९ | ४६.४ | ५०.१ | ५४.२ | ५८.६ | ८०.० |
| ४ | स्थानीय तहबाट कक्षा १–३ सम्मको एकीकृत पाठ्यक्रममा आधारित भइ कक्षा १–३ का विद्यार्थीहरूको पढाई र गणितीय सक्षमता अभिबृद्दी गर्नका लागि सन्चालन गरिएकाक्रियाकलापहरू (शिक्षक निर्देशिका, तालिम, अतिरिक्त सिकाई सामाग्रीहरु र गणितीय सिकाई सामग्रीहरूको प्रयोग) | ४९.० | ४९.० | ४९.० | ४९.० | ४९.० | ४९.० |
| ५ | सामुदायिक विद्यालयका आधारभूत र माध्यमिक तहमा अध्ययनरत कक्षागत विद्यार्थीमध्ये तोकिएका आधारभूत सिकाईका सर्तहरू पूरागर्ने विद्यार्थी सङ्ख्या | ६५ | ८० | ९७ | ११९ | १४६ | ३२७ |
| ६ | स्वीकृत मापदण्ड/आधारहरु (Standardised test items) प्रयोग गरी आधारभूत तहको (BLE) अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सन्चालन गर्ने स्थानीय तहहरुको सङ्ख्या | १.० | १.० | १.० | १.० | १.० | १.० |
| ७ | कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) Nepali | ६३.० | ६५.९ | ६८.९ | ७२.० | ७५.३ | ९०.० |
| | English | ४९.० | ५२.१ | ५५.४ | ५८.९ | ६२.६ | ८०.० |
| | Math | ५४.० | ५७.२ | ६०.५ | ६४.० | ६७.७ | ८५.० |
| | Science | ३७.० | ४०.७ | ४४.९ | ४९.४ | ५४.४ | ८०.० |
| ८ | सामुदायिक माध्यमिक विद्यालयमा तोकिएका आधारभूत सिकाईका सर्तहरू (BLCs) पूरागर्ने विद्यार्थी सङ्ख्या | ६२ | ६३ | ६३ | ६५ | ६६ | ७१ |
| ९ | पालिका तहमा शिक्षक व्यवसायिक सहयोग पद्दत्ति स्थापना र सन्चालन गर्ने (TPSS) पालिकाहरुको सङ्ख्या | १.० | १.० | १.० | १.० | १.० | १.० |
| १० | ReAL Plan कार्यान्वयन गर्ने बिद्यालयहरुको सङ्ख्या | २० | २२ | २२ | २५ | २७ | ४२ |
| ११ | ICT सम्बन्धी पूर्वधार र आवस्यक सामग्री सहितका बिद्यालय सङ्ख्या | १७ | १८ | १८ | २० | २१ | २९ |
| १२ | कक्षा कोठा शिक्षण सिकाई कार्यक्रममा निरन्तररुपले Learning Portal (सिकाई चौतारी) प्रयोग गर्ने बिद्यालय सङ्ख्या | ६.० | ८.२ | ८.२ | ११.३ | १५.४ | ५४.३ |

- पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने,
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुने,
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण भएको हुने,

- सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्यङ्कन हुने,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने।ज़् स११

## ४.१.६ प्रमुख क्रियाकलाप र लक्ष्यः

यस योजनाको कार्यन्वयनबाट पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी रणनीति तथा क्रियाकलापहरूको कार्यान्वियनबाट विद्यालय तहका लागि आवश्यक व्यवहारकुशल सिप, सामाजिक तथा नागरिक सक्षमता, सूचना प्रविधि सीपसहितको नागरिक तयार गर्न पाठ्यक्रमको कार्यान्वियन गर्न सबै तहका शिक्षकहरूलाई अभिमुखीकरण गरिने छ। विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसार स्थानीय आवश्यकताका आधारमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वियन स्थानीय तहबाट गरिने छ । माध्यमिक तहमा प्राविधिक धार तर्फको पाठ्यक्रम र मूल्याङ्कन लगायतका कार्यक्रमको समीक्षाका आधारमा आवश्यक सुधारकालागि सुझाव प्रदान गरिनेछ । विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन प्रक्रिया तथा सार्वजनिक परीक्षाका लागि संरचनागत र प्रक्रियागत सुधार हुनेछ । यसमा कार्यान्वियनको मुल जिम्मेवारी यस पालिकाको हुनेछ भने मापदण्ड तथा विधिहरूको विकास र प्रमाणिकरणमा संघको र प्राविधिक सहयोग तथा क्षमता विकासजस्ता कार्यमा प्रदेशको भूमिका रहने छ ।

तालिका ४.२: प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यन्वयन | **वटा** | १ | १ | १ | १ | १ | |
| २ | पाठ्यक्रमको मूल्यांकन (मुल्यांकन, सुधार र बिद्यालयमा आधारित पाठ्यक्रम कार्यान्वियन) | पटक | ० | १ | ० | ० | १ | |
| ३ | Digital सामाग्रीहरुको कार्यन्वयन (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको सङ्कलन र तिनलाई Online/Offline माध्यमबाट बिद्यार्थी (अपाङ्गता भएका बिद्यार्थी समेत्) र शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने | पटक | १ | १ | १ | १ | १ | |
| ४ | सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरुको परिचालन गरी पालिकाको स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वियन गर्ने) | तह | १ | ० | ० | ० | १ | |
| ५ | आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने | शिक्षक | ५७ | ८६ | ८६ | २९ | २९ | |
| ६ | आन्तरिक र बाहिय दुवै विधिका बिद्यार्थी मुल्यांकन र तिनको कार्यन्वयनको मापदण्डहरूको कार्यान्वियन गर्ने (जसमा:-नमूना सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मुल्यांकनका बिधिहरूको विकास र तिनको बारेमा अभिमुखीकरण साथै बिद्यार्थी प्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन) | बिद्यालय | ७६ | ७६ | ७६ | ७६ | ७६ | |
| ७ | प्राबिधिक धारका बिषयहरुको पाठ्यक्रम र सिकाई सामग्रीहरुको कार्यान्वयन गर्ने र मुल्यांकन पद्धतिको विकास र तिनको प्रयोग गर्ने) | वटा | १ | १ | १ | १ | १ | |
| ८ | बहूपाठ्यपुस्तकहरूको कार्यान्यिन गर्ने (जसमा:-बहू पाठ्यपुस्तक नीतिको कार्यान्यिन गर्ने, गुणस्तर सुनिश्चित गर्ने र अपाङ्गता भएका बिद्यार्थीहरूका लागि उपयुक्त पाठ्यपुस्तकहरूको उपलब्धता गर्ने) | पटक | १ | १ | १ | १ | १ | |
| ९ | बिद्यालय शिक्षाका पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य बिषय क्षेत्रका निर्देशिका, बिधि र प्रक्रियाहरूको संकलन छनौट र प्रयोग गर्ने) | पटक | | १ | | | १ | |
| १० | | | | | | | | दातृ सँस्थाहरूबाट प्रस्तावित |

- पाठ्यक्रम अभिमुखीकरण
- शिक्षक तालिम
- शिक्षक पेसागत सहयोग
- कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन
- आवधिक विद्यार्थी मूल्याङ्कन
- डिजिटल सामग्रीको प्रयोग
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग
- निःशुल्क पाठ्यपुस्तक
- बहुपाठ्यपुस्तक
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन
- माध्यम भाषाका रूपमा मातृभाषाको प्रयोग
- सुपरिवेक्षण तथा अनुगमन
- परीक्षा सञ्चालन।

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रुपमा दक्ष, पेसा प्रति उत्प्रेरित, समर्पित, प्रतिवद्ध र विद्यार्थीको सिकाइ प्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्ररित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषयगत रुपमा विद्यमान मापदण्ड १ : ४५ शिक्षक विद्यार्थी अनुपात कायम गरिएको छ । शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरवन्दी र माध्यमिक तहमा १२ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ ।

नेपालमा विगत देखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना , परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याइ शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने , प्रविधिको प्रयोग गरी शिक्षण गर्ने , बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् । विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षा कोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो ।

पेसागत रुपमा सक्षम ,दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षा कोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ । यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ । शिक्षकको पेसागत विकासका लागि विभिन्न तौर तरिकाहरू छन् । शिक्षक तालिम,कार्यशाला ,सेमिनार कन्फरेन्स , कार्यमूलक अनुसन्धान , शिक्षकहरूको सिकाइ सञ्जाल , अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरबाट शिक्षकको पेसागत विकास सम्भव छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि , प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन , सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन , शिक्षकहरूलाई पेसागत विकासका विभिन्न मोडालिटिका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ । कक्षा कोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइ प्रति शिक्षकलाई जिम्मेवार बनाउने कायलाई प्राथमिकता दिइएको छ । यसमा शिक्षक ब्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतिहरूको पहिचान गरि शिक्षक ब्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्धेश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.२ वर्तमान अवस्था

नेपालमा वर्तमान अवस्थामा शिक्षकहरू तयार गर्ने काम विश्वविद्यालय र विद्यालयहरूले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने , रिक्त दरवन्दीमा शिक्षक पदपूर्तिका परीक्षा सञ्चालन गरि नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भइ आएका शिक्षकहरूलाई नियुक्ति गरि पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसै गरि अस्थायी वा करार शिक्षकको नियुक्ति गर्ने , शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले , प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास कन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

गुर्भाकोट नगरपालिकामा  हाल सञ्चालनमा रहेका सामुदायिक बालविकास केन्द्रमा ६१ जना सहजकर्ता, प्राथमिक विद्यालयमा  २७४ शिक्षकहरू जसमा महिला १०१ जनाले अध्यापन गरिरहेको देखिन्छ जस मध्य स्थायी शिक्षक १५९, अस्थायी १८, राहत ४४, सट्टामा १, करार १९, निजी श्रोतमा ३२ र अन्य श्रोतमा १ जना रहेका छन् । नि मा वि मा ७४ जनामा महिला शिक्षक १५ जना रहेका छन् । जस मध्य स्थायी शिक्षक ३६, अस्थायी १, राहत १४, करार ११, निजी श्रोतमा १० र अन्य श्रोतमा २ जना रहेका छन्  र  माध्यमिक तहमा मा ७४ जनामा महिला शिक्षक १२ जना रहेका छन् । जस मध्य स्थायी शिक्षक २४, अस्थायी २, राहत १३, करार १७, निजी श्रोतमा १० र अन्य श्रोतमा ८ जना रहेकाछन् । जहाँ सामुदायिक विद्यालयतर्फ शिक्षक विद्यार्थी अनुपात  प्रारम्भिक बाल कक्षामा १४,प्राथमिक तहमा १९, नि मा वि तहमा ४८ ,कक्षा ९-१० मा ४३ र कक्षा ९-१० मा ६६ रहेको छ । गुर्भाकोट नगरपालिकाले विद्यार्थी र कक्षा सङ्ख्याको आधारमा अपुग भएका शिक्षक सङ्ख्यालाई सम्बोधन गर्न बालविकास देखि माध्यमिक तह सम्म  नगरपालिकाको अनुदानमा शिक्षकहरू परिचालन  गरि केहि मात्रामा शिक्षक विद्यार्थी र कक्षा अनुपातको न्युनतालाई सम्बोधन गर्ने प्रयास गरिरहेको छ ।

### ४.२.३ उद्देश्य

- सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्ने,
- शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु,
- विषयवस्तुमा निपूर्ण शिक्षकको सुनिश्चितता गर्नु,
- सबै तहमा सक्षम, प्रतिवद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,
- सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु।

### ४.२.४ रणनीतिहरू

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरवन्दी मिलान/पुनर्वितरण तथा थप गरिने,
- रिक्त शिक्षक दरवन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने,
- प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकास सम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने,

- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरि कार्यान्वयनमा ल्याइने,
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने,
- शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने,
- शिक्षक नियुक्ति, सरुवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने।

## ४.२.५ प्रमुख उपलब्धि र नतिजा

### क) प्रमुख उपलब्धिः

- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइमा सुधार हुने ।

### ख) प्रमुख नतिजाः

उल्लिखित रणनीतिहरू अङ्गिकार गरी यस योजनाले अपेक्षा गरेका शिक्षकव्यवस्थापन र विकाससम्बन्धी उपलब्धि हासिल गरी उद्देश्य पुरा गर्नका लागि सूचकगत नतिजा र तिनको अपेक्षित प्रतिफल तय गरिएको छ । तलको तालिका ४.३ मा शिक्षक व्यवस्थापन र विकाससम्बन्धी सूचकगत अपेक्षित नतिजाहरू प्रस्तुत गरिएको छ ।

तालिका ४.३: प्रमुख नतिजाहरु

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीमा तहगतरूपमा कार्यरत शिक्षक र विद्यार्थीको अनुपात (STR):- | | | | | | |
| | बालविकास तथा पूर्व प्र.बि.मा (ECED) | १६.३ | २५.२ | २७.५ | २९.९ | ३२.६ | ४५.९ |
| | आधारभूततह (कक्षा १-५) | १८.२ | १९.६ | २०.३ | २०.२ | २१.१ | २४.१ |
| | आधारभूततह (कक्षा ६-८) | ५२.५ | ५०.५ | ५१.८ | ४८.९ | ४९.५ | ४९.५ |
| | माध्यमिकतह (कक्षा ९-१०) | ४८.९ | ४८.० | ४८.७ | ४६.६ | ४५.६ | ४४.५ |
| | माध्यमिकतह (कक्षा ११-१२) | १७२.८ | १४८.६ | १२७.३ | १३१.७ | १४६.३ | १६०.९ |
| २ | आधारभूततह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत | ३९.२ | ३९.३ | ३९.४ | ३९.५ | ३९.६ | ४०.० |
| ३ | आधारभूततह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत | २४.५ | २५.५ | २६.४ | २७.४ | २८.४ | ३३.० |
| ४ | आधारभूततह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | ३६.२ | ३२.४ | ३२.९ | ३३.५ | ३४.० | ३६.५ |
| ५ | माध्यमिकतह (कक्षा ९-१०) मा महिला शिक्षकको प्रतिशत | १३.६ | १४.६ | १५.८ | १७.१ | १८.४ | २५.० |
| ६ | माध्यमिकतह (कक्षा ११-१२) मा महिला शिक्षकको प्रतिशत | १८.५ | १९.२ | २०.० | २०.७ | २१.५ | २५.० |
| ७ | माध्यमिकतह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | १५.१ | १६.९ | १७.९ | १८.९ | २०.० | २५.० |
| ८ | सामुदायिक आधारभूत बिद्यालयतहहरूमा कार्यरत शिक्षकहरूमध्ये TPD तालिम पुरा गर्नेको प्रतिशत | ६० | ७० | ८० | ९० | ९५ | १०० |
| ९ | सामुदायिक बिद्यालयहरूमध्ये आधारभूततहमा (कक्षा ६-८ सम्म) अध्यापनको लागि Maths, Science and English बिषयको बिषयगत शिक्षक पूरा गर्ने बिद्यालयहरूको सङ्ख्या | १६ | १७ | १८ | १९ | २० | २४ |
| १० | सामुदायिक माध्यमिकतहमा (कक्षा ९-१०) कार्यरत शिक्षकहरूमध्ये TPD तालिम पुरा गर्नेको प्रतिशत | ५० | ५० | ६० | ७० | ८० | ९० |
| ११ | सामुदायिक माध्यमिक बिद्यालयहरूमध्ये कक्षा ९-१० सम्मको अध्यापनको लागि ३ वटा Core Subject:- Maths, Science and English र ५ वटा अनिबार्य बिषयको बिषयगत शिक्षक पूरा गर्ने बिद्यालयहरूको सङ्ख्या : ३ वटा Core Subject: | ७ | ७ | ६ | ६ | ५ | ४ |
| | ५ वटा अनिबार्य बिषयको बिषयगत शिक्षक पूरा गर्ने | ६ | ६ | ७ | ७ | ७ | ९ |
| १२ | जम्मा सामुदयिक बिद्यालयमध्ये कक्षा ९-१२ मा प्राबिधिक धार सहित सन्चालन गर्ने बिद्यालयहरुको सङ्ख्या | १.० | १.० | १.० | १.० | १.० | १.० |
| 13 | जम्मा सामुदयिक बिद्यालयमध्ये कक्षा ९-१२ मा प्राबिधिक धार सहित सन्चालन गर्ने बिद्यालयहरुमा भर्ना भएका जम्मा बिद्यार्थी प्रतिशत | १० | १२ | १५ | १७ | १८ | २० |
| १४ | बिज्ञान बिषय सहितका जम्मा बिद्यालयहरुको सङ्ख्या (सबै प्रकारका कक्षा ११-१२) | १ | १ | १ | १ | १ | १ |
| १५ | बिज्ञान बिषय सहितका सामुदयिक बिद्यालय सङ्ख्या (कक्षा ११-१२) | १ | १ | १ | १ | १ | १ |
| १६ | सबै प्रकारका माध्यमिक बिद्यालयहरुमध्ये कक्षा ११-१२ मा बिज्ञान बिषय सन्चालन भएका बिद्यालयहरुमा बिज्ञान बिषयमा भर्ना भएका जम्मा बिद्यार्थी प्रतिशत | २.९ | ३.६ | ४.४ | ५.४ | ६.७ | १५.० |
| १७ | सामुदायिक माध्यमिक बिद्यालयहरुमध्ये कक्षा ११-१२ मा बिज्ञान बिषय सन्चालन भएका बिद्यालयहरुमा बिज्ञान बिषयमा भर्ना भएका जम्मा बिद्यार्थी % | २.९ | ३.७ | ३.७ | ४.७ | ५.९ | १५.० |
| १८ | सामुदायिक माध्यमिक बिद्यालयमा तोकिएका आधारभूत सिकाईका सर्तहरू (BLCs) पूरागर्ने बिद्यार्थी % | ६२ | ६३ | ६३ | ६५ | ६६ | ७१ |
| १९ | शिक्षा सेवा आयोगद्वरा आधारभूत र माध्यमिक तहका लागि नयाँ न्युक्त भएका शिक्षकहरूमध्ये सेवा प्रवेश तालिम (Job induction training) लिएका शिक्षक % | २१.० | २२.१ | २२.१ | २३.२ | २४.३ | २९.५ |
| २० | आधारभूत र माध्यमिक तहमा नयाँ न्युक्त भएका शिक्षकहरूमध्ये १ महिने क्षमता अभिबृद्दी तालिम (Capacity Development Training) लिएका शिक्षक % | २६.० | २६.८ | २६.८ | २७.६ | २८.४ | ३२.० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | आधारभूत र माध्यमिक तहका शिक्षकहरूमध्ये विद्यार्थीहरूको सिकाई अभिबृद्धीका लागि ICT मा आधरित Online/Offline १ महिने तालिम पुरागर्ने शिक्षक % | ८.४ | ११.५ | ११.५ | १५.७ | २१.५ | ७५.९ |
| 22 | आधारभूत तहका शिक्षकहरूमध्ये मागमा आधारित Online/Offline छोटो अवधि र पुनर्तागजी तालिम पुरा गर्ने शिक्षक सङ्ख्या | ५.६ | ७.७ | ७.७ | १०.५ | १४.४ | ५०.७ |
| २३ | पालिका तहमा शिक्षक व्यवसायिक सहयोग पद्धत्ति स्थापना र सन्चालन गर्ने (TPSS) पालिकाहरुको सङ्ख्या | १.० | १.० | १.० | १.० | १.० | १.० |
| २४ | ICT सम्बन्धी पूर्वधार र आवस्यक सामग्री सहितका बिद्यालय सङ्ख्या | १७.० | १८.० | १८.० | १९.० | २१.० | २८.० |
| २५ | बिधुतिय सुबिधा प्राप्त (बैकल्पिक उर्जाको स्रोत समेत) बिद्यालय सङ्ख्या | ७२ | ० | ० | ० | ० | ७२ |
| २६ | Broadband internet connection को सुबिधा भएका बिद्यालय सङ्ख्या | ७२ | ० | ० | ० | ० | ७२ |
| २७ | सामुदायिक बिद्यालयका प्र.अ.हरूमध्ये बिद्यालय व्यवस्थापन तालिम (School Management Training) पुरा गर्ने प्र.अ.हरूको सङ्ख्या | ७ | ९ | १० | ० | ० | १० |
| २८ | स्थानीय तहले आफ्नो आन्तरिक स्रोत बितरण गरेका बिद्यालयहरूको प्रतिशत | १३ | १३ | १३ | १४ | १४ | १७ |

- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने,
- शिक्षक तयारीका कोर्षहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइ सम्बन्धी सक्षमता विकास हुने,
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने,
- शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने,
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरवन्दी मिलान/पुनर्वितरण हुने,
- शिक्षकको आपूर्ति नियमित रूपमा हुने,
- शिक्षकको वृत्ति विकासका लागि परादर्शी, र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने ।

### ४.२.६ प्रमुख क्रियाकलाप र लक्ष्यः

यस उप–क्षेत्रका रणनीतिहरू अङ्गिकार गरेर यस योजनाले अपेक्षा गरेका आधारभूत र माध्यमिक तहको शिक्षासम्बन्धी समग्र उपलब्धि हासिल गरी तोकिएका उद्देश्यहरू पुरा गर्नका लागि यस शिक्षक व्यवस्थापन र विकाससम्बन्धी भौतिक लक्ष्यहरू तय गरिएको छ । तलको तालिकामा योजना अवधिको पहिलो ५ बर्षमा सन्चालन गरिने कार्यक्रमहरू र तिनको भौतिक लक्ष्यहरू उल्लेख गरिएको छ । यस उपक्षेत्रको कार्यक्रम कार्यान्वियनबाट सबै आधारभूत र माध्यमिक बिद्यालयहरुमा तोकिएका आधारभूत मापदण्ड पूरा भई यस तहका सबै बालबालिकाको गुणस्तरीय सिकाई हासिल गर्न पाउने अधिकार सुनिश्चत हुनेछ । यस प्रयोजनका लागि संवैधानिक र अन्य कानुनले व्यवस्था गरे अनुसार बिद्यालय शिक्षा क्षेत्रसम्बन्धी कार्यक्रम व्यवस्थापन र सञ्चालनको अग्रभागको जिम्मेवारी यस पालिकाको हुनेछ । यस योजनामा उल्लिखित उद्देश्य, रणनीति तथा क्रियाकलापहरूका आधारमा लक्षित उपलब्धि तथा नतिजा प्राप्त गर्न प्रत्येक बिद्यालयले आ–आफ्नो परिवेश अनुकूलको SIP योजना निर्माण गरी कार्यान्वयन गर्नेछन् । योजना कार्यान्वयनका लागि पालिकाले आवश्यकतानुसार सम्बद्ध सबै पक्षको सहयोग परिचालन गर्नेछन् ।

तालिका ४.४: प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | शिक्षक योग्यता र बितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर बितरण र समायोजन) | पालिका | १ | १ | १ | १ | १ | |
| २ | आधारभूत तहमा नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | शिक्षक | ११ | ११ | ११ | ११ | ११ | |
| ३ | माध्यमिक तहमा नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | शिक्षक | २ | २ | २ | २ | २ | |
| ४ | माध्यमिक शिक्षकहरुलाई गणित, बिज्ञान र अंग्रेजी बिषयको बिषयबस्तुहरूको पाठ अध्ययन (Lesson study) सामग्री विकास सम्बन्धी ५ दिने कस्टमाइज्ड शिक्षक तालिम दिने | शिक्षक | २२ | २२ | २२ | २२ | २२ | |
| ५ | शिक्षकहरुलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाई सम्बन्धी तालिम | शिक्षक | ८२ | ० | ० | ० | ८२ | |
| ६ | सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि प्रशि १० दिने प्रशिक्षण तालिम (TOT) | शिक्षक | ३ | ३ | ३ | ३ | ३ | |
| ७ | प्रारम्भिक कक्षा सिकाई (EGL) सम्बन्धी ५ दिने प्रशिक प्रशिक्षण तालिम | शिक्षक | २ | ३ | | ३ | २ | |
| ८ | ECED सँग सम्बन्धित बिभिन्न तालिमहरुको नयाँ मापदण्डका आधारमा तालिमहरुको गुणस्तर सुनिश्चित गर्न प्रशिक प्रशिक्षण सन्चालन गर्ने | शिक्षक | ० | १ | ० | १ | १ | |
| ९ | सबै बिद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाई Teacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयन गरिने | शिक्षक | ७६ | ० | ७६ | ० | ७६ | |
| १० | बिद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत रोस्टर शिक्षकहरुका लागि Teachers, Mentors सम्बन्धी ५ दिने क्षमता विकास तालिम | शिक्षक | ३ | ० | ३ | ३ | १ | |
| ११ | स्थानीय तहमा तालिम सञ्चालन अवधिमा स्थलगत प्राविधिक सहयोग तथा स्थिति प्रतिबेदन तयारी | शिक्षक | १ | १ | १ | १ | १ | |
| १२ | शिक्षक पेसागत विकास प्रारूप, २०८० अनुसार माध्यमिक तह (कक्षा ९-१०) का अनिवार्य विषय शिक्षकका लागि एक महिने प्रमाणीकरण तालिम | शिक्षक | १० | १३ | १६ | २० | ७ | |
| 13 | बहुकक्षा बहुस्तर (MGML) सम्बन्धी शिक्षक पेसागत विकास तालिम | शिक्षक | ० | ० | ० | ० | ० | |
| १४ | शिक्षक पेसागत विकास प्रारूप, २०८० अनुसार आधारभूत तह (कक्षा १-५) र (कक्षा ६-८) का शिक्षकका लागि एक महिने प्रमाणीकरण तालिम | शिक्षक | २९ | २९ | २९ | २९ | २९ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १५ | पहिलो चरण पूरा गरेका आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रममा आधारित दोस्रो चरणको टिपिडी तालिम | शिक्षक | ११ | २३ | ३४ | ४५ | ५७ | |
| १६ | पहिलो चरण पूरा गरेका आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रममा आधारित दोस्रो चरणको अनलाईन टिपिडी तालिम | शिक्षक | ११ | २३ | ३४ | ४५ | ५७ | |
| १७ | पहिलो चरण पूरा गरेका आधारभूत तह (कक्षा ६-८) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको टिपिडी तालिम | शिक्षक | १४ | २० | २७ | ३४ | ४१ | |
| १८ | पहिलो चरण पूरा गरेका आधारभूत तह (कक्षा ६-८) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको अनलाईन टिपिडी तालिम | शिक्षक | १४ | २० | २७ | ३४ | ४१ | |
| १९ | पहिलो चरण पूरा गरेका माध्यमिक तह (कक्षा ९-१०) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको टिपिडी तालिम | शिक्षक | ७ | ७ | ७ | ७ | ७ | |
| २० | पहिलो चरण पूरा गरेका माध्यमिक तह (कक्षा ९-१०) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको अनलाईन टिपिडी तालिम | शिक्षक | ७ | ७ | ७ | ७ | ७ | |
| २१ | माध्यमिक तह कक्षा ११-१२ का नेपाली/ सामाजिक तथा जीवनोपयोगी सिप/अङ्ग्रेजी/ गणित विषयका शिक्षकहरूलाई आधारित टिपिडी तालिम | शिक्षक | ९ | ९ | ९ | ९ | ९ | |
| २२ | माध्यमिक तह कक्षा ११-१२ का नेपाली/ सामाजिक तथा जीवनोपयोगी सिप/अङ्ग्रेजी/ गणित विषयका शिक्षकहरूलाई आधारित अनलाईन टिपिडी तालिम | शिक्षक | ९ | ९ | ९ | ९ | ९ | |
| २३ | प्राविधिक तथा व्यावसायिक शिक्षा धारतर्फका प्रशिक्षक/सहायक प्रशिक्षकहरूको टिपिडी तालिम | शिक्षक | ० | ३ | ० | ३ | ३ | |
| २४ | कार्यमूलक अनुसन्धानसम्बन्धी ५ दिने अनलाईनमा आधारित कस्टमाइज्ड शिक्षक तालिम | शिक्षक | ० | १७ | १७ | ० | १७ | |
| २५ | नयाँ भर्ना हुने ECED Teachers/Facilatotars हरूलाई १५ दिने (९० घण्टा) सेवा प्रवेश तालिम प्रदान गर्ने | शिक्षक | ६ | ९ | ११ | १४ | १७ | |
| २६ | पहिलो चरण पूरा गरेका प्रारम्भिक बालविकास शिक्षक/सहजकर्ताका लागि दोस्रो चरणको टिपिडी तालिम | शिक्षक | ६ | ९ | ११ | १४ | १७ | |
| २७ | पहिलो चरण पूरा गरेका आधारभूत/माध्यमिक तहको प्रधानाध्यापक नेतृत्व क्षमता विकाससम्बन्धी तालिम | शिक्षक | ८ | ११ | १५ | १९ | २३ | |
| २८ | लैङ्गिकता, जीवनोपयोगी सिप र वित्तीय शिक्षासम्बन्धी ५ दि ने कस्टमाइज्ड शिक्षक तालिम | शिक्षक | ८ | ११ | १५ | १९ | २३ | |
| २९ | पहिलो चरण पूरा गरेका सुनाइ/दृष्टि/बौद्धिक अपाङ्गता भएका बालबालिकालाई शिक्षण गर्ने शिक्षकहरूको क्षमता विकासका लागि टिपिडी तालिम | शिक्षक | ४ | ० | ४ | ० | ४ | |
| ३० | बिशेष शिक्षाका बिद्यालयहरूमा कार्यरत शिक्षकहरू र बिशेष शिक्षाका स्रोतकक्षाहरू सन्चालन गर्ने स्रोत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | शिक्षक | ० | ० | ० | ० | ० | |
| ३१ | समाहित शिक्षा सन्चालन भएका बिद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | शिक्षक | ० | ० | ० | ० | ० | |
| ३२ | | | | | | | | दातृ सँस्थाहरूबाट प्रस्तावित |
| | | | | | | | | |

- शिक्षक नियुक्ति र सरुवा,
- अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी,
- अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि,
- नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने,
- कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने,
- उपचारात्मक शिक्षण पद्धति लागू गर्ने,
- अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था,
- पुस्तकालय र पुस्तक कुना,
- सूचना प्रविधि प्रयोगशाला,
- विज्ञान प्रयोशाला,
- प्राविधिक व्यावसायिक शिक्षा धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको प्रबन्ध,
- शिक्षण तथा सिकाइ सामग्री विकास,
- ईन्टरनेट सेवाको व्यवस्था,
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग,
- निरन्तर विद्यार्थी मूल्याङ्कन,
- परीक्षाको नतिजा विश्लेषण,
- शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समय वृद्धि,
- विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास,
- शिक्षक पेसागत सहयोग,
- असल अभ्यासको अवलोकन भ्रमण,

- सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकीकरण,
- विज्ञ समूहको गठन,
- सहपाठी कक्षा अवलोकन,
- छोटो अवधिको शिक्षक तालिम,
- विद्यालय तहमा शिक्षकको पेसागत विकास,
- कार्यसम्पादन मूल्याङ्कन,
- प्रधानाध्यापकको व्यवस्था,
- शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण

## ५.३. दिवा खाजा तथा पोषण कार्यक्रम र विद्यालय स्वास्थ्य

**परिचय**

गुणस्तरीय सिकाइका लागि बालबालिकाहरू स्वस्थ र तन्दुरुस्त हुनु आवश्यक हुन्छ । बालबालिकाको पूर्ण स्वाथ्यताका लागि पौष्टिक एवं सन्तुलित खाना/खाजा अनिवार्य शर्त मानिन्छ । मानव पूँजीको विकासको लागि प्रत्येक बालबालिकाले स्वस्थ र पोषित भई गुणस्तरीय शिक्षा प्राप्त गर्नुपर्दछ । नेपालको संबिधानको धारा ३५ र ३६ ले खाद्य संप्रभुताको हक सुनिश्चित गरेको छ । संविधानले प्रत्याभूत गरेको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि बनेको नि:शुल्क तथा अनिवार्य आधारभुत शिक्षा ऐन २०७५ एवं नियमावली २०७७ ले दिवा खाजाको प्रावधानलाई कानूनी रुपमा स्थापित गरेको छ । यो विषयलाई विद्यालय क्षेत्र विकास योजना, पन्ध्रौ योजना, राष्ट्रिय शिक्षा नीति २०७६, एकीकृत स्वास्थ्य रणनीति जस्ता नेपालका शिक्षा र स्वास्थ्य सम्बन्धी नीतिगत दस्तावेजहरूले उच्च महत्व दिएका छन् ।

प्रारारम्भिक वाल विकास कक्षादेखि कक्षा ५ सम्मका बालबालिकाहरूमा गरिएको अध्ययनले जीवनका आरम्भका एक हजार दिनका अतिरिक्त अर्को सात हजार दिन पनि मानव पूँजी र सामाजिक तथा आर्थिक विकासका लागि उत्तिकै महत्वपूर्ण हुने देखाएको छ । मानव पूँजी र सामाजिक तथा आर्थिक विकासका साथै कुपोषणको चक्र तोड्नका लागि विद्यालयलाई स्वास्थ्य तथा पोषण सेवाहरु प्रदान गर्ने एउटा मितव्ययी र प्रभावकारी स्थल/संस्थाको रुपमा रहेको कुरा आत्मसात गरी खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन हुँदै आएको छ। यसले बालाबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थिति सुधार गर्नुको साथै वृहत र सुक्ष्म पोषक तत्वहरुको आवश्यक्ता धेरै हदसम्म परिपूर्ती गर्नका साथै ९/१० वर्ष उमेरमाथिको बालिकाहरुकालागि महिनावारी सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यमा समेत सहयोग गरेको देखिन्छ ।

यस पालिकामा विगत केहि वर्षदेखि वालवालिकाहरुको विद्यालयमा पहुँच, लैङ्गिक समता दर जस्ता केही सूचकहरुमा वृद्धि भएको देखिएतापनि विद्यालय छोड्ने र कक्षा दोह्याउने तथा सिकाइ उपलब्धिको दरमा अपेक्षित सुधार आउन सकेको अवस्था छैन ।अझैपनि केही संख्यामा विद्यालय उमेर समूहका बालबालिकाहरु विद्यालयको पहुँचभन्दा बाहिर रहेको अवस्था छ ।

### ४.३.१ वर्तमान अवस्था

विद्यालयमा स्वास्थ्य, पोषण तथा दिवा खाजा कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण गर्दा सबैका लागि शिक्षाको डकार बैठक सन् २००० ले सिफारिस गरेको FRESH (Focusing Resources on Effective School Health) ढाँचालाई विचार गरिएको छ (WB, 2002) । यस ढाँचाले मुख्यगरी चारओटा अङ्गहरू समावेश गरेको छ । पहिलो, विद्यालय स्वास्थ्यसम्बन्धी नीतिहरू तय गर्नु; दोस्रो, सुरक्षित पानी तथा सरफाइसहित सुरक्षित विद्यालय वातावरण सिर्जना गर्नु; तेस्रो, सीपमा आधारित स्वास्थ्य शिक्षाको प्रबन्ध गर्नु; र चौथो, विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवा प्रदान गर्नु रहेका छन्। वर्तमान अवस्थाको विश्लेषणमा दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताको अलगअलग समीक्षा गरी तिनीहरूको अन्तरसम्बन्ध उल्लेख गरिएको छ ।

**क) दिवा खाजा**

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका आधारभूत विद्यालयमा (कक्षा १–५) विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा विभिन्न चरण र मात्रामा हालसम्म सञ्चालन

हुँदै आउने क्रममा अहिले कर्णाली प्रदेशका ४ जिल्ला (दैलेख जाजरकोट पूर्वी रुकुम र पश्चिम रुकुम) र सुदूरपशचिम प्रदेशका ६ जिल्ला ( डडेल्धुरा डोटी बैतडी बझाङ अछाम र दार्चुला) गरी दश जिल्लामा खाद्यान्न अनुदानमा दिवा खाजा कार्यक्रम सञ्चालनमा छ भने सन् २००८ देखि छानिएका प्राथमिक विद्यालय तथा समुदायमा प्रारम्भ गरिएको सरकारको नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमलाई विस्तार गरी आर्थिक वर्ष २०७७/०७८ मा सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवा खाजा प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिएको छ ।वित्तीय अवस्थाको कुरा गर्दा धेरैजसो विद्यालयमा आवश्यक भौतिक पूर्वाधार, सामग्री तथा खाजा बनाउने व्यक्तिलगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रबन्ध गरिएको छैन भने आवश्यक पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु १५ पर्याप्त देखिदैन ।

**ख) विद्यालय स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको सं‍ज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा विशेष ख्याल गर्नु जरुरी हुन्छ । यसका लागि विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण कार्यक्रमका माध्यमबाट स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्नु एउटा मितव्ययी तथा प्रभावकारी तरिका देखिएको छ । यही कुरालाई विचार गरेर सन् १९९२–२००४ मा विद्यालय तथा समुदाय स्वास्थ्य कार्यक्रमका नाममा केही समुदायमा स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिएको थियो । यसले विद्यालयका बालबालिकाहरूमा कुपोषण घटाउने र विद्यार्थीहरूको वृद्धि, विद्यालय भर्ना र उपस्थिति बढाई सिकाइ उपलब्धि सुधार गर्ने लक्ष्य लिएको थियो। सन् २००६ मा शिक्षा र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले संयुक्त रूपमा विद्यालय स्वास्थ्य तथा पोषण रणनीति तयार गरेका थिए। सन् २०१४/२०१५ देखि २०१९/२०२० सम्म ५ वर्षका लागि तयार गरिएको संयुक्त कार्ययोजनामा विद्यालय स्वास्थ्य तथा पोषणको न्यूनतम प्याकेज पनि तयार गरिएको थियो ।न्यूनतम प्याकेजअन्तर्गत वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि वितरण, आवश्यकतानुसार प्रतिस्थापन हुने व्यवस्थासहित सबै प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस, कक्षा ६–१० का बालिकाहरूका लागि आइरन चक्की, छात्रा र छात्रका लागि अलग–अलग शौचालय, व्यस्थापन समितिको सक्षमतामा सुधार तथा बाल क्लबहरूको परिचालन रहेका छन्। यस क्रममा पन्ध्रौँ योजनाले एक विद्यालय एक स्वास्थ्य कार्यकर्ताको व्यवस्था गरिने उल्लेख गरेको थियो भने वागमती प्रदेशले एक विद्यालय एक नर्स कार्यक्रम केही विद्यालयबाट सुरु गरी क्रमशः विस्तार गर्ने योजना गरेको छ । पन्ध्रौँ योजनाले बालबालिकाको स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता र खाद्य सम्प्रभुता सम्बन्धमा नीतिगत प्राथमिकता दिए पनि यिनलाई विद्यालयसँग कसरी जोड्ने भन्ने रणनीतिहरू स्पष्ट गरेको देखिदैन ।विद्यालय क्षेत्र विकास कार्यक्रमले बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाइ सुधार गर्नका लागि जुका नियन्त्रण, सूक्ष्म पोषक तत्त्व पूरण तथा दृष्टि एवम् श्रवणको जाँच र स्वास्थ्य तथा पोषण शिक्षा प्रदान गरी विद्यालयका सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने उद्देश्य राखी विभिन रणनीतिहरू प्रस्ताव गरिएका थिए । यी उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने प्रायजसो कार्यक्रमहरू स्वास्थ्य क्षेत्रबाट वा स्वास्थ्य क्षेत्रसँग समन्वय गरी कार्यान्वयन गर्नु पर्ने हुँदा कार्यक्रमको नतिजामा एकरूपता देखिएको छैन। विशेषतः विद्यालय र स्थानीय स्वास्थ्य संस्थाको सक्रियता र स्वेच्छिक सहकार्यमा यी कार्यक्रमहरूको प्रभावकारिता निर्भर भएको देखिन्छ ।

**ग) सरसफाइ तथा स्वच्छता**

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक प्रभाव पार्दछ । बालबालिकाको स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच हुनु उनीहरूको संविधान प्रदत्त हक पनि हो भने दिगो विकास लक्ष्य नं. ४ र ६ अन्तर्गत सबै विद्यालयहरूमा सुरक्षित तवरले व्यवस्थित खानेपानी, सरसफाइ र स्वच्छताको प्रावधान हुनुपर्ने गरी सूचकाङ्क पनि तोकिएको छ ।

तत्कालिन शिक्षा विभागले २०७४ मा तयार गरी २०७६ मा परिमार्जन गरेको विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४ ले उल्लेख गरेअनुसार सबै विद्यालयहरूमा हुनु पर्ने खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूमा स्वच्छ पिउने पानीसहित पर्याप्त पानी; विद्यार्थी सङ्ख्याअनुसार छात्रा र छात्रका लागि अलगअलग सफा र सुरक्षित स्थानमा बाल मैत्री, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री शौचालय; वातावरणीय सरसफाइ, हरियाली वातावरण र स्वच्छता सुविधा; विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन; सफा र स्वच्छ खाद्य पदार्थसहितको भान्सा/खाजा घर; विपद जोखिम व्यवस्थापन; सरसफाइ तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्था रहेका छन् ।

प्रत्येक विद्यालयमा छात्र र छात्राका लागि अलगअलग शौचालय निर्माण गर्ने कार्यमा विगत केही वर्षदेखि विशेष जोड दिइएको र नयाँ विद्यालय भवन निर्माण गर्दा शौचालयसमेत समावेश गर्न थालिएको छ । तर पनि विद्यार्थी सङ्ख्याको अनुपातमा शौचालयको व्यवस्था, पर्याप्त पानी र साबुनको प्रबन्ध, सफाइ, विद्यार्थीको उमेर समूहअनुसार फरक आकार तथा स्थानमा शौचालय र विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि शौचालयको विशेष प्रबन्ध गर्न भने धेरै विद्यालयमा बाँकी नै रहेको छ । वातावरणीय सरसफाइ, हरियाली वातावरण र स्वच्छता सुविधामा पनि कतिपय विद्यालयले प्रगति गरे पनि धेरैजसो विद्यालयले यसमा थप कार्य गर्नु पर्ने देखिन्छ । बालबालिकाका लागि सरसफाइ तथा स्वच्छतासम्बन्धी शिक्षाको प्रबन्धका लागि स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताको शिक्षाको पद्धति तथा संरचना विद्यालयमा आवश्यक छ ।

### ४.३.२ उद्देश्य

योजनाको प्रस्तुत खण्डको समग्र उद्देश्य विद्यालय उमेर समूहका बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार गरी शिक्षामा पहुँच र गुणस्तरको सुनिश्चितता गर्ने रहेको छ भने यस अन्तर्गतका विशिष्ट उद्देश्यहरु देहायबमोजिम छन् ।

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्थानीय उत्पादनमा आधारित स्वस्थ्यकरखाजा पौष्टिक तथा ताजा ,/खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, सरसफाई सफा रहने बानी/व्यवहारलाई प्रोत्साहन गर्नु ।
३. दिवा खाजा लगायत अन्य स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन तथा कार्यान्वयनको लागि आवश्यक मानवीय संशाधन तथा भौतिक पूर्वाधारको विकास तथा व्यवस्थापन गर्नु ।
४. सरोकारवालाहरूको समन्वय तथा सहभागिता सुदृढ गरी बालबालिकाले पोषणयुक्त खाना खाने व्यवहार सुधारगर्नु ।
५. स्थानीय उत्पादनको प्रवर्धन र अर्थतन्त्रमा सकरात्मक प्रभाव पार्ने गरी दिवा खाजाको लागि चाहिने खाद्य सामग्रिहरु कृषि क्षेत्रको सहकार्यमा विकास तथा व्यवस्थापन गर्नु ।

### ४.३.३ रणनीति

यस दिवा खाजा र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम उप–क्षेत्रका माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि यस पालिकाले निम्नानुसारका रणनीतिहरु तय गरेको छ ।

१. संघ र प्रदेश तह तथा अन्य क्षेत्रसमेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
२. बालबालिकालाई आवश्यक सफा, ताजा र पोषिलो खाजा तयारीको लागि आवश्यक पर्ने पुर्वाधार एवम् श्रोत (उचित भान्सा तथा भण्डारण कोठा, आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा, विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था, प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरुको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्याबलेटको वितरण र स्यानीटरी प्याडको वितरण आदि) विकास तथा व्यवस्थापनका लागि संघीय र प्रदेश सरकारसँग आवश्यक समन्वय, सहयोग तथा सहजीकरण गरिनेछ ।
३. विद्यार्थीले दिवा खाजा पाउने अधिकारलाई सुनिश्चित गर्न पालिकास्तरीय जनशक्ति व्यवस्थापन, कार्यान्वयन संयन्त्र र संस्थागत व्यवस्थापन एवम् नीतिगत प्रबन्ध गरिनेछ ।
४. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मको सबै विद्यार्थीलाई विद्यालयमा नै उपलव्ध गराउनका लागि वडा, अभिभावक र बिद्यालय तहहरुसंगको लागत साझेदारीमा आवश्यक श्रोतको व्यवस्थापन गरिनेछ ।
५. विद्यालय स्वास्थ्य तथा नर्सिङ कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि वडा र बिद्यालयहरुसंगको समन्वयमा यस पालिकाका सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा नर्सको व्यवस्थापन गर्ने कार्य थालनी गरिनेछ ।
६. विद्यालयहरूमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, पोषण र किशोरीहरुको महिनावारी स्वास्थ्य सम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषिक्षेत्रसँगको समन्वय र सहयोगमा पालिका स्तरमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
७. स्थानीय उत्पादनमा आधारित खाद्य टोकरी निर्माण र गुणस्तरीय तथा पोषिलो खाजा मेनु तयार गर्नको लागि वडा र बिद्यालय तहको क्षमता अभिवृद्धि गर्नका लागि सहजीकरण गरिनेछ ।
८. महंगी र आवश्यकतालाई मध्यनजर राखी हाल प्रदान गरिदै आएको प्रति विद्यार्थी खाजाको रकममा पुनरावलोकन गरिनेछ ।

९. कार्यक्रमको अनुगमन, मुल्याङ्कन लगायत खाद्य सुरक्षा, गुणस्तर सम्बन्धी प्राविधिक सहयोग तथा आवश्यक प्रविधि विकासको लागि केन्द्रीय र प्रदेश तथा अन्य विशेषज्ञ निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

#### क) प्रमुख उपलब्धि

यस योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू निम्नानुसार हासिल हुनेछन ।

- लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भै तिनीहरुको टिकाउ, सहभागिता र सिकाइ उपलब्धिमा सुधार आएको हुने।
  विद्यालय उमेर समूहका बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार भै शिक्षामा पहुँच र गुणस्तरको सुनिश्चितता हुने ।
- सबै बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार भै मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित, लैङ्गिक तथा अपाङ्गता मैत्री तथा रमाइलो सिकाइ वातावरणमा पहुँच तथा सहभागिता हुने ।

#### ख) प्रमुख नतिजाहरू

उल्लिखित रणनीतिहरू अङ्गिकार गरी यस योजनाले अपेक्षा गरेका दिवा खाजा र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमसम्बन्धी उपलब्धि हासिल गरी उद्देश्य पुरा गर्नका लागि सूचकगत नतिजा र तिनको अपेक्षित प्रतिफल तय गरिएको छ । तलको तालिका ४.५ मा दिवा खाजा र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमसम्बन्धी सूचकगत अपेक्षित नतिजाहरू प्रस्तुत गरिएको छ ।

तालिका ४.५ प्रमुख नतिजाहरू

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १ | ECED मा खुद भर्ना दर (Enrolment rate of 4-year old children) | ९०.८ | ९१.३ | ९१.८ | ९२.३ | ९२.९ | ९५.० |
| | छात्र | ९१.६ | ९२.० | ९२.५ | ९२.९ | ९३.३ | ९५.० |
| | छात्रा | ८९.८ | ९०.५ | ९१.१ | ९१.७ | ९२.४ | ९५.० |
| २ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव लिई आएका बालबालिकाको प्रतिशत | ६७.५ | ७०.२ | ७३.१ | ७६.० | ७९.० | ९२.४ |
| | छात्र | ६५.९ | ६८.९ | ७२.० | ७५.३ | ७८.८ | ९४.२ |
| | छात्रा | ६९.४ | ७१.७ | ७४.१ | ७६.६ | ७९.२ | ९०.३ |
| ३ | कक्षा १ मा पुन:उहीकक्षा दोहर्याउने दर (Repetition Rate) | १३.१ | ९.४ | ६.८ | ४.९ | ३.५ | ०.९ |
| | छात्र | १३.६ | ९.६ | ६.८ | ४.९ | ३.५ | ०.९ |
| | छात्रा | १२.५ | ९.१ | ६.७ | ४.९ | ३.६ | १.० |
| ४ | कक्षा १ मा कक्षा छाड्ने दर (Drop out Rate) | ५.९ | ४.२ | २.९ | २.० | १.४ | ०.३ |
| | छात्र | ७.० | ४.९ | ३.४ | २.४ | १.७ | ०.४ |
| | छात्रा | ४.९ | ३.४ | २.४ | १.७ | १.२ | ०.३ |
| ५ | कक्षा १ मा सहजै देखिने प्रवेश दर (GIR in Grade 1) | १२०.४ | ११९.२ | ११८.० | ११६.८ | ११५.७ | १११.१ |
| | छात्र | ११७.३ | ११६.० | ११४.७ | ११३.४ | ११२.२ | १०७.३ |
| | छात्रा | १२४.१ | १२२.९ | १२१.८ | १२०.७ | ११९.७ | ११५.४ |
| ६ | कक्षा १ मा खुद प्रवेश दर (NIR Grade 1) | ६६.८ | ७०.३ | ७३.९ | ७७.७ | ८१.७ | १००.० |
| | छात्र | ६५.२ | ६८.८ | ७२.६ | ७६.६ | ८०.८ | १००.० |
| | छात्रा | ६८.६ | ७१.९ | ७५.४ | ७९.० | ८२.८ | १००.० |
| ७ | आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर (GER) जम्मा | ११९.६ | ११८.१ | ११६.६ | ११५.२ | ११३.७ | १०८.१ |
| | छात्र | १२०.५ | ११९.० | ११७.४ | ११५.९ | ११४.४ | १०८.६ |
| | छात्रा | ११८.७ | ११७.२ | ११५.८ | ११४.४ | ११३.० | १०७.५ |
| ८ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (NER) जम्मा | ८९.३ | ९०.६ | ९१.९ | ९३.२ | ९४.५ | १००.० |
| | छात्र | ८९.५ | ९०.७ | ९२.० | ९३.३ | ९४.६ | १००.० |
| | छात्रा | ८९.१ | ९०.४ | ९१.७ | ९३.० | ९४.४ | १००.० |
| ९ | आधारभूततह (कक्षा १-८) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १.०१९ | १.०२४ | १.०१४ | १.०१८ | १.०१५ | १.००३ |
| १० | आधारभूततह (कक्षा १-८) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) | १.०४४ | १.०५४ | १.०४३ | १.०४१ | १.०३५ | १.००५ |
| ११ | आधारभूततह बाट माध्यमिकतहमा संक्रमण दर (Transition rate from Basic Level to Secondary Level) | ७९.९ | ८२.१ | ८४.४ | ८६.७ | ८९.१ | ९९.३ |
| | छात्र | ७५.३ | ७८.० | ८०.७ | ८३.५ | ८६.४ | ९९.२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | ८४.८ | ८६.५ | ८८.२ | ९०.० | ९१.८ | ९९.४ |
| १२ | आधारभूततह (कक्षा १-५) मा दलित बिध्यर्थिको प्रतिशत | ४१.१ | ४०.३ | ३९.५ | ३८.७ | ३७.९ | ३५.० |
| १३ | बालविकास/पूर्व प्रा.बि.मा अपाङ्गता भएका बालबालिकाको प्रतिशत | ०.१ | ०.२ | ०.३ | ०.४ | ०.५ | १.९ |
| १४ | आधारभूततह (कक्षा १-८) मा अपाङ्गता भएका बिद्यार्थीको प्रतिशत | ०.५ | ०.६ | ०.८ | ०.९ | १.१ | २.५ |

योजनाको १० बर्षमध्ये बजेट तथा स्रोतको व्यवस्था सहितको माथि उल्लेखित ५ बर्षको नतिजाहरुको प्राप्तिको अवस्थाहरू निम्नानुसार हुनेछन:

१. लागत साझेदारीको आधारमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन हुने ।
२. पोषिलो खाजा तयारीको लागि विद्यालयमा आवश्यक पर्ने पुर्वाधार एवम् श्रोतविकास तथा व्यवस्थापन हुने ।
३. विद्यार्थीले दिवा खाजा पाउने अधिकार कानूनी रूपमा स्थापित हुने तथा कार्यक्रम सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन तथा कार्यान्वयन संयन्त्र संस्थागत हुने ।
४. यस पालिकाका आधारभूत तहसम्मको सम्पूर्ण बालबालिकालाई विद्यालयमा नै स्थानीय उत्पादनमा आधारित दिवा खाजा उपलब्ध हुने ।
५. सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा स्वास्थ्य तथा नर्सिङ सुबिधाको व्यवस्थापन हुने ।
६. स्थानीय उत्पादनमा आधारित खाद्य टोकरी निर्माण र गुणस्तरीय तथा पोषिलो खाजाको प्रबन्ध मिलाइने छ ।

### ४.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

उल्लिखित रणनीतिहरू अङ्गिकार गरेर यस योजनाले अपेक्षा गरेका दिवा खाजा र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमसम्बन्धी उपलब्धि हासिल गरी उद्देश्य पुरा गर्नका लागि भौतिक लक्ष्यहरू तय गरिएको छ ।तलको तालिकामा योजना अवधिको पहिलो ५ बर्षमा सन्चालन गरिने कार्यक्रमहरू र तिनको भौतिक लक्ष्यहरू उल्लेख गरिएको छ । यस उप–क्षेत्रको कार्यक्रम कार्यान्वियनबाट सबै बिद्यालयहरुमा तोकिएका आधारभूत मापदण्ड पूरा भई सबै बालबालिकाको निरन्तरता, टिकाउ र गुणस्तरीय सिकाई हासिल गर्न पाउने अधिकार सुनिश्चत हुनेछ । यस प्रयोजनका लागि संवैधानिक र अन्य कानुनले व्यवस्था गरे अनुसार बिद्यालय शिक्षासम्बन्धी कार्यक्रम व्यवस्थापन र सञ्चालनको अग्रभागको जिम्मेवारी यस पालिकाको हुनेछ । यस योजनामा उल्लिखित उद्देश्य, रणनीति तथा क्रियाकलापहरूका आधारमा लक्षित उपलब्धि तथा नतिजा प्राप्त गर्न प्रत्येक वडा र बिद्यालयले आ–आफ्नो परिवेश अनुकूलको SIP निर्माण गरी कार्यान्वयन गर्नेछन् । योजना कार्यान्वयनका लागि स्थानीय तहले आवश्यकतानुसार सम्बद्ध सबै पक्षको सहयोग परिचालन गर्नेछ।

तालिका ४.६ प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | पालिकास्तरीय दिवा खाजा सहित स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रम सन्चालन | पटक | १ | १ | १ | १ | १ | |
| २ | पालिका स्तरमा खाद्य समन्वय तथा अनुगमन समितिको गठन र परिचालन | वटा | १ | १ | १ | १ | १ | |
| ३ | १२५ भन्दा बढि विद्यार्थी सङ्ख्या भएको विद्यालयमा विद्यालय सहयोगी बाहेक थप भान्सेको व्यवस्थापन | वटा | १९ | १९ | १९ | १९ | १९ | |
| ४ | आधारभूत तह (ECED देखि कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सन्चालन अनुदान | बिद्यार्थी | ५८५८ | ६१६४ | ६२८२ | ६६३२ | ६८७० | Basic |
| ५ | ECED कक्षाहरूमा न्यूनतम मापदण्डको सुनिश्चित गर्न ECED बाल मैत्री WASH सुबिधाको व्यवस्था | ECED | १० | ११ | ११ | ११ | ११ | ECED |
| ६ | कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | विद्यार्थी | १६१९ | १६६६ | १५७५ | १५९९ | १६०९ | Basic |
| ७ | कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | विद्यार्थी | १९२२ | १८१४ | १७९८ | १८६७ | २०१६ | Secondary |
| ८ | ECED देखि कक्षा ३ सम्ममा अध्ययनरत बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान (Disability Screening), जांच र परीक्षणका लागि स्थानीय तह र बिद्यालयलाई कार्यक्रम र बजेट अनुदान | विद्यार्थी | ४९४० | ४३६० | ४६०५ | ४८६१ | ५०९२ | Inclusive |
| | | | | | | | | दातृ संस्थाहरूबाट |
| | | | | | | | | प्रस्तावित |

# ४.४. शैक्षिक समता र समावेशीकरण

## ४.४.१ परिचय

शिक्षा मानव जीवनको सार्थकता प्रदान गर्ने महत्त्वपूर्ण अवयव हो । प्राचीन युगमा मानिसहरूले देखेर अनि प्रत्यक्ष भोगेका व्यवहारबाट शिक्षा प्राप्त गर्थे । बिस्तारै समयको बदलिदो क्रमसँगै आफ्ना अग्रज, आश्रम , गुरू सन्त, महात्मा धर्म प्रचारक विभिन्न पुस्तक तथा ग्रन्थका श्रवणबाट प्राप्त गर्दै विभिन्न विद्यालय, विश्व विद्यालय ,पुस्तकालय सङ्ग्रहालय, रेडियो, टिभी, इन्टरनेट, कम्प्युटर , मोबाइल लगायत विभिन्न आधुनिक विद्युतीय उपकरणबाट प्राप्त गरिएको अवस्था छ । शिक्षालाई समय सुहाउदो ढङ्गबाट प्रदान र ग्रहण गर्दै लैजानु पर्ने आजको टडकारो आवश्यकता देखिन्छ ।

समावेशी शिक्षा भन्नाले शिक्षाको मूलधारबाट बन्चित भइ राज्यले चाहेको जनशक्ति उत्पादन गर्न नसकेको अवस्थामा शिक्षा प्रदान गर्नु भन्ने बुझिन्छ । सङ्कुचित अर्थमा अपाङ्गता भएका बालबालिकालाई शिक्षामा सहभागिता भन्ने बुझिएता पनि व्यापक अर्थमा भौगोलिक, आर्थिक , सामाजिक , साँस्कृतिक , धार्मिक , शारीरिक, मानसिक तथा जातिय ढङ्गबाट उपेक्षित भन्ने बुझिन्छ। हाल विकसित परिवेशसँगै सडक बालबालिका अनाथ घरेलु हिंसा पीडित, द्वन्द्व पीडित, सहिद परिवार, बेपत्ता घाइते , अपाङ्गता सबै किसिमका बालबालिकालाई शिक्षामा सहभागिता र सुनिश्चितता भन्ने बुझिन्छ।

## ४.४.२ वर्तमान अवस्था

गुर्भाकोट नगपालिकामा अनाथ घरेलु हिंसा पीडित, द्बन्द पीडित, सहिद परिवार, बेपत्ता घाइते , अपाङ्गता सबै किसिमका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनका लागि नगरपालिकाले विभिन्न कामहरू गरिरहेको छ । छात्रवृत्ति, अपाङ्गमैत्री विद्यालय, बालमैत्री विद्यालय, दिवा खाजा लगायतका कामहरू नगरपालिकाले गरिरहेको छ । तर पनि समावेशी शिक्षाको हकमा धेरै काम गर्न बाँकी छ । यस पालिकामा अपाङ्गता भएका बालबालिकाहरू श्रोत विद्यालयको व्यवस्थापन हुन नसक्दा अहिले पनि शिक्षाको मूलधारमा पुग्न सकेको देखिदैन ।

विद्यालयमा शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरूलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणाली प्रभावकारी व्यवस्थापन गर्नु, सबै प्रकारका अपांगता भएका बालबालिकाहरूको लागि विशेष शिक्षाको सुनिश्चितता गर्नु, विद्यालयका पूर्वाधारहरूलाई छात्रामैत्री र अपांगमैत्री बनाउनु र श्रोत कक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतीका विषयहरू हुन् ।

नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरूलाई आधारभूत र माध्यमिक शिक्षामा नि:शुल्क तथा अपाङ्गता भएका बालबालिकाहरूलाई नि:शुल्क उच्च शिक्षा प्रदान गर्ने व्यवस्था छ । छात्रा र दलित एवम् सीमान्तकृत बालबालिकाहरूका लागि छात्रवृत्ति प्रदान गर्नु, विद्यालय एवम् कक्षा कोठामा विविधता व्यवस्थापनको पाटो सशक्त बन्दै जानु, नगरपालिकाले कमजोर वर्गको शिक्षामा पहुँच पुर्याउनका लागि खेल्दै गरेको भूमिका, शिक्षक लगायत हरेक पेसामा आरक्षणको व्यवस्था लागू गरिनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

## ४.४.३ उद्देश्य

- महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउने,

- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने,
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्ने,
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउने,
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलाप लगायत समग्र शैक्षिक प्रणालीमा विवधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउने,
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, भेदभाव नहुने सुनिश्चितता गर्ने।

### ४.४.४ रणनीतिहरू

- घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने,
- सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने,
- आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गरिने,
- आधारभूत तहमा बहु तथा मातृभाषामा सिकाइको अवसरप्रदान गरिने,
- शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरिने,
- आवश्यकताअनुसार पोशाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने,
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिने,
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, भेदभाव नहुने वातावरणको सृजना गरिने,
- विद्यालयमा अभिभावकको सहभागिता बढाइने,
- शिक्षण गर्ने सिप युक्त जनशक्तिको व्यवस्था गरिने,
- समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने।

### ४.४.५ प्रमुख उपलब्धि र नतिजाहरू

**क) उपलब्धिः**

- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

**ख) प्रमुख नतिजाः**

योजनाको कार्यान्वयनबाट यस पालिकाको बिद्यालय शिक्षामा रहेका बिभिन्न प्रकारका भिन्नता र अन्तरहरुलाई यस विषयक्षेत्रको प्रभावकारी कार्यान्वयनबाट निम्न मुख्य सूचक र तिनमा हाँसिल हुने नतिजाहरू प्राप्ति गर्ने अपेक्षा राखिएको छ I यस विषयक्षेत्रसँग सम्बन्धित सूचकहरू र तिनको नतिजालाई तलको तालिका ४.७ मा उल्लेख गरिएको छ ।

**तालिका ४.७: प्रमुख नतिजाहरु**

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूततह (कक्षा १-८) मा दलित विध्यर्थिको प्रतिशत | ४०.९ | ४०.० | ३९.३ | ३८.५ | ३७.८ | ३५.० |
| २ | माध्यमिकतह (कक्षा ९-१२) मा दलित विध्यर्थिको प्रतिशत | ३४.० | ३४.१ | ३४.२ | ३४.३ | ३४.५ | ३५.० |
| ३ | बालविकास/पूर्व प्रा.बि.मा अपाङ्गता भएका बालबालिकाको प्रतिशत | ०.१ | ०.२ | ०.३ | ०.४ | ०.५ | १.९ |
| ४ | आधारभूततह (कक्षा १-८) मा अपाङ्गता भएका विद्यार्थीको प्रतिशत | ०.५ | ०.६ | ०.८ | ०.९ | १.१ | २.५ |
| ५ | माध्यमिकतह (कक्षा ९-१२) मा अपाङ्गता भएका विद्यार्थीको प्रतिशत | ०.२ | ०.३ | ०.४ | ०.५ | ०.७ | २.५ |
| ६ | जम्मा बिद्यार्थीमा छात्राको भर्ना प्रतिशत (%): | | | | | | |

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| | बालविकास (ECED) | ४४.९ | ४५.५ | ४६.१ | ४६.८ | ४७.४ | ५०.० |
| | आधारभूत (कक्षा १-८) | ४९.४ | ४९.५ | ४९.६ | ४९.६ | ४९.७ | ५०.० |
| | माध्यमिक (कक्षा ९-१२) | ५३.२ | ५३.२ | ५३.२ | ५३.२ | ५३.२ | ५३.२ |
| ७ | सामुदायिक माध्यमिक बिद्यालयको कक्षा ९-१२ का जम्मा विद्यार्थीमा प्राबिधिक धारका बिषयहरुमा भर्ना भएका र हुने छात्राको प्रतिशत (%) | १६.१ | १७.० | १७.९ | १९.० | २०.१ | २५.० |
| ८ | आधारभूततह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत | ३९.२ | ३९.३ | ३९.४ | ३९.५ | ३९.६ | ४०.० |
| ९ | आधारभूततह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत | २४.५ | २५.५ | २६.४ | २७.४ | २८.४ | ३३.० |
| १० | आधारभूततह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | ३६.२ | ३२.४ | ३२.९ | ३३.५ | ३४.० | ३६.५ |
| ११ | माध्यमिकतह (कक्षा ९-१०) मा महिला शिक्षकको प्रतिशत | १३.६ | १४.६ | १५.८ | १७.१ | १८.४ | २५.० |
| १२ | माध्यमिकतह (कक्षा ११-१२) मा महिला शिक्षकको प्रतिशत | १८.५ | १९.२ | २०.० | २०.७ | २१.५ | २५.० |
| 13 | माध्यमिकतह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | १५.१ | १६.९ | १७.९ | १८.९ | २०.० | २५.० |
| १४ | सामुदायिक विद्यालयका आधारभूत र माध्यमिकतहमा अध्ययनरत दुर्गम क्षेत्र र लक्षित बर्गका समुदायका विद्यार्थीहरूमध्ये आवाशीय सुविधासहितको छात्रवृत्ति प्राप्त गर्नेको सङ्ख्या | ० | ० | ० | ० | ० | ० |
| १५ | बिभिन्न प्रकारका अपाङ्गता भएका विद्यार्थीहरूका लागि समाहित शिक्षा सहितको सामुदायिक बिद्यालयहरुको सङ्ख्या | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| १६ | बिभिन्न प्रकारका अपाङ्गता भएका विद्यार्थीहरूको प्रारम्भिक परिक्षण र पहिचान (Early Screening) कार्य सम्पन्न गर्ने सामुदायिक बिद्यालयहरुको सङ्ख्या | ८४ | ८५ | ८५ | ८६ | ८६ | ८९ |
| १७ | बिभिन्न प्रकारका अपाङ्गता भएका विद्यार्थीहरूका लागि समाहित शिक्षा शिक्षण गर्न तालिम प्राप्त शिक्षकको सङ्ख्या | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| १८ | आधारभूत (कक्षा १-८) र माध्यमिक (कक्षा ९-१२) तहमा बिपन्न छात्रवृत्ति प्राप्त गर्ने बिद्यार्थीको छात्र/छात्रा प्रतिशत | १.० | १.१ | १.२ | १.३ | १.४ | २.० |
| १९ | उमेर समूह अनुसार महिला साक्षरता दर: | | | | | | |
| | ५ बर्ष र माथिको उमेर समूहको | ७७.६ | ८१.२ | ८५.० | ८९.० | ९३.१ | १००.० |
| | १५ बर्ष र माथिको उमेर समूहको | ७२.२ | ७६.८ | ८१.७ | ८७.० | ९२.५ | १००.० |
| | १५-१४ बर्ष उमेर समूहको | ९९.० | ९९.५ | ९९.९ | १००.० | १००.० | १००.० |

- महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने,
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भइ गुणस्तर सुधार हुने,
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार हने,
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनाहरू जवाफदेही हुने,
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलाप लगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि हुने,
- सबै विद्यालयहरू बालमैत्री हुने।

### ४.४.६ प्रमुख क्रियाकलाप र लक्ष्य

उल्लिखित रणनीतिहरू अङ्गिकार गरी यस योजनामा बिद्यालय शिक्षा क्षेत्रमा अपेक्षा गरेका उपलब्धि हासिल गरी उद्देश्य पुरा गर्नका लागि शिक्षामा समता र समावेशीकरण बिषय क्षेत्रसँग सम्बन्धित भौतिक लक्ष्यहरू तय गरिएको छ । तलको तालिकामा योजना अवधिको पहिलो ५ बर्षमा सन्चालन गरिने कार्यक्रमहरु र तिनको भौतिक लक्ष्यहरू उल्लेख गरिएको छ । यस बिषय क्षेत्रको कार्यक्रम कार्यान्वयनबाट सबै प्रकार र तहका बिद्यालयहरुमा तोकिएका आधारभूत मापदण्ड पूरा भई शिक्षामा सबै बालबालिकाको समता र समावेशीकरण भै गुणस्तरीय सिकाई हासिल गर्न पाउने अधिकार सुनिश्चत हुनेछ। यस प्रयोजनका लागि संवैधानिक र अन्य कानुनले व्यवस्था गरे अनुसार आधारभूत शिक्षासम्बन्धी कार्यक्रम व्यवस्थापन र सञ्चालनको अग्रभागको जिम्मेवारी यस पालिकाको । यस योजनामा उल्लिखित उद्देश्य, रणनीति तथा

क्रियाकलापहरूका आधारमा लक्षित उपलब्धि तथा नतिजा प्राप्त गर्न पालिकाका प्रत्येक विद्यालयले आ-आफ्नो परिवेश अनुकूलको SIP निर्माण गरी कार्यान्वियन गर्नेछन् ।योजना कार्यान्वयनका लागि पालिकाले आवश्यकतानुसार सम्बद्ध सबै पक्षको सहयोग परिचालन गर्नेछ ।

**तालिका ४.८: प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | ECED देखि कक्षा ३ सम्ममा अध्ययनरत बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान (Disability Screening), जांच र परीक्षणका लागि स्थानीय तह र बिद्यालयलाई कार्यक्रम र बजेट अनुदान | बिद्यार्थी | ४१४० | ४३६० | ४६०५ | ४८६१ | ५०९२ | |
| २ | बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि बिशेष शिक्षा प्रदान गर्न बिशेष बिद्यालय निर्माणका लागि बजेट अनुदान | बिद्यालय | ० | ० | ० | ० | ० | |
| ३ | अपाङ्गताभएका बिद्यार्थी अध्ययनरत बिद्यालयलाई अनुदान | बिद्यार्थी | ० | ० | ० | ० | ० | |
| ४ | बिशेष शिक्षा परिषद अनुदानबाट सन्चालनमा रहेका दृष्टि र सुनाई अपाङ्गता तर्फका एकीकृत बिशेष बिद्यालयहरुमा शैक्षिक सामग्री र मसलन्द बापतको बजेट अनुदान | बिद्यालय | ० | ० | ० | ० | ० | |
| ५ | बिशेष शिक्षा परिषद अनुदानबाट सन्चालनमा रहेका दृष्टि र सुनाई अपाङ्गता तर्फका क्रमसः कक्षा ६,७,८,१० र १२ सन्चालित बिशेष बिद्यालयहरुमा शैक्षिक सामग्री र मसलन्द बापत बजेट अनुदान | बिद्यालय | ० | ० | ० | ० | ० | |
| ६ | बिशेष शिक्षा परिषद अनुदानबाट सन्चालनमा रहेका बौद्धिक अपाङ्गता तर्फका क्रमसः कक्षा २०, ३०, ४०, ५० र ६० जना बिद्यार्थी भएका बिशेष बिद्यालयहरुमा शैक्षिक सामग्री र मसलन्द बापत बजेट अनुदान | बिद्यालय | ० | ० | ० | ० | ० | |
| ७ | बिशेष शिक्षा परिषद अनुदानबाट सन्चालनमा रहेका शारीरिक अपाङ्गता तर्फका क्रमसः कक्षा ८ सम्म र १२ सम्म सन्चालनमा रहेका बिशेष बिद्यालयहरुमा शैक्षिक सामग्री र मसलन्द (इन्धन) बापत बजेट अनुदान | बिद्यालय | ० | ० | ० | ० | ० | |
| ८ | बिशेष शिक्षा परिषद अनुदानबाट सन्चालनमा रहेका बिभिन्न अपाङ्गता तर्फका बिशेष बिद्यालयहरुमा मसलन्द (इन्धन) बापत अनुदान | बिद्यालय | ० | ० | ० | ० | ० | |
| ९ | अपाङ्गता भएका बिद्यार्थीका लागि गैर आवाशीय शैक्षिक सामग्री र प्रोत्साहन छात्रवृत्ति | बिद्यार्थी | ३१ | ३१ | ३१ | ३१ | ३१ | |
| १० | बिशेष शिक्षा अन्तगतका स्रोत कक्षाहरू सन्चालन र व्यवस्थापन बापतको बजेट अनुदान | स्रोत कक्षा | ० | ० | ० | ० | ० | |
| ११ | आवशीय छात्रवृत्ति प्राप्त गर्ने बालबालिकालाई आवास सन्चालन गर्न बिद्यालयलाई अनुदान | बिद्यालय | ० | ० | ० | ० | ० | |
| १२ | श्रवण/बहिरा र बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि साथै अन्य प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षण सिकाई सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्रीहरु बितरणका लागि बजेट अनुदान | पटक | १ | १ | १ | १ | १ | |
| १३ | पालिकाहरुकालाई बिशेष शिक्षा र अन्तरगतका छात्रबास सुबिधा, छात्रवृत्ति र तथ्याँक प्रमाणिकरणका लागि बजेट अनुदान | पटक | १ | १ | १ | १ | १ | |
| | | | | | | | | दातृ सँस्थाहरू बाट प्रस्तावित |
| | | | | | | | | |

- बालबालिकाहरूको अवस्था पहिचान
- वैयक्तिक आवश्यकता अनुसारका शैक्षिक कार्यक्रम
- विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भित्र ल्याउन जनसहभागिता
- छात्रवृत्ति
- अपाङ्गता र लैङ्गिक मैत्री शैक्षिक पूर्वाधार
- प्रोत्साहन कार्यक्रम
- सिकाइ सामग्री व्यवस्था
- क्षमता विकास
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग
- पाठ्यक्रमको स्थानीयकरण

## ४.५. आपतकालीन तथा संकटापन्न अवस्थामा शिक्षा र सुरक्षित विद्यालय

### ४.५.१ परिचय

युद्ध, द्वन्द, महामारी तथा विपद जोखिमको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमलाई आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरिन्छ । यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिका लगायत हिंसासँग सम्बद्ध

व्यक्तिहरूको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाद रुपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बालअधिकारको रुपमा स्वीकार गरिएको छ । यसमा विपद जोखिम न्यूनीकरण, महामारी, युद्ध, द्वन्द व्यवस्थापन आदि कुराहरू समावेश गरिन्छ ।

### ४.५.२ वर्तमान अवस्था

**क) नीतिगत व्यवस्था**

नेपालको वर्तमान संविधानले बालबालिकामाथि हुने सबै किसिमका विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा नियमावली २०७७ ले छात्रवृत्ति, दिवा खाजा, सुविधा विहिनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ । विद्यालय शान्ति क्षेत्र ,राष्टिय कार्यढाँचा र कार्यान्वियन निर्देशिका, २०६८ ले विद्यालयलाई ससस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने , भेदभाव दुर्व्यवहार र शोषणबाट मुक्त राख्ने कुरा उल्लेख गरिएको छ । कोभिड १९ को विश्वव्यापी महामारीको अवस्थामा शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्न विभिन्न नीतिगत कार्यक्रहरू हुदै आएका छन । जसमध्ये सिकाइ सहजीकरण निर्देशिका, २०७७ विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, २०७७ विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्यवस्तु समायोजन ढाँचा, २०७७ एसइइ नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७७ जारी भएको छ ।

### ४.५.३ उद्देश्य

- औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्ने
- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने
- अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना गर्ने

### ४.५.४ रणनीति

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने,
- सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गर्ने,
- प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउन आवश्यक तयारी गर्ने,
- कोभिड- १९ लगायतका महामरीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने,
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने,
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्केकन तथा विश्लेषणगर्ने,
- सङ्कटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने,
- विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने,
- विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने,

- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र ,उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
- विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने,
- विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी  र अन्य निकायहरू बीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने,
- विपद् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकरण गर्ने,
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, दिगो विकासका लागि शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने।

### ४.५.५ प्रमुख उपलब्धी र नतिजाहरू

क) उपलब्धि

- आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने ।

ख) नतिजा

यस योजनाको कार्यान्वयनबाट बिद्यालय शिक्षा क्षेत्रको प्रस्तुत अन्तरसम्बन्धित बिषयबस्तुका निम्न मुख्य सूचक र तिनमा हाँसिल हुने नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका ४.९: प्रमुख नतिजाहरु

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १ | संरक्षित विद्यालय सम्बन्धि नीति, रणनिति र न्युनतम मापदन्ड को  कार्यान्वयन | ०.० | १.० | १.० | १.० | १.० | १.० |
| २ | पालिकाको शिक्षा नीति/योजनामा सुरक्षित विद्यालय र  बिद्यार्थी  निरन्तर सिकाईको भैपरी शिक्षा योजना सम्बन्धि विषयलाइ समावेश गर्ने | ० | ७९ | ० | ७९ | ० | ० |
| ३ | बृहतर  विद्यालय सुरक्षा सम्बन्धि तालिम प्राप्त विद्यालयका प्र.अ./शिक्षक सङ्ख्या | ० | ७९ | ० | ७९ | ० | ० |
| ४ | सकारात्मक अनुशासन, सामाजिक संवेगात्मक सिकाइ, दण्डरहित शिक्षण, लैगिक तथा सामाजिक समावेशिकरण विषयको तालिम प्याकेजको निर्माण र  सोमा तालिम प्राप्त शिक्षक सङ्ख्या | ०.० | १.० | ०.० | ०.० | ०.० | ०.० |
| ५ | विपद्का समयमा विद्यालय स्थानान्तरण गर्नका लागि सुरक्षित स्थानको पहिचान | ८९ | १३ | १३ | १३ | १३ | ४ |
| ६ | हरित तथा वातावरण पर्यावरणमैत्री, बालमैत्री, लैङ्गिकमैत्री एवं अपाङ्गतामैत्री विद्यालयको विकास | ८९ | ८९ | ८९ | ८९ | ८९ | ८९ |
| ७ | पालिका  तहमा विपद्ले पार्ने प्रभाव न्यूनीकरण गर्न विद्यालय तथा समुदायमा मनोसामाजिक परामर्श सेवा प्रदान  गर्ने सक्ने जनशक्तिको विकास | ७९ | ७९ | ७९ | ७९ | ७९ | ७९ |
| ८ | सरकारी तथा गैरसरकारी संघसंस्थाको सहकार्यमा विपद् व्यवस्थापन, जलवायू परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण,  सुरक्षित, हिंसारहित एवं भयरहित सिकाइ तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यावहारिक तालिम प्राप्त शिक्षक | ८९ | ८९ | ८९ | ८९ | ८९ | ८९ |
| ९ | विद्यालयहरुमा स्वास्थ्य सुविधा सहितको स्वास्थ्य शिक्षिका तथा स्वास्थ्य स्वयम्  सेवक/कार्यकर्ताको व्यवस्था | ८९ | ८९ | ८९ | ८९ | ८९ | ८९ |

- विद्यालय र शिक्षा प्रणालीमा विपद् तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा पुनर्उत्थान योजना तथा क्षमता विकास हुने,
- भौतिक, मानवीय र आर्थिक स्रोत व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील हुने,
- विपद् तथा सङ्कटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तर रुपमा सञ्चालन हुने,

### ४.५.६ प्रमुख क्रियकलाप र लक्ष्य

उल्लिखित रणनीतिहरू अङ्गिकार गरी यस प्रदेशको शिक्षा क्षेत्रको योजनाले बिद्यालय शिक्षा क्षेत्रमा आपतकालीन तथा संकटापन्न अवस्थामा शिक्षा र सुरक्षित विद्यालयसँग सम्बन्धी अपेक्षा गरेका उपलब्धि हासिल र उद्देश्य पुरा गर्नका लागि समग्र प्रणालीमा आपतकालीन तथा संकटापन्न अवस्थामा शिक्षा र सुरक्षित विद्यालयमैत्री बनाई त्यसको उपयोग र सुबिधा समता र समावेशी हिसाबले प्राप्त गर्ने वातावरण सृजना गर्नेगरी यस बिषय क्षेत्रसँग सम्बन्धित भौतिक लक्ष्यहरू तय गरिएको छ । तलको तालिकामा योजना अवधिको पहिलो ५ बर्षमा सन्चालन गरिने कार्यक्रमहरू र तिनको भौतिक लक्ष्यहरू उल्लेख गरिएको छ ।यस बिषय क्षेत्रको कार्यक्रम कार्यान्वयनबाट सबै प्रकार र तहका बिद्यालयहरुमा तोकिएका आधारभूत मापदण्ड पूरा भई शिक्षामा सबै बालबालिकाको आधुनिक र गुणस्तरीय सिकाई हासिल गर्न पाउने

अधिकार सुनिश्चत हुनेछ । यस प्रयोजनका लागि संवैधानिक र अन्य कानुनले व्यवस्था गरे अनुसार बिद्यालय शिक्षासम्बन्धी कार्यक्रम व्यवस्थापन र सञ्चालनको अग्रभागको जिम्मेवारी पालिकाको हुनेछ र उल्लिखित उद्देश्य, रणनीति तथा क्रियाकलापहरूका आधारमा लक्षित उपलब्धि तथा नतिजा प्राप्त गर्न प्रत्येक बिद्यालयले आ-आफ्नो परिवेश अनुकूलको SIP निर्माण गरी कार्यान्वयन गर्नेछन् । योजना कार्यान्वयनका लागि पालिकाले सम्बद्ध सबै पक्षको सहयोग परिचालन गर्नेछ ।

तालिका ४.१०: प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | ECED कक्षाहरूमा न्यूनतम मापदण्डको सुनिश्चित गर्न ECED बाल मैत्री WASH सुबिधाको व्यवस्था | बा.बि.क क्षा /केन्द | १० | ११ | ११ | ११ | ११ | ECED |
| २ | प्रारम्भिक विकासका बालबालिकाको समग्र विकास र सिकाईका लागि पूर्ब-बाल्यावस्थाको सिकाईका मापदण्डहरूको कार्यान्वियन | पटक | १ | १ | १ | १ | १ | ECED |
| ३ | पालिका तहको स्वास्थ्य केन्द्रहरूसँगको समन्वयमा बिद्यालय स्वस्थ्य कार्यक्रम सन्चालन अनुदान | बिद्यार्थी | १२४४३ | १२६२२ | १२५२७ | १३०३४ | १३५५० | Basic |
| ४ | द्वन्द्व पिडितका छोराछोरीका लागि  छात्रवृत्ति | पालिका | ० | ० | ० | ० | ० | Basic |
| ५ | कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | बिद्यार्थी | १६१९ | १६६६ | १५७५ | १५९९ | १६०९ | Basic |
| ६ | ReAL Plan कार्यान्वियन सहजीकरण तथा विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | पालिका | १ | १ | १ | १ | १ | Basic |
| ७ | कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | बिद्यार्थी | १९२२ | १८१४ | १७९८ | १८६७ | २०१६ | Secondary |
| ८ | बिद्यालय बाहिर रहेका बालबालिकालाई बिद्यालयमा भर्ना र सिकाई निरन्तरताका लागि अनुदान | पालिका | १ | १ | १ | १ | १ | |
| ९ | भूकम्प प्रभावित ४७ जिल्ला बाहेकका स्थानीय तहको साझेदारीमा भवन निर्माण अनुदान: स्थानीय तहबाट छनौट भएका बिद्यालयहरूमा WASH सुबिधा र फर्निचर सहितको ४ कोठे ब्लकका बिद्यालय निर्माण गर्न बजेट अनुदान | बिद्यालय | ४ | ५ | ५ | ६ | ८ | Physical |
| १० | भूकम्प प्रभावित जिल्लाहरूका स्थानीय तहका छनौट भएका बिद्यालयहरूमध्ये बिद्यालय मर्मत खर्च बापतको अनुदान | बिद्यालय | ० | ० | ० | ० | ० | Physical |
| ११ | विपद् जोखिम व्यवस्थापन र Resilience लचिलोपन सम्बन्धी बृहत योजनाको कार्यान्यिन गर्ने | पालिका | १ | १ | १ | १ | १ | |
| १३ | | | | | | | | दातृ सँस्थाहरूबाट प्रस्तावित |

- विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण
- स्थानीय तह र विद्यालयको क्षमता विकास
- विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम
- शिक्षक तथा विव्यस तालिम
- संकटासन्नता मूल्याङ्कनको आधारमा योजना निर्माण
- विपद् प्रतिरोधी विद्यालय भवन निर्माण

## ४.६ शिक्षामा सूचना प्रविधि

### ४.६.१ परिचय

सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान ,सिप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्धेश्य रहेको छ । विश्व प्रतिस्पर्धी, श्रम बजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा

सामुदायिक विद्यालयहरू बीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञान भण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न , विशेष गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।
नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ । त्यसै गरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गरेको छ ।
नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरू योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, सबै स्रोतकेन्द्रहरूमा डिजिटल सामाग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउने उल्लेख गरेको छ । त्यसै गरी निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए ।

### ४.६.२ वर्तमान अवस्था

आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०७७ विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य घण्टाको समय निर्धारण गरेको छ । माध्यमिक तहमा ऐच्छिक विषयका रुपमा कम्प्युटर अध्ययन गर्न सकिन्छ । सबै विद्यालयहरूमा इन्टरनेट जडानको कार्य अगाडि बढिरहेको छ । सबै आधारभूत तहका विद्यालयहरूमा गत आ व देखि नै कम्प्युटर र प्रिन्टर जडान गरिएको छ । माध्यमिक विद्यालयहरूमा कम्प्युटर सहायकको व्यवस्था गरिएको छ ।

### ४.६.३ उद्देश्य

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने ।
- सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने,
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउने।

### ४.६.४ रणनीतिहरू

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने,
- सबै शिक्षकहरूको क्षमता विकास गरिने,
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने,
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने,
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने,
- सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरिने।

### **४.६.५ प्रमुख उपलब्धि र नतिजाहरू**

**क) उपलब्धिः**

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ  सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रवर्द्धन हुने ।

**ख) प्रमुख नतिजाः**

योजनाको कार्यान्वयनबाट यस पालिकाको सबै बिद्यालयहरूमा सुचना र सन्चार प्रविधिको विस्तार र प्रयोगले समग्र शिक्षा क्षेत्रको सुधार हुने छ l यस विषयक्षेत्रको प्रभावकारी कार्यान्वयनबाट निम्न मुख्य सूचक र तिनमा हाँसिल हुने नतिजाहरू प्राप्ति गर्ने अपेक्षा राखिएको छ l यस विषयक्षेत्रसँग सम्बन्धित सूचकहरू र तिनको नतिजालाई तलको तालिका ४.११ मा उल्लेख गरिएको छ ।

तालिका ४.११: प्रमुख नतिजाहरू

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | २०८९/ ९० |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत र माध्यमिक तहका शिक्षकहरूमध्ये विद्यार्थीहरूको सिकाई अभिबृद्दीका लागि ICT मा आधरित Online/Offline १ महिने तालिम पुरागर्ने शिक्षक सङ्ख्या | ८ | ११ | ११ | १६ | २२ | ७६ |
| २ | आधारभूत तहका शिक्षकहरूमध्ये मागमा आधारित Online/Offline छोटो अवधि र पुनर्ताजगी तालिम पुरा गर्ने शिक्षक सङ्ख्या | ६ | ८ | ८ | ११ | १४ | ५१ |
| ३ | ICT सम्बन्धी पूर्वधार र आवस्यक सामग्री सहितका बिद्यालय सङ्ख्या | १७ | १८ | १८ | २० | २१ | २९ |
| ४ | Broadband internet connection को सुबिधा प्राप्त भएका बिद्यालय सङ्ख्या | ३ | ४ | ४ | ५ | ६ | १२ |
| ५ | कक्षा कोठा शिक्षण सिकाई कार्यक्रममा निरन्तररुपले Learning Portal (सिकाई चौतारी)  प्रयोग गर्ने बिद्यालय सङ्ख्या | ६ | ८ | ८ | ११ | १५ | ५४ |
| ६ | सामुदायिक बिद्यालयमध्ये School Report Cards प्रयोग गरी सामाजिक परीक्षण सम्पन्न गर्ने बिद्यालय प्रतिशत | २५.० | २९.७ | २९.७ | ३५.४ | ४२.० | ८४.१ |
| ७ | सामुदायिक बिद्यालयमध्ये School Accounting System (SAS) प्रयोग गरी आर्थिक बिबरण व्यवस्थापनगर्ने बिद्यालय सङ्ख्या | ० | ६ | १० | १५ | २५ | ३४ |
| ८ | सामुदायिक सिकाइ केन्द्रहरुलाई डिजीटल लर्निङ सेण्टरको रुपमा विकास गर्ने । | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ९ | विभिन्न कक्षाका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गर्ने । | ०.० | १.० | ०.० | १.० | ०.० | १.० |
| १० | परिवार र समूदायलाई प्रविधिमैत्री बनाउनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | १.० | १.० | १.० | १.० | १.० | ७९ |
| ११ | केन्द्रिय Data center मा रहेका शिक्षा र अन्य सूचनाहरु प्राप्त हुने गरी पालिकाका कर्मचारीको क्षमता विकास | ०.० | १.० | ०.० | १.० | ०.० | १.० |

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भइ सबैको पहुँच पुग्ने,
- विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,
- सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने,
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,
- सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने,
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने,
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने।

### ४.६.६ प्रमुख क्रियाकलाप र लक्ष्यः

उल्लिखित रणनीतिहरू अङ्गिकार गरी यस पालिकाको शिक्षा क्षेत्रको योजनाले बिद्यालय शिक्षा क्षेत्रमा अपेक्षा गरेका उपलब्धि हासिल गरी उद्देश्य पुरा गर्नका लागि समग्र प्रणालीलाई सुचना र प्रबिधिमैत्री बनाई त्यसको उपयोग र सुबिधा समता र समावेशी हिसाबले प्राप्त गर्ने वातावरण सृजना गर्नेगरी यस बिषय क्षेत्रसँग सम्बन्धित भौतिक लक्ष्यहरू तय गरिएको छ । तलको तालिकामा योजना अवधिको पहिलो ५ बर्षमा सन्चालन गरिने कार्यक्रमहरू र तिनको भौतिक लक्ष्यहरू उल्लेख गरिएको छ । यस बिषय क्षेत्रको कार्यक्रम कार्यान्वयनबाट सबै प्रकार र तहका बिद्यालयहरुमा तोकिएका आधारभूत मापदण्ड पूरा भई शिक्षामा सबै बालबालिकाको आधुनिक र गुणस्तरीय सिकाई हासिल गर्न पाउने अधिकार सुनिश्चत हुनेछ । यस प्रयोजनका लागि संवैधानिक र अन्य कानुनले व्यवस्था गरे अनुसार आधारभूत शिक्षासम्बन्धी कार्यक्रम व्यवस्थापन र सञ्चालनको अग्रभागको जिम्मेवारी यस पालिकाको हुनेछ । यस योजनामा उल्लिखित उद्देश्य, रणनीति तथा क्रियाकलापहरूका आधारमा लक्षित उपलब्धि तथा नतिजा प्राप्त गर्न प्रत्येक बिद्यालयले आ-आफ्नो परिवेश अनुकूलको SIP निर्माण गरी कार्यान्वयन गर्नेछन् । योजना कार्यान्वयनका लागि स्थानीय तहले आवश्यकतानुसार सम्बद्ध सबै पक्षको सहयोग परिचालन गर्नेछ।

तालिका ४.१२: प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | ECED कक्षाहरूका सिकाई सामग्री र बिद्धुतीय सिकाई सामग्रीका लागि बजेट अनुदान | कक्षा/केन्द | ५७ | ५७ | ५७ | ५७ | ५७ | ECED |
| २ | सामुदायिक आधारभुत तह (कक्षा १-५) बिद्यालयहरुका बिद्यार्थीकालागि शिक्षण सिकाई सामग्री, डिजिटल सिकाई सामग्री र Book corner व्यवस्थापन/सन्चालन अनुदान | बिद्यार्थी | ४४२१ | ४५९८ | ४५७६ | ४७७२ | ४८४४ | Basic |
| ३ | सामुदायिक आधारभुत तह (कक्षा ६-८) बिद्यालयहरुका बिद्यार्थीकालागि शिक्षण सिकाई सामग्री, डिजिटल सिकाई सामग्री र Book corner व्यवस्थापन/सन्चालन अनुदान | बिद्यार्थी | ३०३२ | ३११० | २९३३ | २९६९ | २९७९ | Basic |
| ४ | आधारभूत बिद्यालय (कक्षा १-८) का लागि सामाजिक परीक्षण, आर्थिक लेखा परिक्षण, बिद्यार्थी परिचय-पत्र व्यवस्थापन, EMIS व्यवस्थापन बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सन्चालनका लागि एकमुष्ठ अनुदान | बिद्यार्थी | ६३ | ६३ | ६३ | ६३ | ६३ | Basic |
| ५ | बिद्यालयहरुमा Internet जडान, व्यवस्थापन र सन्चालन बापतको बजेट अनुदान | बिद्यालय | ६३ | ६३ | ६३ | ६३ | ६३ | Basic |
| ६ | आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सन्चालन बापत स्थानीय तहलाई बजेट अनुदान | बिद्यार्थी | ११७३ | ११८० | १०४० | १०६६ | ९५१ | Basic |
| ७ | आधारभूत तथा माध्यमिक बिद्यालयका IT स्रोत शिक्षकका लागि सुचना प्रबिधिसम्बन्धी ५ दिने क्षमता विकास तालिम | शिक्षक | १४ | १४ | १४ | १४ | १४ | Basic |
| ८ | एकीकृत पाठ्यक्रमसम्बन्धी कष्टमाइज तालिम (अनलाईन समेत) | शिक्षक | १७ | २४ | ३० | ३७ | ५१ | Basic |
| ९ | स्थानीय तहको साझेदारीमा भौतिक निर्माण सर्वेक्षण तथा नक्शांकन | बिद्यालय | ० | ७६ | ० | ७६ | ० | Basic |
| १० | सबै प्रकार र तहका बिद्यालय नक्शांकन भौतिक सर्भेक्षण, समायोजन र पुनरवितरण साथै IEMIS अधावधिक समेत कार्यक्रम सन्चालन | बिद्यालय | ८९ | ८९ | ८९ | ८९ | ८९ | Secondary |
| ११ | सामुदायिक माध्यमिकतह (कक्षा ९-१०) बिद्यालयहरुका बिद्यार्थीकालागि शिक्षण सिकाई सामग्री र डिजिटल सिकाई सामग्री व्यवस्थापन/सन्चालन अनुदान | बिद्यार्थी | १९१८ | १९४८ | १८६३ | १८२४ | १९३६ | Secondary |
| १२ | सामुदायिक माध्यमिक तह (कक्षा ११-१२) बिद्यालयहरुका बिद्यार्थीकालागि शिक्षण सिकाई सामग्री र डिजिटल सिकाई सामग्री व्यवस्थापन/सन्चालन अनुदान | बिद्यार्थी | १६३५ | १४०० | १४४९ | १६०९ | १७६५ | Secondary |
| 13 | माद्यमिक बिद्यालय (कक्षा १-१२) का लागि सामाजिक परीक्षण, आर्थिक लेखा परिक्षण, बिद्यार्थी परिचय-पत्र व्यवस्थापन, EMIS व्यवस्थापन बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सन्चालनका लागि एकमुष्ठ अनुदान | बिद्यालय | १३ | १३ | १३ | १३ | १३ | Secondary |
| १४ | बिद्यालयमा Internet जडान तथा सन्चालन खर्च | बिद्यालय | १३ | १३ | १३ | १३ | १३ | Secondary |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १५ | माध्यमिक विद्यालय तहमा पुस्तकालय, ICT प्रयोगशाला स्थापना, सिकाई सामग्री र सन्चालन बजेट अनुदान (फिक्सिंग, पुस्तक खरिद र ई-पुस्तकालय) | विद्यालय | २ | २ | २ | ३ | ३ | Secondary |
| १६ | ECED देखि कक्षा ३ सम्ममा अध्ययनरत बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान (Disability Screening), जांच र परीक्षणका लागि स्थानीय तह र विद्यालयलाई कार्यक्रम र बजेट अनुदान (यसमा स्वास्थ्य शाखा र स्थानीय गैर सरकारी सङ्घसँस्थाको पनि सहभागिता गराउने) | विद्यार्थी | ४१४० | ४३६० | ४६०५ | ४८६१ | ५०९२ | Inclisive |
| १७ | शिक्षकहरुलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाई सम्बन्धी तालिम | शिक्षक | ३४ | ५१ | ६७ | १०१ | ८४ | TeachM&T |
| १८ | Digital सामाग्रीहरुको कार्यन्वयन (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट विद्यार्थी (अपाङ्गता भएका विद्यार्थी समेत्) र शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | पटक | १ | १ | १ | १ | १ | Curriculum&As s |
| १९ | | | | | | | | दातृ सँस्थाहरूबाट प्रस्तावित |

- विद्यालयमा ICT संरचना विस्तार
- प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था
- शिक्षकहरूको क्षमता विकास
- प्रत्येक विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता
- IEMIS व्यवस्थापन र सामुदायिक अध्ययन केन्द्रहरूको क्षमता विकास

## ४.७: विद्यालय भौतिक पूर्वाधार र विकास

**परिचय**

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि स्वच्छ पानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । शिक्षा नियमावली २०५९ ले तोके अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा शिक्षण सिकाई क्रियाकलापमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह (कक्षा ६–८) तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थाहरू गरिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा प्रस्ताव गरिएको छ ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा आगामी दश बर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ४.७.१ वर्तमान अवस्था

Flash Report I २०२३/२४ (CEHRD) का अनुसार नेपालमा हाल कुल विद्यालयको सङ्ख्या ३५,८७६ मध्ये २७,९९० सामुदायिक विद्यालय रहेका छन् । देशका सबै सामुदायिक विद्यालयहरूमा गरी जम्मा ९४,८१५ विद्यालय भवन रहेकामा ५९,९४० भवन पक्की छन् । ती भवनहरूमा जम्मा १,७३,५८२ कक्षाकोठा सञ्चालनमा रहेका छन् भने १,६९,१३८ ओटा कोठा नपुग रहेको तथ्याङ्क रहेको छ । प्रधानाध्यापका लागि बेग्लै कोठा जम्मा ८,९८७ विद्यालयमा मात्र देखिन्छ भने ११,०६९ विद्यालयमा अलग्गै कम्प्युटरको कोठा रहेको छ । सबै विद्यालयमा गरी जम्मा शौचालयको सङ्ख्या ९३,७२५ रहेकोमा धेरै जसोमा पानीको राम्रो आपूर्ति भएको देखिदैन l यी विद्यालयहरूमा जम्मा ५४,२८३ कर्मचारी कोठा, ९५,३३ पुस्तकालय कोठा र ३,३५८ खेलकुद कोठा रहेका छन् भने ६,१८७ ओटा कोठामा विज्ञानका ल्यावहरू रहेका छन् ।

२०७२ सालमा गएको विनासकारी भुकम्पबाट ७,९२३ विद्यालयहरूका ४९,६८१ कक्षाकोठामा क्षति पुगेको थियो । जसमध्ये हालसम्म ६,०८५ विद्यालयहरू पुनर्निर्माण भइसकेका छन् भने १,४६८ विद्यालय निर्माण सम्पन्न हुने क्रममा रहेका छन् । संघीयता कार्यान्वयन भन्दा अघि तत्कालीन शिक्षा विभागमा भौतिक निर्माणसम्बन्धी काम

गर्ने बेग्लै शाखा र सबै जिल्ला शिक्षा कार्यालयहरूमा प्राविधिक सहितको विद्यालय शिक्षामा भौतिक पूर्वाधारको व्यवस्थापनमा काम हुदै आएकोमा हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा अति न्यून प्राविधिक कर्मचारीको व्यवस्था रहेको छ भने विद्यालय भौतिक पूर्वाधारको कार्यान्वियनको जिम्मेवारी संघीयतहबाट तोकिएको मापदण्ड तथा आधार अनुसार स्थानीय तहहरूबाट भै रहेको छ l यसैगरी, CEHRD बाट प्रकाशित २०८०/८१ को Flash Report अनुसार यस पालिकामा जम्मा ८९ मध्ये ७६ वटा सामुदायिक बिद्यालय छन् l तीमध्ये ५० वटा आधारभूत बिद्यालय (कक्ष १-५) छन् जसमा औसतमा २.४ वटा भवन, २९ वटामा बिधुत र १५ वटामा कम्प्युटरको उपलब्धता छ भने ४४ वटा बिद्यालयमा खानेपानी सुबिधा, ४९ वटामा शौचालयको सुबिधा र २६ वटा बिद्यालयमा Internet को सुबिधा छ भने कुनै पनि बिद्यालयमा पुस्तकालय छैन l जम्मा १४ वटा आधारभूत बिद्यालय (कक्ष १-६) मध्ये औसतमा ४.९ वटा भवन, १० वटामा बिधुत र १२ वटामा कम्प्युटरको उपलब्धता छ भने १३ वटा बिद्यालयमा खानेपानी सुबिधा, १ वटामा पुस्तकालय र १४ वटामै शौचालयको सुबिधा र १० वटा बिद्यालयमा Internet को सुबिधा छ l यसैगरी जम्मा १३ वटा माध्यमिक बिद्यालय (कक्ष १-१० र १-१२) मध्ये औसतमा ६ वटा भवन, ९ वटामा बिधुत र १० वटामा कम्प्युटरको उपलब्धता छ भने १० वटा बिद्यालयमा खानेपानी सुबिधा, ८ वटामा पुस्तकालय र १० वटामै शौचालयको सुबिधा र ९ वटा बिद्यालयमा Internet को सुबिधा छ l

विद्यालयका प्राथमिकता प्राप्त सक्षमता (PMEC) भित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालयसमेत हालसम्म पूर्ण हुन सकेको छैन भने प्राथमिकता प्राप्त सक्षमता नै पर्याप्त पूर्वाधार हो वा होइन भन्ने पनि विचार गर्नु पर्ने छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वियन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी सङ्ख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला/प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप एवम् खेलकक्ष, विद्यालय सभाहल, मञ्च, बगैचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष) के र कति आवश्यक हो र पूर्वाधार निर्माणको दायित्व संघ, प्रदेश र स्थानीय तह कसले कसरी लिने हो भन्ने विषय स्पष्ट गर्नु आवश्यक देखिएको छ । विद्यालय शिक्षामा प्रयोग भएको पूर्वाधारका सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन व्यवस्थापन प्रणालीमा आबद्ध भए तापनि पूर्वाधारको प्राविधिक एवम् वस्तुनिष्ठ आकलन गर्न सकिएको छैन । हालै मात्र बृहत् रूपमा पुनर्निर्माणका क्रममा केन्द्रीय आयोजना कार्यान्वियन एकाइ (CLPIU) बाट विद्यालय निर्माणमा ४ ओटा मोडालिटी (विद्यालय व्यवस्थापन समितिबाट निर्माण हुने, ठेक्काबाट निर्माण हुने, दातृ निकायबाट निर्माण हुने र गैर सरकारी संघसंस्थाबाट निर्माण हुने) अवलम्बन गरिएका छन् ।

विद्यालय निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमानमा एकरुपता कायम हुन सकेको छैन ।जस्तै ४ कोठाको भवन बनाउदा विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत रु ३६ लाख विनियोजन भएको छ भने सोही नाप बमोजिमको भवन केन्द्रीय आयोजना कार्यान्वियन एकाइबाट निर्माण गर्दा रु ६० लाखदेखि ७२ लाख सम्मको लागत इस्टिमेट तयार भई कार्यान्वयनमा रहेका छन् । भवन बन्ने र बनाउने विधि र प्रक्रियामा कतिपय स्थानहरूमा विवाद र कानुनी प्रश्न उठिरहेका छन् ।शिक्षा मन्त्रालयअन्तरगतको सबै भन्दा ठूलो बेरुजुको हिंस्सा भवन निर्माणको रहेको छ । विद्यालय व्यवस्थापन समिति लगायत जनप्रतिनिधिहरु र अन्य सरोकारवालाहरूले समेत विद्यालयको अरु पक्षलाई भन्दा पूर्वाधार निर्माणको पक्षलाई बढि महत्व दिएको पाइन्छ । तथापि पूर्वाधारहरु भने अपेक्षा गरे अनुसारका बन्न सकिरहेका छैनन् ।रकम नपुगेर कतिपय पूर्वाधारहरु अधुरो अवस्थामा छन् ।कतिपय पूर्वाधार निर्माणको क्रममा मुद्दा र उजूरीका कारण काम हुन नसकेका अवस्थाहरु छन् । कतिपय निर्माण सम्पन्न भएका भवनहरू तोकिएका मापदण्ड पूरा नभएका कारण सुरक्षित, लैङ्गिक र अपाङ्गतामैत्री बन्न सकेका छैनन् ।

### ४.७.२ चुनौति र अवसर

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित चुनौतीहरू अन्तर्गत विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा यसका लागि आवश्यक भूमिका स्पष्ट पार्नु, पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु, सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उययुक्त मापदण्ड र मोडालिटी विकास गर्नु, सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मास्टर प्लान विकास गर्नु, आवश्यक स्रोतको व्यवस्थापन गर्नु, नपुग रकमका लागि अभिभावकहरुबाट योगदान हुने कुराको सुनिश्चितता गर्नु, पूर्वाधारहरूलाई अपङ्गतामैत्री, लैङ्गिक मैत्री र सिकाइमैत्री र वातानुकुलित बनाउनु, निर्माण कार्यलाई विवाद र उजूरी रहित बनउनु । स्थानीय आवश्यकता र उपलब्ध स्रोतको आधारमा निर्माणको लागत र मोडेलको विकास गर्नु आदि रहेका छन् ।

विद्यालय भौतिक सुबिधा विस्तारमा प्रयाप्त अवसरहर पनि देखिन्छन् । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, जनप्रतिनिधिहरु र अन्य सरोकारवालाहरूले विद्यालयमा गर्दै आएको सहयोगस्वरूपका लगानी तथा

स्रोतहरू विशेषत: पूर्वाधार निर्माणको पक्षमा रहनु, तीनै तहका सरकारले पूर्वाधार निर्माणका लागि बजेट र कार्यक्रमको व्यवस्था गरिनु, पूर्वाधार निर्माणका क्षेत्रमा गैर–सरकारी संस्थाहरूले समेत योगदान गर्नु, अधिकाँश बिद्यालयहरूको नयाँ पूर्वाधार निर्माण, पुन:स्थापना र मर्मतमा समुदायको योगदान निरन्तर रहनु, बिद्यालय पूर्वाधारहरुको निर्माण तथा पुन:स्थापनाका लागि समबन्धित सङ्घीय मन्त्रालय र विभागहरूले आवश्यक नीति, कानून, निर्देशिका आदिको विकास गरी तिनको अनिवार्य कार्यान्वियन र पालना गराउदै आउनु आदिलाई अवसरहरुको रुपमा लिन सकिन्छ ।

### ४.७.३ उद्देश्य

योजनाको प्रस्तुत खण्डको समग्र उद्देश्य सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययनगर्ने अवसर उपलब्धगराउनु हुनेछ भने यसका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१. सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु ,
२. विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वियन गर्नु,
३. गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवं जवाफदेहि प्रणालीको विकास गर्नु,
४. विद्यालय पूर्वाधार निर्माणको पहुचलाई मागका आधारमा भन्दा पनि वास्तविक आवश्यकताका आधारमा उपलब्ध गराउनु ।
५. पातलो बस्ति भएका हिमाली जिल्लामा आवासीय विद्यालयका लागि पूर्वाधारको विकास गर्नु ।

### ४.७.४ रणनीति

उल्लिखित उद्देश्यहरु पूरा गर्न देहायका रणनीतिहरु अवलम्बन गरिनेछन् :

१. सञ्चालित विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने पूर्वाधारको पुनर्परिभाषित गरिनेछ।
२. पूर्वाधार विकासका लागि विद्यार्थी सङ्ख्याको प्रक्षेपणका आधारमा बिद्यालय भौतिक सुबिधाको विकास र निर्माणका कार्यक्रमहरू बार्षिकरूपमा तोकिएका मापदण्डहरू पुराहुने गरी गरिनेछ ।
३. विद्यालय पूर्वाधार विकासका लागि संघ र प्रदेश .पालिकाको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापनको प्रारूप विकास गरिने छ ।
४. विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न संघसंस्था एवं निकायहरूसँग लागत साझेदारी गरिने छ ।
५. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक निर्माणको गर्ने गरी विद्यालय सम्पूर्ण निर्माणको अवधारणा कार्यान्वियन गरिने छ ।
६. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा देखि बिद्यालयमा आवश्यक पर्ने समग्र भौतिक सुबिधाहरु पुरागर्ने गरी (भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी) डिजायन गरिने छ भने निर्माण भइसकेका विद्यालयहरूमा थप सरचनाको योजना एकै पटक गरिने छ ।
७. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिने छ ।
८. अन्तर सरकार र अन्य सरोकारवालाहरूबिच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधार उपयोग एवं जनशक्तिको उपयोगसम्बन्धी नीति तयार गरी कार्यान्वियन गरिनेछ ।
९. पूर्वाधार निर्माणका लागि कसैका मागको आधारमा भन्दा पनि वास्तविक आवश्यकताको पहिचान गरी निर्माण कार्य गर्ने र निर्माणको काम विवादरहित किसिमले सम्पादन गर्ने सवालमा आवश्यक संयन्त्र, आचारसंहिता, सहमति, विश्वास र प्रतिवद्धताको वातावरण विकास गरिनेछ ।
१०. निर्माण गरिएको विद्यालय पूर्वाधार विकासको संरक्षण संवर्धन र निगरानिका लागि समुदायका मानिसहरुमा अपनत्वको भावनाको विकास गरिनेछ ।
११. पातलो बस्ती र कम विद्यार्थी संख्या भएका वडामा कम्तिमा एउटा वडामा एउटा सुविधासम्पन्न आवासीय माध्यमिक विद्यालय सञ्चालन हुने गरी भौतिक पूर्वाधारको विकास थालिने छ ।

### ४.७.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने ।
२. सबै विद्यालयहरूमा आवश्यक र पहुँचयोग्य भौतिक संरचना निर्माण भई बालमैत्री तथा अपाङ्गता मैत्री संरचनासहित सुरक्षित सिकाइ वातावरण सुनिश्चित हुने ।

**ख) प्रमुख नतिजाहर**

योजनाको कार्यान्वयनबाट शिक्षा क्षेत्रका निम्न मुख्य सूचक र तिनमा हाँसिल हुने नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका ४.१३: प्रमुख नतिजाहरु

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १ | WASH सुबिधा सहितको छुट्टै शौचालय भएका बिद्यालय | ३१ | ३४ | ३४ | ३७ | ४० | ४४ |
| २ | विपद् जोखिम व्यवस्थापन र resilience लचिलोपन सम्बन्धी बृहत योजनाको कार्यान्यिन | ० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | बृहतर विद्यालय सुरक्षा सम्बन्धि तालिम प्राप्त विद्यालयका प्र.अ./शिक्षक प्रतिशत | ० | ३८.० | ७६.० | ११४.० | १५२.० | १९०.० |
| ४ | भूकम्प प्रभावित जाजरकोट र कालिकोट जिल्ला बाहेकका स्थानीय तहको साझेदारीमा भवन निर्माण अनुदान: स्थानीय तहबाट छनौट भएका बिद्यालयहरूमा WASH सुबिधा र फर्निचर सहितको ४ कोठे ब्लकका बिद्यालय निर्माण गर्न बजेट अनुदान | ० | ४ | ९ | १४ | २० | २५ |
| ५ | भूकम्प प्रभावित जाजरकोट र कालिकोट जिल्लाहरूका स्थानीय तहका छनौट भएका बिद्यालयहरूमध्ये कक्षा १–५ सम्म सन्चालित बिद्यालयहरूलाई बिद्यालय मर्मत खर्च बापतको अनुदान | ० | ० | ० | ० | ० | ० |
| ६ | हिमाली जिल्लाका प्रत्येक पालिकामा कम्तीमा एउटा आवासीय सुविधा सहितको माध्यमिक विद्यालय सञ्चालनका लागि पूर्वाधारको विकास | ० | ० | ० | ० | ० | ० |
| ७ | बृहत्तर सर्भेक्षणका आधारमा सबलीकरण भएका पुराना विद्यालयहरूको सङ्ख्या | ० | ४ | ६ | ८ | ११ | १३ |
| ८ | विपद्का समयमा विद्यालय स्थानान्तरण गर्नका लागि सुरक्षित स्थानको पहिचान | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ९ | हरित तथा वातावरण पर्यावरणमैत्री, बालमैत्री, लैङ्गिकमैत्री एवं अपाङ्गतामैत्री विद्यालयको विकास | ११.४ | २४ | ३७ | ५० | ६३ | ७७ |
| १० | शिक्षा भैपरि योजना अन्तर्गत उपयुक्त संरचना निमार्ण | ० | १०० | १०० | १०० | १०० | १०० |

योजनाको १० बर्षमध्ये बजेट तथा स्रोतको व्यवस्था सहितको माथि उल्लेखित ५ बर्षको नतिजाहरुको प्राप्तिको अवस्थाहरू निम्नानुसार हुनेछन:

१. विद्यालय शिक्षा अन्तर्गत विकास एवं विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा भूमिका परिभाषित हुने ।
२. भौतिक पूर्वाधारको आवश्यकता पहिचान र मापदण्ड सहितको १० वर्षे योजना तयार हुने ।
३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुने
४. पालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने ।
५. एक विद्यालय सम्पूर्ण पूर्वाधार (A school with complete infrastructure) को अवधारणा अनुसार पूर्वाधार विकास हुने ।
६. विद्यालयहरूमा समावेशी र अपाङ्गता एवम् छात्रामैत्री संरचना व्यवस्था हुने ।
७. पूर्वाधार विकासका लागि आवश्यक विधि ,मापदण्ड र स्तरीकरणका सूचक तयार हुने ।
८. विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भारका पद्धति विकास हुने ।
९. विद्यालय पूर्वाधार विकासका कार्यहरू सहभागितात्मक, पारदर्शी, टिकाउ तथा दीगो र आर्थिक ऐन नियम पालना सहित विवादरहित हुने ।

### ४.७.६ प्रमुख क्रियाकलाप र लक्ष्य

उल्लिखित रणनीतिहरू अङ्गिकार गरी यस पालिकाको शिक्षा क्षेत्रको योजनाले बिद्यालय शिक्षा क्षेत्रमा अपेक्षा गरेका उपलब्धि हासिल र उद्देश्य पुरा गर्नका लागि समग्र प्रणालीमा बिद्यालय भौतिक पूर्वाधारको अवस्थामा बृहत्तर सुधार भै यस पालिकाका सबै बालबालिकाले सुरक्षित र विद्यालयमैत्री बिद्यालयहरूको समता र समावेशी हिसाबले पहुँच र उपयोग गर्न पाउने वातावरण सृजना गर्नेगरी यस बिषय क्षेत्रसँग सम्बन्धित भौतिक लक्ष्यहरू तय गरिएको छ । तलको तालिकामा योजना अवधिको पहिलो ५ बर्षमा सन्चालन गरिने कार्यक्रमहरू र तिनको भौतिक लक्ष्यहरू उल्लेख गरिएको छ। यस बिषय क्षेत्रको कार्यक्रम कार्यान्वयनबाट सबै प्रकार र तहका बिद्यालयहरुमा तोकिएका आधारभूत मापदण्ड पूरा भई शिक्षामा सबै बालबालिकाको आधुनिक र गुणस्तरीय सिकाई हासिल गर्न पाउने अधिकार सुनिश्चत हुनेछ । यस प्रयोजनका लागि संवैधानिक र अन्य कानुनले व्यवस्था गरे अनुसार बिद्यालय शिक्षासम्बन्धी कार्यक्रम व्यवस्थापन र सञ्चालनको अग्रभागको जिम्मेवारी यस पालिकाको हुनेछ । यस योजनामा उल्लिखित उद्देश्य, रणनीति तथा क्रियाकलापहरूका आधारमा लक्षित उपलब्धि तथा नतिजा प्राप्त गर्न प्रत्येक स्थानीय तहले आ–आफ्नो परिवेश अनुकूलको योजना निर्माण गरी कार्यान्वयन गर्नेछन् । योजना कार्यान्वयनका लागि स्थानीय तहले सम्बद्ध सबै पक्षको सहयोग परिचालन गर्नेछन् ।

तालिका ४.१४: प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | ECED कक्षाहरूमा न्यूनतम मापदण्डको सुनिश्चित गर्न ECED बाल मैत्री WASH सुबिधाको व्यवस्था | बा.बि.के. | १० | ११ | ११ | ११ | ११ | ECED |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| २ | स्थानीय तहको साझेदारीमा भौतिक निर्माण सर्वेक्षण तथा नक्शांकन | बिद्यालय | ० | ७६ | ० | ७६ | ० | Basic |
| ३ | नमूना बिद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक बिद्यालयमा भौतिक विकास कार्यक्रम बजेट अनुदान | बिद्यालय | ० | ० | ० | ० | ० | Secondary |
| ४ | बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि विशेष शिक्षा प्रदान गर्न बिशेष बिद्यालय निर्माणका लागि बजेट अनुदान | बिद्यालय | ० | ० | ० | ० | ० | Inclusive |
| ५ | भूकम्प प्रभावित ४७ जिल्ला बाहेकका स्थानीय तहको साझेदारीमा भवन निर्माण अनुदान: स्थानीय तहबाट छनौट भएका बिद्यालयहरूमा WASH सुबिधा र फर्निचर सहितको ४ कोठे ब्लकका बिद्यालय निर्माण गर्न बजेट अनुदान | बिद्यालय | ० | ४ | ९ | १४ | २० | Physical |
| ६ | भूकम्प प्रभावित जिल्लाहरूका स्थानीय तहका छनौट भएका बिद्यालयहरूमध्ये बिद्यालयलाई मर्मत खर्च बापतको अनुदान दिने | बिद्यालय | ० | ० | ० | ० | ० | Physical |
| ७ | विपद् जोखिम व्यवस्थापन र Resilience लचिलोपन सम्बन्धी बृहत योजनाको कार्यान्यिन गर्ने | पालिका | ४४ | ४४ | ४४ | ४४ | ४४ | Physical |
| ८ | ECED बालबालिकाहरुका लागि WASH सुबिधा सहितको छुट्टै शौचालय निर्माण गर्ने | ECED | १० | ११ | ११ | ११ | ११ | ECED |
| ९ | गत आ.ब.को बिद्यालय भौतिक निर्माण कार्य सम्पन्न भै भुक्तानी बाँकी अनुदान | बिद्यालय | | | | | | Physical |
| | | | | | | | | दातृ सँस्थाहरूबाट प्रस्तावित |

# परिच्छेद: ५
# अन्य उपक्षेत्र
## ५.१ शिक्षामा सकारात्मक विभेदन र मनोसामाजिक परामर्श सेवा

### परिचय

सकारात्मक विभेदन )Positive discrimination) भनेको समान नतीजा ल्याउनका लागि गरिने असमान व्यवहार हो । दृष्टान्त दिएर भन्नु पर्दा छोरा सरह छोरी पनि विद्यालयमा भर्ना भएर पढून भनेर उनीहरुका निम्ति छात्रवृत्तिको व्यवस्था गर्नु भनेको सकारात्मक विभेद हो । अरु जातिसरह दलितहरु पनि शिक्षामा समान रुपले सहभागी हुन सकून भनेर उनीहरुका निम्ति गरिने विशेष व्यवहार वा छात्रवृत्तिको व्यवस्थापन भनेको सकारात्मक विभेद हो । यो कुनै जाति वा बर्ग विशेषको अधिकार भन्दा पनि सरकारले उनीहरुलाई पनि अरु सरह शिक्षा वा अन्य कुनै कार्यक्रममा मूलप्रवाहिकरण गर्नका लागि गरिएको प्रोत्साहन हो । उनीहरु यो कार्यक्रमबाट लाभाविन्त भएर अरु सरह शिक्षा र विकासका अन्य कार्यक्रममा सहभागित हुन सके भने यस प्रकारको सकारात्मक विभेदलाई हटाउन सकिन्छ । वा अवस्था विशेषको विश्लेषण गरी अर्को कुनै जाति वा वर्गलाई यो प्रकारको सकारात्मक विभेद वा छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने हुन्छ । सकारात्मक विभेदले वृहत क्षेत्र समेट्ने भए तापनि यहाँ छात्रवृत्तिको सन्दर्भलाई मात्र विशेष प्राथमिकता दिएर विश्लेषण गरिनेछ ।

हाम्रो जस्तो मुलुकमा अभिभावक र विद्यार्थीका लागि मनोसामाजिक परामर्श सेवाको पनि अहम महत्व छ । अभिभावकहरुमा चेतनाको अभाव छ । बालबालिकाहरु चुलबुले र चकचके स्वभाव भएको हाम्रा अभिभावकलाई मन पर्दैन जव कि यो बालबालिकाको प्राकृतिक स्वभाव हो । हाम्रा कतिपय अभिभावकहरुलाई चकचक नगर्ने, एकैठाउमा चुप्प लागेर बस्ने, अभिभावकको आज्ञाकारी हुने जस्ता स्वभाव भएको बालबालिकाहरु मन पर्छ जवकि बालबालिकामा यस्तो स्वभाव देखिनु भनेको अस्वाभाविक हो र बालबालिकामा देखिएको समस्या हो । बालबालिकाको सम्बन्धमा अभिभावकसँग यस्ता अनगिन्ति भ्रमहरु छन् । जसले गर्दा बालबालिकाहरुको उपयुक्त विकासमा बाधा पुर्याईरहेको हुन्छ । कतिपय बालबालिकाहरुले आफ्नो विशेष प्रतिभा र क्षमता देखाउन खोजिरहेको हुन्छ हामी त्यसलाई पनि हुर्कन र

फष्टाउन नदिएर निषेध गर्न खाजिरहेका हुन्छौं । यस्तो अवस्थामा बालबालिका, अभिभावक र केही हदसम्म शिक्षकलाई समेत परामर्श सेवा र यससम्बन्धी सीपको विकास गर्न आवश्यक देखिन्छ ।

### ५.१.१ वर्तमान अवस्था

छात्रवृत्तिलगायत विद्यार्थीलाई प्रदान गरिने सहयोगले न्यून आय भएका परिवार, सुविधाविहिन तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई शिक्षामा पहुँच तथा सहभागिताका लागि सहयोग गरी समता तथा समावेशिताको अवस्था सुधारमा योगदान गर्दछ । यस्तो सहयोगले आर्थिक अभावका कारणले विद्यालय पोशाक, स्टेसनरीलगायतका सामग्रीहरू, दिवा खाजा इत्यादि उपलब्ध हुन नसकी विद्यालयमा हुने विद्यार्थीको अनुपस्थिति र विद्यालय छाड्ने दर घटाउन सहयोग गर्दछ । यसबाट सबै बालबालिकालाई विद्यालय तहको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न र आधारभूत तहमा अनिवार्य शिक्षा कार्यान्वयनमा सहयोग पुग्दछ । त्यसै गरी यसबाट विद्यालयमा उपस्थित हुन र सिकाइमा सक्रियतापूर्वक सहभागी हुन उत्प्रेरणा प्राप्त हुने भएकाले बालबालिकाको सिकाइ सुधार गरी शिक्षाको गुणस्तर सुधार गर्नमा पनि योगदान हुन्छ ।

मुलुक सङ्घीय व्यवस्थामा प्रवेश पछि शिक्षामा केही हदसम्म लगानीको पनि वृद्धि भयो । लगानी बृद्धिसँगसँगै विशेषगरी विद्यालय शिक्षामा छात्रा र दलित समुहको सहभागिता अभिवृद्धिका लागि छात्रबृत्तिको व्यवस्था गरियो । करिव तीन दशक अघि सबै छात्रा र सवै दलित विद्यार्थीहरुका लागि ब्लाङ्केट अप्रोचबाट कार्यान्वयन गरिएको यो छात्रवृत्ति कार्यक्रम अहिले पनि त्यही किसिमबाट कार्यान्वयन भइरहेको छ र छात्रवृत्ति रकम पनि खासै समसामयिक हुने गरी वृद्धि गर्न सकिएको छैन । अहिलेको आवश्यकता भनेको छात्राहरु र दलितहरुमध्ये पनि विपन्न समूहलाइ छनोट गरी महङ्गी समेतलाई मध्यनजर गरी छात्रवृत्ति रकम दिनु पर्ने देखिन्छ । यसका अतिरिक्त यस प्रकारको छात्रवृत्ति अपाङ्गता भएका विद्यार्थी, लोपोन्मुख र सिमान्तकृत समुदायका विद्यार्थी, मुक्त कम्लहरी विद्यार्थी, गरीव तथा विपन्न विद्यार्थी, द्वन्द्वपीडित विद्यार्थी र सहिद परिवारका विद्यार्थीका निम्ति यस्तो छात्रवृत्तिको व्यवस्था गरिएको छ ।

छात्रवृत्तिलाई आवासीय प्रयोजनका निम्ति पनि व्यवस्था गरिएको छ । यस्तो छात्रवृत्ति छात्राहरुको लागि फिडर छात्रावास, अपाङ्गता भएका विद्यार्थीहरुका निम्ति छात्रावास, मुक्त कम्लहरीका निम्ति छात्रावास, मोडल स्कूल छात्रावास, हिमाली छात्रावास, लोपोन्मुख तथा सिमान्तकृत समुदायका विद्यार्थीहरुका निम्ति छात्रावास, सडक बालबालिका तथा श्रमिक बालबालिकाहरुका निम्ति छात्रावास आदि कार्यक्रमको निम्ति संघीय सरकारले प्रदान गर्ने गरेको छ । यस्तो छात्रवृत्ति कार्यक्रममा प्रति विद्यार्थी मासिक चारहजार रुपैयाँको दरले दश महिनाको निम्ति उपलब्ध गराउने गरिएको छ । प्रति विद्यार्थी मासिक किसिमले दिने यो रकम विद्यार्थीहरुका खाना लगायत सरसफाई र शैक्षक सामग्रीसम्बन्धी आवश्यकता पूरा गर्न अपर्याप्त देखिन्छ ।

गैरआवासीय विद्यार्थीहरुका निम्ति प्रदान गरिने छात्रवृत्ति पनि अपर्याप्त रहेको छ र त्यसको दुरुपयोग पनि त्यत्तिकै देखिन्छ । विद्यालय देखि अभिभावकसम्म पुग्दा विद्यार्थीलाई जे कामको लागि दिइएको हो त्यो काममा कमैमात्र प्रयोग भएको देखिन्छ । अवको आवश्यकता भनेको जाति र लिङ्को आधारमा भन्दा पनि विपन्नताको आधारमा छात्रवृत्ति दिनु पर्ने हुन्छ र यो रकम पुग्ने गरी पनि हुनु आवश्यक छ

देशका संघीयताको कार्यान्वनय सँगसँगै कतिपय प्रदेश सरकार र स्थानीय तहहरुले विपन्न समुदाय र छात्राहरुका निम्ति पनि छात्रवृत्तिको व्यवस्था गरेको देखिन्छ । यस नगर पालिकाले पनि बिगत देखि छात्रा, गरिब, अपाङ्गता भएका बाबुआमा नहुने अनाथ बालबालिकाहरुको निम्ति अभिभावकको भूमिका निर्वाह गर्नेगरी बजेट विनियोजन गरेको अवस्था छ ।

समाजको बनावट सरलबाट क्रमशः जटिल प्रकारको हुदै गएपछि समाजमा हुने विकृत्तिहरु पनि बढ्दै गएको अवस्था छ । यो विकृतिमा बालबालिका र त्यसमा पनि विशेष गरी बालिकाहरु बढि प्रताडित भएको देखिन्छ । बालबालिकाहरुको उमेरसँगै हुने गरेको शारीरिक र मानसिक बृद्धि र विकासको कारण हुने गरेको

विविध किसिमका परिवर्तनलाई उचित किसिमले व्यवस्थापन गर्न नसक्नुको कारणले पनि कतिपय समस्याहरु देखा पर्ने गर्दछन् । यस्तो अवस्थामा विद्यालय र घरपरिवारले उनीहरुलाई उचित किसिमले मनोसामाजिक परामर्श उपलब्ध गराउनु पर्ने हुन्छ । बालबालिकाको निम्ति यो परामर्शको टडकारो आवश्यकता र महत्व दिनु आवश्यक छ । गैर सरकारी क्षेत्रबाट भने कतिपय आवश्यकता परेका विद्यालयहरुमा शिक्षकहरुका निम्ति छोटो अवधिका तालिम र प्रशिक्षण प्रदान गरेको देखिन्छ । विदेश जाने विद्यार्थीहरुका निम्ति परामर्श दिने उद्देश्यले शहरका गल्ली र चोकहरुमा कल्सल्टेन्सीका नाममा शैक्षिक परामर्श केन्द्रहरु स्थापना भए तापनि यस्ता परामर्श केन्द्रहरु सेवामुखी भन्दा पनि मुनाफामुखी भएको देखिन्छ ।

### ५.१.२ उद्देश्य

योजनाको प्रस्तुत खण्डको समग्र उद्देश्य विद्यार्थीको कठिन परिस्थितिलाई सकारात्मक विभेदन र मनोसामाजिक परामर्शको माध्यमबाट सहजीकरण गरी शिक्षामा समता र समावेशिताको सुनिश्चित गर्नु रहेको छ भने यसका विशिष्ट उद्देश्यहरु देहायका रहेका छन् :

१. आर्थिक रूपले विपन्न, सुविधाविहिन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई शिक्षामा सहज पहुँच पुऱ्याई सिकाइमा उनीहरूको सहभागिता र उपलब्धि बढाउनु ।

२. विद्यालय शिक्षालाई समता र समावेशी बनाउनु ।

३. कठिन र असहज परिस्थितिका कारण अलमलको जीवन बाँचिरहेका बालबालिकालाई मनासामाजिक परामर्शको माध्यबाट शिक्षामा उनीहरुको सहभागितालाइ सक्रिय र अर्थपूर्ण बनाउनु ।

४. सबै बालबालिकाका लागि सिकाइ सुनिश्चित गरी सिकाइ गुणस्तर वृद्धि गर्नु ।

### ५.१.३ रणनीतिहरू

उल्लिखित उद्देश्यहरु परिपूर्ति गर्नका लागि देहायका रणनीतिहरु अवलम्बन गरिनेछ :

१. हालका छात्रवृत्तिका किसिम र छनोटका आधारको पुनरावलोकन तथा परिमार्जन गरी लक्षित र आवश्यकतामा आधारित छात्रवृत्ति पद्धतिको विकास गरिने छ । छात्रवृत्तिका लागि मूलत: गरिबीलाई केन्द्रित गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने गरी व्यवस्था मिलाइने छ ।

२. सम्बन्धित शिक्षण संस्था र समुदायको सहभागितामा पालिका तहमा छात्रवृत्ति व्यवस्थापन र अनुगमन समिति गठन गरिने छ ।

३. गैर आवासीय छात्रवृत्तिका लागि विद्यार्थीको नाममा बैङ्क खाता सञ्चालन गरी उनीहरुलाई प्रदान गरिने छात्रवृत्तिलाइ एकद्वार भौचर प्रणाली मार्फत प्रदान गरिनेछ ।

४. आवासीय तथा गैरआवासीय गरी दुई किसिमका छात्रवृत्ति व्यवस्था गरी छनोटका लागि पारदर्शी आधारहरू प्रयोग गरिने छ ।

५. छात्रवृत्ति उद्देश्यमूलक बनाइने छ । जस्तैः जस्तै दिवा खाजा, स्टेसनरी तथा सिकाइ सामग्री, पोशाक साथै अन्य सहुलियत प्रदान गरिने छ ।

६. छात्रवृत्ति रकमको पुनरावलोकन गरी उद्देश्यअनुरुप पर्याप्त हुने गरी पालिकाबाट थप व्यवस्था गरिने छ ।

७. यस पालिकाका भौगोलिक विकटताको अवस्था विश्लेषण गरी सकेसम्म आवासीय छात्रवृत्ति समेत पाउने गरी एउटा आवासीय माध्यमिक विद्यालयको स्थापना गरी सञ्चालन गरिनेछ।

८. शिक्षा क्षेत्रको बजेटमा समावेश छात्रवृत्ति विद्यार्थीलाई शिक्षण सिकाइ क्रियाकलापमा सहयोगी हुने कार्यमा केन्द्रित गरिनेछ भने परिवार तथा व्यक्तिको जीवनयापन तथा कल्याणसँग सम्बन्धित सहयोग आवश्यकतानुसार सामाजिक सुरक्षाअन्तरगत पालिकाले अलग्गै प्रदान गर्ने व्यवस्था मिलाउने छ ।

९. घरायसी वातावरण बालमैत्री शिक्षा मैत्रीनहुनुका साथै अन्य विविध कारणले आफ्नो पढाईलाई अघि बढाउन अलमल र द्विविधामा परेका बालबालिकालाई मनोसामाजिक परामर्शको माध्यमबाट उनीहरुको जीवनलाई अर्थपूर्ण तरिकाबाट अघि बढाउन सहयोग गरिनेछ।

१०. विद्यार्थीहरुको मनोसामाजिक समस्याहरुलाई सघन रुपमा विश्लेषण गरी उनीहरुको शिक्षा लगायत समग्र जीवनमा प्रतिकूल असर परिरहेको कुरालाई मध्यनजर राखी पालिका तहबाट आवश्यक संरचना र जनशक्तिको व्यवस्थापन गरी कार्यान्वियन गरिनेछ।

### ५.९.५ प्रमुख उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य

#### क) प्रमुख उपलब्धि

समाज र विद्यालय भित्र हुने बिभिन्न प्रकारका असमनता र मनोसामाजिक समस्याहरुको निराकरण भै शिक्षामा सबैको पहुँच र सहभागिताको सुनिश्चित भई समता र समावेशितामा सुधार हुने।

#### ख) प्रमुख नतिजाहरू

१. विशेषतः गरिबी र कठिन परिस्थितिमा रहेका, सुविधाविहिन र अपाङ्गता भएका बालबालिकालाई केन्द्रित गरी एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यान्यिन हुने।

२. उद्देश्य र आवश्यकतामा आधारित भएर छात्रवृत्ति वितरण हुने।

३. लक्ष्यित समूहको विद्यालयमा भर्ना हुने, टिकिरहने र सिकाइमा सहभागिताको दरमा सुधार भई सिकाइमा सुधार हुने।

४. छात्रवृत्तिलाई एकद्वार प्रणालीबाट वितरणगरी यसको दुरुपयोगमा न्यूनिकरणभइ उपलब्धिमा सुधार हुने।

५. मनोसामाजिक परामर्श सेवा प्राप्त गरी समस्यामा परिरहेका बालबालिकाहरुको शिक्षामा सहभागिता अर्थपूर्ण हुने ।

तालिका ५.१: सकारात्मक विभेद र मनोसामाजिक परामर्शसम्बन्धी प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | छात्रवृत्ति छनोट तथा वितरण निर्देशिका विकास | पटक | १ | | - | १ | - | १ | | संघ, प्रदेश र स्थानीय तह |
| २ | पालिका तहमा छात्रवृत्ति व्यवस्थापन समिति गठन | पटक | १ | | १ | | | १ | | प्रदेश र स्थानीय सरकार |
| ३ | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण | लक्षित विद्यार्थी | राख्नु पर्ने | राख्नु पर्ने | राख्नु पर्ने | राख्नु पर्ने | राख्नु पर्ने | राख्नु पर्ने | राख्नु पर्ने | प्रदेश सरकार, स्थानीय तह तथा विद्यालय |
| ४ | आवासीय छात्रवृत्ति र सुविधा पाउने गरी पातलो वस्ती भएका टोलका बालबालिका लक्षित आवासीय माध्यमिक विद्यालयको स्थापना र | पालिका | १ | १ | १ | १ | १ | १ | १ | प्रदेश सरकार र स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | संचालन। | | | | | | | | |
| ६ | मनोसामाजिक परामर्शका लागि आवश्यक संरचना र जनशक्तिको स्थापना र कार्यान्वियन | बिद्यालय | ८९ | ८९ | ८९ | ८९ | ८९ | ८९ | ८९ | प्रदेश सरकार र स्थानीय तह |
| ७ | अनुगमन तथा मूल्याङ्कन | बिद्यालय | ८९ | ८९ | ८९ | ८९ | ८९ | ८९ | ८९ | संघ, प्रदेश र स्थानीय तह |

## ५.२ विद्यालय व्यवस्थापन

### ५.२.१ परिचय

नेपालको संविधान अनुसूची ९ अनुसार तीन तह सङ्घ, प्रदेश र स्थानीय सरकारको अधिकारको साझा सूचीमा शिक्षा, खेलकुद र पत्रपत्रिका रहेका छन ।नेपालको संविधान अनुसुची ८ अनुसार स्थानीय सरकारको अधिकार सूचीमा आधारभूत तथा माध्यमिक शिक्षा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा शिक्षा सम्बन्धी २३ वटा अधिकारहरू रहेको छ। विद्यालयको सु-सञ्चालनको लागि शिक्षा ऐन, २०२८ अनुसारको शिक्षा नियमावली, २०५९ परिच्छेद ६ बमोजिम विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठन गरिने प्रावधान रहेको छ ।व्यवस्थापनका दृष्टिले विद्यालय प्रमुख निकाय हो। जहाँ सहभागितात्मक दृष्टिकोण, पाठ्यक्रम सुधारका दृष्टिकोण, मागमा आधारित शैक्षिक कार्यक्रम तथा वित्तीय पद्धति, स्थानीय र सामुदायिक साझा विचार रहेका हुन्छन । विद्यालय व्यवस्थापन भित्र शैक्षिक योजना निर्माण र कार्यान्वयनको संस्थागत जिम्मेवारी बाँडफाड गरिएको छ।

विद्यालयहरूलाई आफूले सेवा प्रदान गर्ने समुदायप्रति उत्तरदायी बनाउन यस्ता समितिहरूको भूमिका र सक्रियतालाई बढाइ पारदर्शिता, जवाफदेहिता कायम गर्दै शैक्षिक सुशासन अभिवृद्धि कायम गरिएको देखिन्छ । सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गरी आम अभिभावकहरूको विश्वास बहाली गर्ने र संस्थागत विद्यालयहरूलाई नियमन गरी सेवामूलक बनाउदै सबैका लागि गुणस्तरीय शिक्षाको प्रत्याभूतिका लागि स्थानीय सरकारले अगुवाइ गरेको छ।

विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहने र प्रधानाध्यापक छनौट वा नियुक्ति सम्बन्धी व्यवस्था मौजुदा शिक्षा ऐन २०२८ अनुसार शिक्षा नियमावली २०५९ को नियम ९३ को आधारमा विद्यालयको प्रधानाध्यापकको व्यवस्था गरिने व्यवस्था छ । विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने प्रधानाध्यापकको कर्तव्य हो।

### ५.२.२ वर्तमान अवस्था

गुर्भाकोट नगपालिका मा ७५ वटा सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका छन । पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिम विद्यालय न्यूनतम २४० दिन खुल्नुका साथै कम्तिमा २१० दिन पठनपाठनको सुनिश्चितताको लागि शैक्षिक क्यालेन्डरको व्यवस्था गरिएको छ । अगुवा विद्यालयहरूलाई आफ्ना फिडर विद्यालयहरूको समन्वय र पेसागत सहायताका लागि जिम्मेवार बनाइएको छ । वडामा वडा शिक्षा समितिले काम गरिरहेका छन् ।समग्र पालिकाको शिक्षा सम्बन्धी नीति, योजना र कार्यक्रमको समन्वय र व्यवस्थापनको लागि पालिका प्रमुखको संयोजकत्वमा शिक्षा समिति गठन भइ क्रियाशिल रहेको अवस्था छ ।

### ५.२.३ चुनौती र अवसर

- सबै वडामा वडा शिक्षा समितिहरूले सक्रियता बढाउनु,
- सबै विद्यालयहरूमा प्रचलित ऐन र नियमावली अनुसारको प्रधानाध्यापकको नियुक्ति,
- विद्यालय व्यवस्थापन समितिको समायावधि भित्र गठन गरी विद्यालयको समग्र व्यवस्थापन गर्नु,
- प्रधानाध्यपकहरूलाई श्रृजनशिल, समयसापेक्ष, जवाफदेही र उत्तरदायी बनाउनु,

- विद्यालय व्यवस्थापन समितिलाई श्रृजनशिल, समयसापेक्ष, जवाफदेही र उत्तरदायी बनाउनु,
- विभिन्न समिति, प्रधानाध्यापक र लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास गर्नु।

### ५.२.४ उद्देश्य

- विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउनु,
- विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु,
- गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबालिकाको सहजपहुँचको आधार तयार गर्नु,
- विद्यालयको शासकीय प्रबन्धलाई उच्च नतिजाका लागि प्रोत्साहित गर्नु,
- विद्यालयहरूको सक्षमतामा सुधार गरी रूपान्तरणको गतिलाई तीव्रता प्रदान गर्नु,
- योग्यतम् प्रधानाध्यापको छनौट तथा नियुक्ति गर्नु,
- विभिन्न समिति, प्रधानाध्यापक र लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास गर्नु,
- विद्यालय व्यवस्थापनलाई समावेशी, समन्यायिक र जवाफदेही बनाउनु,
- विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि गर्नु
- विद्यालयको सेवा प्रवाहलाई प्रभावकारी बनाउनु।

### ५.२.५ रणनीतिहरू

- विद्यालयको सुधार योजना बनाइ कार्यान्वयन गरिने,
- शैक्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाइने,
- विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाइ कार्यान्वयन गरिने,
- विद्यालय नक्साङ्कन गरी विद्यालय समायोजन, पनर्वितरण तथा स्थापना गरिने,
- शिक्षक दरवन्दी मिलानतथा प्रधानाध्यापक नियुक्ति,
- विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विनियम तयार गरी कार्यान्वयन गरिने,
- विद्यालयले वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गरी अभिभावक भेला मार्फत सार्वजनिक गरिने,
- नियमित रूपमा विद्यालयको लेखा तथा सामाजिक परीक्षण गरिने,
- विद्यालयको विपद् व्यवस्थापन योजना बनाइ कार्यान्वयन गरिने,
- विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागिता, पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता गरिने,
- नियमित रूपमा विभिन्न समितिहरू, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरूको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने।

### ५.२.६ प्रमुख उपलब्धि र नतिजाहरू

**क) उपलब्धिः**

- सबै विद्यालयहरू गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम हुने ।

**ख) प्रमुख नतिजाः**

- विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्था सुदृढ भएको हुने,
- विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापन प्रभावकारी हुने,
- विद्यालयमा गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबालिकाको सहजपहुँचको आधार तयार हुने,
- विद्यालयको शासकीय प्रबन्ध उच्च नतिजाका लागि प्रोत्साहित भएको हुने,
- विद्यालयहरूको सक्षमतामा सुधार भइ रूपान्तरणको गतिलाई तीव्रता प्रदान गरेको हुने,

- योग्यतम् प्रधानाध्यापको छनौट तथा नियुक्ति हुने,
- विभिन्न समित, प्रधानाध्यापकर लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास हुने,
- विद्यालय व्यवस्थापन समावेशी, समन्यायिक र जवाफदेही हुने,
- विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि हुने,
- विद्यालयको सेवा प्रवाह प्रभावकारी हुने ।

### ५.२.७ प्रमुख क्रियाकलाप र लक्ष्यः

- विद्यालय सुधार योजना तयारी तथा अध्यावधिक,
- शैक्षिक कार्ययोजनाको निर्माण,
- विद्यालयको विकास तथा व्यवस्थापन गुरुयोजना,
- विद्यालय नक्साङ्कन,
- विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना,
- शिक्षक दरबन्दी मिलान,
- प्रधानाध्यापक नियुक्ति,
- विद्यालय सञ्चालन तथा व्यस्थापन विनियम तयारी,
- वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन,
- अभिभावक भेला,
- विद्यालयको लेखा तथा सामाजिक परीक्षण,
- विपद् व्यवस्थापन योजना निर्माण,
- विद्यालयका गतिविधिहरू सार्वजनिक।

तालिका ५.२ विद्यालय व्यवस्थापनका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (१० वर्ष) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८८ | जम्मा | |
| १ | विद्यालय सुधार योजना तयारी तथा अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | शैक्षिक कार्यपात्रो निर्माण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | विद्यालयको विकास तथा व्यवस्थापन गुरुयोजना बनाउने | पटक | | १ | १ | | | | २ | |
| ४ | विद्यालय नक्साङ्कन गर्ने | पटक | | १ | | | | | १ | |
| ५ | विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | शिक्षक दरबन्दी मिलानगर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | योग्यता, क्षमता र वरिष्ठताको आधारमा प्रधानाध्यापक नियुक्ति गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | विद्यालय सञ्चालन तथा व्यस्थापन विनियम तयारी गर्ने | विद्यालय/ | | १ | | | | | १ | |
| ९ | वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | अभिभावक भेला गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | विद्यालयको लेखा तथा सामाजिक परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | विपद् व्यवस्थापन योजना निर्माण गर्ने | पटक | | १ | | | | | | |
| १३ | विद्यालयका गतिविधिहरू सार्वजनिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | प्रधानाध्यापक, शिक्षक र कर्मचारीलाइ प्रोत्साहन उपलब्ध गराउने | प्रअ, शिक्षक र कर्मचारी | १ | १ | १ | १ | १ | ५ | १० | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (१० वर्ष) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८८ | जम्मा | |
| | | प्रतिशत | | | | | | | | |
| १५ | नगपालिकाको शिक्षा योजनाको निर्माण, प्रवोधिकरण र परिमार्जन | नगरपालिका | १ | | | | | | १ | |
| १६ | शिक्षक अभिभावक सङ्घको कार्यकारी समितिले वित्तिय पारदर्शिता र जवाफदेहिता कायम, अभिभावक तथा अन्य सङ्घसंसथासँग समन्वय र साझेदारी गर्ने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| १७ | विद्यालयमा गठन हुने विभिन्न समितिका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८ | विद्यार्थी तथा अभिभावकहरूको गुनासो सुनुवाइको व्यवस्था गर्ने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९ | सामाजिक लेखा परीक्षण र प्रतिवेदनलाई सार्वजनिक गर्ने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| २० | विद्यालयहरूमा सेवा वडापत्रको व्यवस्था गर्ने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |

# ५.३ गुणस्तरीय सार्वजनिक शिक्षा

## ५.३.१परिचय

शैक्षिक गुणस्तर भन्ने कुरा नाप्न कठिन छ । सामान्यतया विद्यार्थीले विभिन्न परीक्षामा प्राप्त गर्ने सफलता तथा अङ्कलाई गुणस्तरको रुपमा बुझ्ने गरिएको पाइन्छ । शिक्षाको गुणस्तरलाई अङ्कमा सीमित गर्न सकिंदैन । परीक्षामा कम अङ्क ल्याए पनि शिक्षण संस्थामा सिकेका सिपलाई व्यवहारमा प्रयोग गर्न सक्छ ।व्यावहारिक जीवनमा सिर्जनशील बन्छ, जागिरका लागि दिने परीक्षा तथा माथिल्लो शिक्षाका लागि हुने प्रवेश परीक्षाहरूमा सफलता प्राप्त गर्न सक्छ । माथिल्लो तहको शिक्षा आर्जन गर्ने क्रममा तल्लो तहको शिक्षाले सहयोग गरेको महसुस गर्छ भने त्यस्तो शिक्षालाइ गुणस्तरीय शिक्षा भन्न सकिन्छ ।

नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले समेत गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । समग्रमा विद्यालय पद्धतिलाई विद्यार्थी मैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधार सहितको सिकाइ वातावरण निर्माण शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास, विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्नुका साथै उनीहरूको कुशलता प्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आवद्ध गरी व्यवस्थित गर्नु आवश्यक छ ।

२१ औँ शताब्दीका बालबालिकालाई सूचना प्रविधिको पहुँच पुर्याउन, शिक्षकलाई स्वाध्ययन गर्ने मौका सिर्जना गर्ने, शिक्षण सिकाइलाई प्रभावकारी पार्न विद्यालयमा इन्टरनेटको व्यवस्था गरी शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग बढाइनु पनि अपरिहार्य छ।विद्यालय सुशासनलाई प्रभावकारी पार्ने र सार्वजनिक शिक्षाका लागि छुट्याएको बजेट सदुपयोग भएको सुनिश्चित गर्नु पनि त्यत्तिकै आवश्यक छ।यस्तै साना तिना कुरामा समेत ध्यान दिन सकेमा सार्वजनिक शिक्षाको गुणास्तर सुधार हुन सक्छ।

## ५.५.२ वर्तमान अवस्था

सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाउन तथा सवलीकरण गर्न समस्याका जराहरू पत्ता लगाइ सुधारको थालनी गर्नुपर्ने आवश्यकता छ। विद्यालयमा बालबालिकाले प्राप्त गर्ने उपलब्धि विद्यालयको पठनपाठनमा मात्र भर पर्दैन। बालबालिका विद्यालयमा आउनु भन्दा पहिला सिकाइका लागि कति तयार भएका छन् । त्यसले समेत प्रभाव पार्दछ। बालबालिकाको शिक्षाको तयारी सुनौलो हजार दिनदेखि सुरुवात हुन्छ।विद्यालय पूर्वको तयारीका लागि गर्भवती अवस्थामा आमालाई प्राप्त पोषणयुक्त खाना, स्वास्थ्य उपचार, सुत्केरी गराउने उपयुक्त तरिका, सुत्केरी आमाको स्याहार सुसार, शिशु जन्मे पछिको रेखदेख समेतले विद्यालयको शिक्षामा प्रभाव पार्ने कुरा अध्ययनले देखाएका छन् । पूर्व बालशिक्षा तथा बालविकास केन्द्रहरूका लागि उपयुक्त कक्षाकोठा,उपयुक्त बाहिरी वातावरण, कक्षाकोठामा साना बालबालिकालाई पर्याप्त खेल्ने सामाग्रीको व्यवस्था, तालिमप्राप्त शिक्षक, पोषणयुक्त खाजाको व्यवस्था हुन सकेमा गुणस्तरीय सिकाइका लागि जग तयार हुन्छ।

सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीहरू प्रायः पिछडिएको समाजको, निरक्षर र आधारभूत तहको समेत शिक्षा नपाएका अभिभावकका बालबालिका हुने गरेको कुरा पनि अध्ययनले देखाएका छन् । अभिभावकले बालबालिकालाई उपयुक्त पोषणको व्यवस्था गर्न र घरमा सिक्नका लागि उपयुक्त वातावरण मिलाउन नसकेमा विद्यालयमा बालबालिकाले राम्रो गर्ने सम्भावना हुदैन।बालबालिकालाई शिक्षा प्रति सचेत बनाउन अभिभावक शिक्षा सञ्चालन गर्न सकेमा त्यस्ता अभिभावकले समेत घरमा सहयोग गर्न सक्छन् । विगतमा अभिभावक शिक्षा भनेर केही प्रयास गरिएको पनि हो तर नाम मात्रका अभिभावक शिक्षा प्रभावकारी हुन सकेका छैनन्। घरको वातावरण सिकाइलाई सहयोगी बनाउन अभिभावक शिक्षा बाहेक अन्य कुनै उपयुक्त तरिका हुन सक्दैन।अभिभावक शिक्षा व्यापक र प्रभावकारी पार्न सकेमा पनि सार्वजनिक शिक्षाको गुणस्तर सुधारको थालनी हुनसक्छ।

विद्यालयमा सुचना तथा प्रविधिमा आधारित शिक्षण सिकाइ प्रक्रियाको कार्यान्वयन गर्न नसक्नु, बालबालिकाहरूको सिकाइ सक्षमता पूरा भए नभएको एकिनको लागि निरन्तर मूल्याङ्कन तथा सोही अनुरुप कमजोर सिकाइ भएकालाई उपचारात्मक शिक्षण सिकाइको व्यवस्था नहुनु, विद्यालयमा हुने हरेक प्रकारका बैठकहरूमा बालबालिकाहरूको सिकाइको सट्टा विद्यालयको प्रशासनिक एजेण्डाहरूमा मात्र छलफल गर्ने प्रवृति हावी हुनु जस्ता कुराले पनि सार्वजनिक शिक्षाको गुणस्तर सुधार आउन सकेको छैन ।

सोचे अनुरुप समुदाय तथा अभिभावकले उनीहरूका छोराछारी प्रति वा पढाइ प्रति सहभागिता नहुनुले पनि सार्वजनिक शिक्षा धरासायी अवस्थामा पुगेको छ । समुदाय तथा अभिभावकको चेतना स्तरको कारण सार्वजनिक शिक्षामा उनीहरूको सहभागितामा वृद्धि बाधक देखिन्छ । अभिभावकको सोचाइ अङ्ग्रेजीमा पढाइ होस् भन्ने छ तर अङ्ग्रेजी भनेको त भाषाको माध्यम मात्र हो ज्ञान, सिप, अभिवृति तथा व्यवहार परिवर्तन होइन । त्यसै गरी शिक्षा भनेको अङ्ग्रेजी जान्नु होइन भन्ने बुझाइ उनीहरूमा ल्याउन नसक्नु पनि सुधारको बाधक रहेको विश्लेषण छ । आज मैले मेरा छोराछोरीहरूलाई पढाइमा सहयोग गर्ने त्यसले भविष्यमा सकारात्मक प्रतिफल दिन्छ भन्ने कुराको सचेतना आम अभिभावकहरूसँग पुर्याउनु आजको आवश्यकता रहेको छ । शिक्षा क्षेत्रमा नतिजामुखी अनुगमन सहजीकरण तथा सुपरिवेक्षण नहुनु तथा ऐन,नियम,कानुन बमोजिम विद्यालय शिक्षा सञ्चालन तथा व्यवस्थापनमा राजनीतिक नेता, कार्यकर्ताहरूले गर्ने अवरोधले पनि सार्वजनिक शिक्षाको गुणस्तरमा समस्याहरू परेको देखिन्छ ।

गुर्भाकोट नगरपालिकाले पालिकाको शिक्षालाई गुणस्तरीय बनाउनका लागि शिक्षा ऐन, नियमावली र कार्यविधि, नगर शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा छ । त्यसै गरी विद्यालयहरूलाई शैक्षिक सामाग्रीहरू प्रदान, सिकाइमा नवीनता ल्याउनका लागि Talking Teacher कार्यक्रम सञ्चालन, शिक्षण सिकाइ सहयोग अनुदान प्रदान गरिएको छ । बाल विकास कक्षा सञ्चालन, शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयलाई अनुदान, मिदास इ-कक्षा सञ्चालन, स्थानीय पाठ्यक्रम निर्माण र सञ्चालन, मूल्याङ्कन प्रणाली सुदृढीकरण, शैक्षिक मेला प्रदर्शनी, अतिरिक्त क्रियाकलाप सञ्चालन, विद्यालयमा इन्टरनेट जडान र प्रविधि हस्तान्तरण, छात्रवृत्ति, उपचारात्मक कक्षा सञ्चालन लगायतका काम पनि गरिएको छ ।

### ५.३.३ उद्देश्य

- सबै बालबालिकाका लागि गुणस्तरीय विद्यालय शिक्षा सुनिश्चित हुने,
- क्षमता तथा योग्यताका आधारमा गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा पहुँच पुग्ने,
- क्षमता तथा योग्यताका आधारमा गुणस्तरीय उच्च शिक्षा उपलब्ध हुने,
- शिक्षाका सबै निकाय, विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षा प्रदायक संस्थाहरूमा कार्यरत जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्ने,

- शिक्षाका सबै निकाय, विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षा प्रदायक संस्थाहरूमा सुशासन प्रवर्द्धन गरी सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास तथा कार्यान्वयन हुने,
- दैनिक जीवनमा आवश्यक पर्ने आधारभूत सक्षमता सहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार हुने।

## ५.१३.४ रणनीतिहरू

- शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुने गरी भौतिक, आर्थिक, शैक्षिक तथा जनशक्ति व्यवस्थापन गर्ने,
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष, स्वप्रेरित र उत्तरदायी शिक्षक उपलब्ध गराइने,
- शिक्षण पेसामा उच्च योग्यता र सिप भएका मेधावी व्यक्तिहरू प्रवेश गर्ने वातावरण सिर्जना गरिने,
- विद्यामान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्ड प्रयोगमा ल्याउने,
- शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षालाई समसामयिक बनाउन आधुनिक प्रविधि मैत्री क्रियाकलापमा आधारित विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धिका लागि पर्याप्त पठन सामग्रीको व्यवस्था, प्रारम्भिक कक्षा शिक्षण पद्धतिको प्रयोग, शिक्षक पेसागत विकास तथा पेसागत सहयोग उपलब्ध गराउने,
- प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि उनीहरूको मातृभाषामा शिक्षण सिकाइ हुने वातावरण सृजना गर्ने,
- विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पुस्तकालय, प्रयोगशाला, Computer Lab आदिको व्यवस्था गरिने,
- कक्षाकोठामा आधारित निरन्तर मूल्याङ्कन तथा आवधिक रूपमा विद्यार्थी उपलब्धि परीक्षण, विश्लेषण, तथा समीक्षा गरी निरन्तर पृष्ठपोषणको लागि संयन्त्र तयार गर्ने,
- सार्बजनिक शिक्षामा सुशासन प्रबर्धन गर्न नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणाली तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी कार्यान्वयन गरिने।

## ५.३.५ प्रमुख उपलब्धि र नतिजाहरू

**क) उपलब्धिः**

- सबै बालबालिका तथा युवाहरूलाई गुणस्तरीय सार्बजनिक शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित हुने ।

**ख) प्रमुख नतिजाः**

- शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुने,
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष जनशक्ति कार्यरत रहेको हुने,
- शिक्षण पेसामा उच्च योग्यता र सिप भएका मेधावी व्यक्तिहरू प्रवेश हुने,
- विद्यामान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्ड प्रयोगमा आएको हुने,
- आधुनिक प्रविधि मैत्री क्रियाकलापमा आधारित विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएको हुने,
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि भएको हुने,
- बालबालिकाहरूले आवश्यकताअनुसार मातृभाषामा शिक्षा प्राप्त गर्ने अवस्था सृजना हुने,

- शिक्षण संस्थाहरूको भौतिक तथा शैक्षिक पूर्वाधार सुदृढ भएको हुने,
- सार्वजनिक शिक्षामा सुशासन प्रवर्द्धन भएको हुने।

### ५.३.६ प्रमुख क्रियाकलाप र लक्ष्यः

- शैक्षिक वातावरण सुदृढीकरण
- क्षमता विकास कार्यक्रम
- शिक्षक दरबन्दी व्यवस्थापन
- अतिरिक्त क्रियाकलाप सञ्चालन
- शिक्षक पेसागत सहयोग
- प्रशंसा तथा प्रोत्साहन कार्यक्रम
- सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ कार्यक्रम
- परीक्षण तथा अनुसन्धान
- सरोकारवाल बीच निरन्तर अन्तरक्रिया
- कार्यसम्पादन परीक्षण

तालिका ५.३ गुणस्तरीय सार्वजनिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(१० वर्ष) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८८ | जम्मा | |
| १ | प्रारम्भिक बालविकासमा खेल सामाग्री, सिकाइ सामाग्री, मनोरञ्जन सामाग्री, अडियो भिडियो सामाग्री सहितको आकर्षक तथा मनोरञ्जनात्मक कक्षाकोठा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | शैक्षिक गुणस्तरको सुधारको थालनी कक्षा १ बाट गरौँ अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | बालबालिकालाई सिक्रे गरी पढ्ने बनाउने उद्देश्यले कक्षा १ देखि ३ सम्म पढ्न सिकाउनका लागि पठन सिप विकास सम्बन्धी क्रियाकलापलाई सहयोग गर्न कक्षा १-३ मा छापामय वातावरण बनाउने | विद्यालय | | | | | | | | स्थानीय तह तथा अन्य |
| ४ | विद्यार्थीको प्रतिभा पहिचान, परिचालन र प्रवर्द्धनका लागि सिर्जनात्मक गतिविधि सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| ५ | विज्ञान तथा प्रविधि एक्स्पो, शैक्षिक मेला तथा प्रदर्शनी, महोत्सव आयोजना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह तथा अन्य |
| ६ | प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम नेतृत्व क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | प्रदेश |
| ७ | शिक्षाक दरबन्दी पुनर्वितरण तथा न्यूनतम शिक्षक सुनिश्चितता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढीकरण गर्ने | जना | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | प्रअ, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि गर्ने | जना | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| १० | विद्यालयहरूले गुणस्तर केन्द्रित विद्यालय सुधार योजना बनाउने वा अध्यावधिक गरी कार्यान्वयनमा लैजाने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | पोषण युक्त खाजा कार्यक्रम | सबै विद्याल | सबै विद्या | सबै विद्या | सबै विद्या | सबै विद्या | सबै विद्या | सबै विद्या | सबै विद्यालय | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(१० वर्ष) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८८ | जम्मा | |
| | | य | लय | लय | लय | लय | लय | लय | | |
| १२ | नियमित नतिजामुखी अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | सरोकारवालाहरू बीच अन्तर्रक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | योजनाको आवधिक समीक्षा र अद्यावधिक गर्ने | पटक | | १ | १ | १ | १ | ५ | ९ | |

# परिच्छेद ६
# सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास
## ६.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भइ सुशासन कायम हुने भएकाले संघीय सरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार; ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास; सामाजिक चेतनामा आएको परिवर्तनका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्द्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि नगर कार्यपालिका, नगरसभा, नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता बिना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ जमा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ । विभिन्न ऐन र कानुन मार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना तर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसै गरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्र मध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भइ प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आए पछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ। प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा / शाखाको व्यवस्था गरिएको छ।

## ६.१.२ वर्तमान अवस्था

गुर्भाकोट नगरपालिकामा रहेका विभिन्न शाखाहरू मध्ये शिक्षा, युवा तथा खेलकुद सम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाको हो। एक जना उप सचिव,१ जना छैठौं अधिकृत, एक जना प्राविधिक सहायकको दरबन्दी स्वीकृत गरिएको छ। त्यसै गरी गुर्भाकोट नगरपालिकाको शिक्षा ऐन, २०७४ मा विद्यालय अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउन विद्यालय सुपरिवेक्षकको व्यवस्था गर्ने उल्लेख छ। त्यसका लागि माध्यमिक तहका स्थायी शिक्षकलाई काजमा खटाउने प्रबन्ध गरिएको छ। शाखाले स्वायत्त भएर कुनै कार्यक्रमहरू सञ्चालन गर्न पाएको छैन। शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन। शाखामा जनशक्ति कम हुँदा विद्यालय अनुगमन तथा सुपरिवेक्षणको पाटो प्रभावकारी बन्न सकेको छैन। शाखाहरूमा पाँचौं र छैटौं तहका कर्मचारीहरूले नेतृत्व गरेकोमा यस शाखामा प्रमुख प्रशासकीय अधिकृत सरहका कर्मचारीले नेतृत्व गर्दा पालिकाको समग्र कर्मचारी व्यवस्थापनमा पनि चुनौती देखिन्छ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक एक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ। प्राय जसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गर्ने गर्दछन्।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफल जस्ता पक्षमा विद्यालयहरूले उपलव्धि पूर्ण तरिकाले काम गरेको देखिदैन।यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्द्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ। त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्द्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ।

विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि सङ्घीय र प्रदेश तहमा निजामती तथा शिक्षा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्यनमा जटिलता सिर्जना भएको छ। विशेष गरी सङ्घीय शिक्षा ऐन जारी हुन नसकेको कारणले यस पालिकाले कार्यान्वयनमा ल्याएको ऐन अनुसारका शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासो सरोकरवालाहरूबाट आइरहेका छन्।

## ६.१.३ उद्देश्य

- स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउने,

- तीनै तहका सरकार बीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने,
- गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्ने,
- जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउने,
- कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने,

## ६.१.४ रणनीतिहरू

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइ क्षमता विकास गर्ने।

## ६.१.५ प्रमुख उपलब्धि र नतिजाहरू

### क) उपलब्धिः

- शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रवर्द्धन भइ बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने ।

### ख) प्रमुख नतिजाः

तालिका ६.१ संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | पालिकाको शिक्षा शाखामा दरबन्दी अनुसार योग्यता, तालिम र दक्ष जनशक्तिको उपलब्धता | २ | २ | ३ | ३ | ३ | ३ |
| २ | विद्यालयहरूमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | १० | १० | १० | १५ | २० | ३० |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | ८९ | ८९ | ८९ | ८९ | ८९ | ८९ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सँख्या | ८७ | ८७ | ८९ | ८९ | ८९ | ८९ |
| ५ | अभिभावक शिक्षक सङ्घ गठन र कार्यान्वियन भएका विद्यालय सँख्या | ८७ | ८७ | ८९ | ८९ | ८९ | ८९ |
| ६ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सँख्या | ६ | ६ | १० | १० | १० | १० |
| ७ | सूचकहरूक आधारमा अनुगमन र सुधारका लागि पृष्ठपोषण प्रदान गरिएका विद्यालय सँख्या | १५ | १५ | २० | २० | १२ | १० |
| ८ | तोकिएको समय सिमाभित्र तथ्याँक/सुचना व्यवस्थापन र रिपोर्ट गर्ने विद्यालय सँख्या | ७२ | ७२ | ७२ | ७२ | ७२ | ७२ |
| ९ | तोकिएको पूरा दिन (२२० दिन) बिद्यालय खोल्ने र कम्तिमा १८० दिन पढाई हुने विद्यालय सँख्या | ७२ | ७२ | ७२ | ७२ | ७२ | ७२ |
| १० | बिद्यालय सुधार योजना निर्माण/अध्यावधिक र कार्यान्वियन गर्ने विद्यालय सँख्या | ८९ | ८९ | ८९ | ८९ | ८९ | ८९ |
| ११ | बालमैत्री बिद्यालय कार्यढाँचा (CFSF) निर्माण/अध्यावधिक र कार्यान्वियन गर्ने विद्यालय सँख्या | १५ | १५ | २० | २० | १२ | १० |

- शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने,
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने,
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भइ क्षमता सुधार हुने,
- सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भइ कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने।

## ६.१.६ प्रमुख क्रियाकलाप र लक्ष्यः

तालिका ६.२ प्रमुख नतिजाहरू

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|

| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | ० | १ | ० | १ | ० | |
| २ | संस्थागत संरचना निर्माण, जिम्मेवारी र कार्यान्वयन | पटक | १ | ० | ० | १ | ० | |
| ३ | प्र.अ./शिक्षक क्षमता विकास | जना | ० | २५ | २५ | २५ | १४ | |
| ४ | बि.व्य.स. र पि.टि.ए.को क्षमता विकास | जना | ० | २५ | २५ | २५ | १४ | |
| ५ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | |
| ६ | तेस्रो पक्षबाट शैक्षिक तथ्याङ्क प्रणालीको सत्यता जाँच | पटक | ० | १ | ० | १ | ० | |
| ७ | पालिकाको शैक्षिक कार्यक्रमको हालको बेरुजू घटाउने | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | |
| ८ | प्र.अ. र बि.व्य.स.लाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | जना | ० | ८९ | ० | ८९ | ० | |
| ९ | तोकिएको पूरा दिन (२२० दिन) विद्यालय खोल्ने र कम्तिमा १८० दिन पढाईहुन् का लागि विद्यालयहरूलाई सहयोग (क्यालेन्डर वितरण, प्रोत्साहन वितरण,.........) | बिद्यालय | ७६ | ७६ | ७६ | ७६ | ७६ | |

- आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास
- संस्थागत संरचना निर्माण तथा क्षमता विकास
- प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण
- कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने
- शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन
- अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी संयन्त्र विकास गर्ने
- विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारी सम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने ।

## ६.२ पालिकाको शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध

**परिचय**

यस योजनाले प्रस्ताव गरेका उद्देश्य तथा लक्षहरूलाई प्रतिफल तथा उपलब्धिहरूमा अनुवाद गर्न कार्यन्वयनको उपयुक्त र सबल प्रबन्ध आवश्यक हुन्छ । कार्यान्वयन प्रबन्धअन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानुन तथा मापदण्डसहितको जिम्मेवारी र उत्तरदायित्त्व पर्दछन् । यस परिच्छेदको अघिल्लो खण्डमा यस योजनाका लागि आवश्यक सङ्गठन, संरचना तथा क्षमता विकासका रणनीति तथा क्रियाकलापहरू उल्लेख गरिसकिएकोले यस खण्डमा विशेषत: कार्यान्वयनको प्रक्रिया तथा जिम्मेवारीलाई थप स्पष्ट पारिएको छ।

योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन् । नेपालमा संघीय संरचनाअनुसार स्थानीय तहको संरचना लाई अग्रणी भूमिका निर्वाह् गर्ने तहको सरकारको रुपमा परिभाषित गरिएको छ र यसका लागि केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि संविधानले तोके अनुसारका सबै दाईत्वहरूलाई पूरा गर्न सक्षम हुनका लागि थप जनशक्ति, भौतिक, आर्थिक, सिप, दक्षता, क्षमता अभिवृद्धि, कानुनी र अन्य प्रबन्धहरू गर्नुपर्ने छ जसले गर्दा पालिकाले गरेका प्रत्येक बिषय क्षेत्रको कार्यान्वयनको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा निपुर्णता हुन आवश्यक छ ।यस खण्डमा यस योजनाको कार्यान्वयनका लागि पालिका र विद्यालयअन्तर्गत कार्यन्वयनको जिम्मेवारी तथा प्रक्रिया इङ्गित गरिएको छ ।

### ६.२.१ वर्तमान अवस्था

संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयहरूसँग समन्वय तथा सहकार्य गर्दछ । त्यसै गरी विकास साझेदारहरूसँग सहकार्य तथा समन्वय गर्ने र योजना तथा कार्यक्रमहरूको समग्र अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रहेको छ । प्रदेश तहमा शिक्षासम्बद्ध मन्त्रालय र अन्तर्गत एउटा एउटा शिक्षा विकास निर्देशनालय र एउटा एउटा तालिम केन्द्रहरू रहेका छन् । शिक्षा विकास निर्देशनालयहरूले सम्बन्धित प्रदेश सरकारअन्तर्गत सञ्चालन हुने शिक्षा विकास कार्यक्रमहरूको योजना विकास, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दछन् । यस पालिका जस्ता ७५३ स्थानीय तहमा शिक्षा महाशाखा वा शाखा रहेका छन् । स्थानीय तहका शिक्षा महाशाखा वा शाखाहरूले सम्बन्धित तहअन्तर्गत विद्यालय तहका लागि शिक्षा योजना विकास, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दछन् । प्रत्येक बिद्यालयमा बिद्यालय व्यवस्थापन समिति रहनुका साथै तोकिएका सङ्ख्या शिक्षक र कर्मचारी रहेका हुन्छन । बिद्यालयको व्यवस्थापन र संचालनका लागि भएका शिक्षकमध्ये सक्षम नेतृत्व गर्न सक्ने एकजनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालयको दैनिक कार्यहरू सञ्चालनको जिम्मेवारी दिइएको छ ।

यसका अतिरिक्त सङ्घीय नीति/नियम र कार्यक्रमहरुको समन्वय र सहजीकरणक लागि प्रत्येक जिल्लामा एक शिक्षा विकास तथा समन्वय एकाइहरू रहेका छन् । स्थानीय तहमा जनशक्ति अभाव हुनाले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित हुन नसकेको अवस्था छ । यसले सङ्गठन तथा दरवन्दी पुनरवलोकन गर्नुपर्ने आवश्यकता देखाएको छ । स्रोतकेन्द्र पद्धति विघटन भई अर्को स्थानीय शिक्षक सहायता पद्धति स्थापना नहुँदा देखिएको कठिनाइ हटाउनका लागि स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु आवश्यक देखिन्छ भने प्रदेश स्तरमा रहेका शिक्षा तालिम केन्द्रका शिक्षक तालिमको क्षमता अपर्याप्त भएकाले पालिका स्तरमा विस्तार गर्नुपर्ने देखिन्छ । त्यसै गरी कतिपय कार्यक्रमगत दोहोरो/तेहोरो परिरहेकाले स्थानीय तहहरूलाई विद्यालय शिक्षाका सवालहरूमा प्राविधिक सहायता र सहयोग कोबाट र कसरी प्राप्त हुने र प्रादेशिक तथा संघीय सरकारहरूले स्थानीय तहहरूसँग शिक्षाका विभिन्न विषयहरूमा के कसरी साझेदारी र समन्वय गर्ने भन्ने बारेमा थप स्पष्ट गर्नु र हुनु जरुरी छ I
संघीय सरकारबाट प्राप्त सशर्त अनुदानबाहेक अन्य अनुदान तथा प्रदेश र स्थानीय तहको आम्दानीबाट प्राप्त हुने बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा विकासको योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रणाली सुदृढ गर्नु आवश्यक छ । त्यसै गरी संघ, प्रदेश तथा स्थानीय तहहरूबिच समन्वय र सहकार्य सुदृढ गर्ने, आवश्यक सूचनाको सहज आदान प्रदान गर्ने र अनुगमन प्रतिवेदनलाई व्यवस्थित गरी सबै तहका सरकार तथा सरोकारवालाहरूले आवश्यक सूचना सहजै प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने आवश्यकता रहेको छ ।

## ६.२.२ योजना कार्यान्वयनको प्रबन्ध

यस योजनाको कार्यान्वयनको अवधिमा संघीय संरचनाअनुसार हालसम्म गरिएका प्रबन्धको अनुभवका आधारमा कार्यान्वयन प्रबन्धमा आवश्यक सुधारसहित स्पष्ट जिम्मेवारी र उत्तरदायित्व निर्धारण गर्नु आवश्यक छ । शिक्षा क्षेत्रका कार्यक्रम कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तर्जुमा, आवश्यक नीतिगत मापदण्ड परिमार्जन तथा विकास, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका लागि तीन तहका सरकारबिच जिम्मेवारी तथा उत्तरदायित्वको स्पष्टताका साथै एक अर्कोबिच आपसी समन्वय, सहकार्य र आदान प्रदान पद्धतिको विकास आवश्यक छ । यसका लागि तीन तहका सरकारबिच लम्बीय (Vertical) अन्तरसम्बन्ध र सञ्चार प्रणाली तथा प्रत्येक सरकारका विभिन्न निकायबिचको समतलीय (Horizontal) समन्वय तथा सञ्चार प्रणाली पनि स्थापित हुनुपर्छ। यस योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले अधिकतम रूपमा बालबालिकाहरूको शिक्षण सिकाइलाई सहयोग पुग्ने गरी

विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रबन्धका साथसाथै यस पालिकाले विद्यालयका क्रियाकलापहरूको नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकतानुसार सहयोग र समन्वय गर्नुपर्दछ ।

यस पालिकाको शिक्षाको अधिकांश बजेट सङ्घीय तहबाट सशर्त अनुदानका रूपमा प्राप्त भै रहेकाले सो अनुदानको खर्च गर्दा निर्धारित मापदण्ड पालना गर्नु पर्ने हुन्छ भने यस पालिकाले आफ्नै स्रोतबाट शिक्षामा गर्ने लगानीलाई पनि समग्रतामा शिक्षाको पहुँच, सहभागिता, गुणस्तर तथा समता र समावेशिता प्रबर्धन गर्ने किसिमले व्यवस्थित गर्नु देखिन्छ । यस शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि हाल पालिकामा रहेको संरचनामा सुधार तथा क्षमता विकास गर्नुका साथै विद्यालयको पनि क्षमता विकास गर्नु आवश्यक छ ।

शिक्षा क्षेत्रको यस योजनाको समग्र कार्यान्वयन प्रक्रियाका लागि पालिका र बिद्यालय र अन्य तहमा निम्नलिखित प्रबन्ध गरिने छः

**क) पालिका तह**

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन तथा मापदण्ड तथा निर्देशिका विकास गर्ने ।

३. पालिका तहको शिक्षा शाखाको क्षमता सुदृढ गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने ।

४. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

५. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने ।

६. शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिका तहमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने ।

७. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघ गठन गर्ने र विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

**ख) विद्यालय तह**

१. विद्यालय सुधार योजना (SIP) तयार गरी वार्षिक रूपमा अध्यवधिक गर्ने ।

२. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्ने।

३. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

४. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

५. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

६. पालिका तहका सम्बन्धित एकाइहरू, स्थानीय सामुदायिक तथा गैरसरकारी संस्था समेतको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको व्यवस्था र विपत तथा संकटको व्यवस्थापनसम्बन्धी सिप प्रदान गर्नका लागि आवश्यक समिति वा संरचना तयार गर्ने ।

७. विद्यार्थीलाई विषयगत सिकाइका साथसाथै विभिन्न अतिरिक्त क्रियाकलाप तथा सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने ।

**ग) समुदायिक सिकाइ केन्द्र**

१. सामुदायिक **सिकाइ** केन्द्रले सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

२. यस पालिकाबाट प्राप्त अनुदान तथा आफ्नै स्रोतबाट प्राप्त आम्दानी समेतका आधारमा पालिकाको समन्वयमा सामुदायिक **सिकाइ** केन्द्र व्यवस्थापन समितिले वार्षिक योजनानिर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने ।

३. सामुदायिक सिकाइकेन्द्रले विभिन्न विषयगत स्थानीय तहका एकाइहरू, सामुदायिक तथा गैरसरकारी संस्थाहरू तथा समुदायसँग आवश्यकतानुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।

४. सामुदायिक पुस्तकालयहरूको सञ्चालन तथा व्यवस्थापनमा सहयोग गर्नेछन् ।

### ६.२.३ विकास साझेदार गैरसरकारी तथा सामुदायिक संघसस्था र नागरिक समाजसँगको सहकार्य

यस पालिका भित्र रही वा यस पालिकालाई कार्यक्षेत्र बनाई विगत देखि नै पालिकाको शिक्षा विकासमा सहयोग पुर्याउदै आएका वा सहयोग गर्न इच्छा देखाएका विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरू, दात्री संस्था, बैंक, संयुक्त राष्ट्रसंघीय निकाय वा संस्थाहरूले पालिकाको आवश्यकताका क्षेत्रमा सहकार्य गर्दै आएका छन् । शिक्षा क्षेत्रमा विकास साझेदारहरूबाट प्राप्त सहयोगलाई योजनाबद्ध रूपमा क्षेत्रगत पद्धतिबाट संयुक्त रूपमा संयोजन, समन्वय तथा अनुगमन गर्ने परिपाटीको विकास भएको छ । यो योजनाको निर्माणमा विभिन्न सरोकारवाला तथा विकास साझेदार सम्मिलित स्थानीय शिक्षा समूहले अहम् भूमिका खेलेका छन्। यस योजनाको कार्यान्वयनको अवधिमा यी सँस्था तथा निकायहरूसंगको सहकार्यको अभ्यासहरूलाई अझ परिस्कृत गर्दै अझ प्रतिनिमूलक, सहभागितामूलक, व्यापक र पारदर्शी बनाइनेछ । कतिपय संस्थाहरूले यस शिक्षा क्षेत्रको योजना निर्माण योगदान गरेका छन् भने यसको कार्यान्वयनमा विभिन्न किसिमले सहभागी हुनेछन् । यो योजनाका प्रारिम्भक बालविकास तथा शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, शिक्षक तालिमलगायत अन्य कार्यक्रमहरूको कार्यान्वयनमा गैर सरकारी तथा सामुदायिक संस्था, नागरिक समाज र निजी क्षेत्रले योगदान गर्नेछन् ।

### ६.२.४ योजना कार्यान्वयनका लागि सञ्चारका रणनीति

यस पालिकाको शिक्षा क्षेत्रको योजनाले शिक्षासँग सम्बद्ध सबै सरोकारवाला, शिक्षक, विद्यार्थी, अभिवावक, गैरसरकारी निकाय, नागरिक र आम जनसमुदायमा समग्र शिक्षा प्रणालीलगायत योजनाले प्रस्ताव गरेका सुधारप्रति अपनत्व, समर्पण तथा प्रतिबद्धता विकास गर्ने अवसर सिर्जना गरेको छ। ती सबैमा योजनाका सारभूत तत्त्वहरूको सञ्चार गर्नु

र तिनीहरूको बारेमा सबैलाई बोध गराउनु योजना कार्यन्वयनको पहिलो सर्त हो । सञ्चारको विशेष महत्त्वलाई दृष्टिगत गर्दै योजना निर्माणको अवस्था देखिनै सम्बद्ध सरोकारवालाहरूसँग सम्वाद र सञ्चार गरिएको थियो । यस योजनाले अन्ततः बालबालिका, आमाबाबु, अविभावक तथा समुदायमा के कसरी प्रभाव पर्छ र उनीहरूको हितमा उच्चतम रूपमा कसरी काम गर्न सक्छ भन्ने सबैको चासोको विषय भएकोले यी समबन्धमा स्पष्ट पर्ने जिम्मेवारी सञ्चार प्रबन्धको हुन् जान्छ । यस सम्बन्धि बिष्तृतमा माथि परिच्छेद ४ अन्तर्गत शिक्षामा संचार र सुचनाको प्रयोगमा गरिएको छ ।

# परिच्छेद ७

# लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय

मुलुकको आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध राष्ट्र निर्माण तथा उन्नत समाज विकासका लागि बालबालिकाको शिक्षामा सार्वजनिक लगानी गरिन्छ । शिक्षामा गरिएको लगानीले भविष्यका लागि मानव संसाधनको गुणस्तर विकास गर्न महत्त्वपूर्ण आधार प्रदान गर्दछ । बालबालिकाको शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राज्यको दीर्घकालीन विकासका अतिरिक्त भूमण्डलीय अर्थतन्त्र (Global economy) मा प्रतिस्पर्धा गर्न सक्ने सामर्थ्य पनि प्रदान गर्दछ । फलत: विश्वका विकासोन्मुख तथा विकसित सबै प्रकारका मुलुकहरूले शिक्षालाई सामाजिक-आर्थिक विकासको मेरूदण्डको रूपमा ग्रहण गर्दै शिक्षाको विकासमा प्राथमिकताका साथ लगानी गरेका हुन्छन् । शिक्षामा राज्यको लगानी तय गर्दा ध्यान  दिने प्रमुख तीन पक्षहरूमा क्रमसः- राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिताको सुनिश्चितता, सहभागी भई सकेकालाई उचित र गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा स्रोतको समतामूलक वितरण र उपयोग रहेका छन् ।

शिक्षामा लगानीको विश्वव्यापी प्रवृत्ति तथा राष्ट्रिय आकांक्षालाई विचार गरेर नेपालमा पनि विगत केही दशकदेखि शिक्षा क्षेत्रको सार्वजनिक लगानीमा विस्तार भएको छ । नेपालमा राज्यबाट शिक्षामा गरिने लगानीलाई नेपाली समाजको आकांक्षा तथा आवश्यकता, यससम्बन्धी विश्वव्यापी मान्यता, दिगो विकासको लक्ष्यका लागि शिक्षाको योगदान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा राज्यले गरेका प्रतिबद्धताका साथसाथै देशको आर्थिक विकासको अवस्था र स्रोत परिचालन गर्न सक्ने क्षमता इत्यादि पक्षलाई ध्यानमा राखी व्यवस्थापन गरिदै आएको छ । शिक्षामा गरिने लगानीलाई नेपालको संविधान एवम् विभिन्न नीतिगत दस्तावेजहरूले आधार प्रदान गरेका छन् ।शिक्षालाई सार्वजनिक सेवाको रूपमा स्वीकार गरी राज्यको दायित्वको रूपमा ग्रहण गर्दै आधारभूत शिक्षा अनिवार्य र निःशुल्क गरिएको सन्दर्भमा पहुँचको विस्तारले मात्र सामाजिक तथा आर्थिक विकासको लक्ष्य हासिल गर्न नसकिने भएकोले शिक्षाको गुणस्तर विकासका लागि सार्वजनिक लगानी बृद्धि गर्नुका साथै लगानी र स्रोत परिचालनलाई समतामूलक र न्यायोचित बनाइनु पर्ने हुन्छ । यिनै कुराहरूलाई दृष्टिगत गरी शिक्षामा देशको कुल गार्हस्थ उत्पादनको कम्तीमा ४ देखि ६ प्रतिशत अथवा राष्ट्रिय बजेटको कम्तीमा १५ देखि २० प्रतिशत  शिक्षामा विनियोजन गर्नुपर्ने अन्तर्राष्ट्रिय मान्यता रहेको छ । सन् २०१५ मा दक्षिण कोरियाको इन्चोनमा सम्पन्न विश्व शिक्षा सम्मेलनले पारित गरेको इन्चोन घोषणा पत्रमा यस कुरालाई उल्लेख गरिएको छ।

यस अघि नै उल्लेख गरिए झैं नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा लिई उक्त मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ जारी भएको छ । यस ऐनको कार्यान्वयनमा सहजीकरण गर्न सरकारले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली २०७७ पनि स्वीकृत गरी कार्यन्वयनमा ल्याएको छ । संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा

समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु संघ, प्रदेश र स्थानीय तहका सरकारको साझा दायित्व रहेको छ । यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ ।

संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ । नेपालको संविधानअनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि संघीय स्रोतबाट सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदान गरी ४ प्रकारको अनुदानको प्रबन्ध गरिएको छ भने स्थानीय तहको आफ्नै स्रोतबाट शिक्षामा थप लगानी हुने व्यवस्था र अभ्यास रहेको छ । स्थानीय तहले स्रोत प्रबन्धका लागि आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था पनि रहेको छ । समानीकरण अनुदान, विशेष अनुदान र समपूरक अनुदान संघीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ भने सशर्त अनुदात संघीय शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रमको प्रयोजनको लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । स्थानीय तथा प्रदेश तहले संघीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित ४ किसिमका अनुदानमध्ये राजस्व बाँडफाँटबाट प्राप्त हुने बजेट र आफ्नै स्रोतमा आधारित बजेटबाट पनि शिक्षा क्षेत्रमा विनियोजन गर्ने गर्दछन् । माथि स्थानीय तहको वित्तीय स्रोतका लागि संघीय स्रोतबाट प्राप्त हुने अनुदानहरू जस्तै प्रदेश सरकारबाट पनि त्यस प्रकृतिका अनुदानहरूको प्रबन्ध हुने गरेको छ ।

शिक्षालाई सार्वजनिक लगानीको विषयको रूपमा पहिचान गरेको छ तर पनि शिक्षामा निजी क्षेत्रको संलग्नता क्रमशः बढ्दै गैरहेको छ । निजी क्षेत्रमा सञ्चालित विद्यालयहरूले मात्र नभई सामुदयिक विद्यालयले समेत विभिन्न प्रकारका औपचारिक वा अनौपचारिक शुल्क लिने प्रचलन भएकोले शैक्षिक लगानीका सम्बन्धमा चुनौती थपिएको छ । राज्य संघीय स्वरूपमा सन्चालन भए सँगै सङ्घ, प्रदेश र स्थानीय तहको लगानीलाई कसरी समन्वयात्मक तरिकाले उद्देश्यमूलक, उपयोगी र परिणाममुखी बनाउने भन्ने विषय अति महत्त्वपूर्ण बनेको छ ।

यस पालिकाको शिक्षा क्षेत्रको योजना निर्माणमा समग्र शिक्षा क्षेत्रको लागि आवश्यक पर्ने स्रोतको पहिचान तथा परिचालन गर्ने र न्यायसंगत तथा परिणामउन्मुख तरिकाले विनियोजन तथा खर्च गर्ने विषय शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनु पर्ने महत्त्वपूर्ण पक्ष हुन् । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयले विशेष स्थान राख्दछन् । यस परिच्छेदमा शिक्षामा सार्वजनिक लगानीको वर्तमान अवस्थाको विश्लेषण गर्दै तथा यो योजनाको लागि स्रोतहरूको सम्भाव्य उपलब्धता र प्रस्तावित कार्यक्रमहरूका लागि स्रोतको अनुमान प्रस्तुत गरिएको छ । यस योजनामा पालिकाको वित्तीय व्यवस्थापनमा सुधार भई लगानी वृद्धि गर्न सक्षम हुने र पालिकाको शिक्षाक्षेत्रमा राष्ट्रिय मापदण्डसँग तुलनायोग्य सार्वजनिक लगानी सुनिश्चित हुने अपेक्षा गरिएको छ ।यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ । पहिचान गरिएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

### ७.२ वर्तमान अवस्था

प्राकृतिक सम्पदा, स्रोत, साधन र भूगोलको हिसावले पाल्पा जिल्लाको १० पालिकामध्ये यो माथागढी नगर पालिका भिन्न र केही ठुलो क्षेत्रफल भएपनि समग्र आर्थिक विकास एवम् सामाजिक सूचकाङ्कका हिसावले भने यो पालिका पाल्पा जिल्लाको ९ औँ स्थानमा पर्दछ । अर्को हिसावले भन्नु पर्दा यो पालिका

गरीव र विपन्नहरुले बसोवास गरेको प्राकृतिकरूपले सम्पन्न पालिका हो । आर्थिक सूचकहरुमा त्यति सुधार नदेखिए पनि शिक्षाका सूचकहरुमा सुधारका सङ्केतहरु देखिएका छन् । शिक्षामा पहुँच र सहभागिता बढेको छ । पहुँच  सहभागिताको तुलनामा गुणस्तरमा भने सुधार हुन बाँकी छ । प्राविधिक विषयमा पहुँचको स्थिति कमजोर छ । पालिकाका अब्बल दर्जाका जनशक्तिलाई पालिकाको विकासको निम्ति समर्पित र अभिप्रेरित गर्न नसकेको अवस्था छ ।  शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्त्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कुल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ तर व्यवहारमा त्यस्तो देखिएको छैन ।

क) शिक्षामा राज्यको लगानीको अवस्थानेपालमा वि. सं. २०४९/५० मा शिक्षामा राज्यको लगानी कुल राष्ट्रिय बजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो । कुल गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि सं २०५२ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कुल गार्हस्थ उत्पादनको औसत ३.७ प्रतिशत रहेको थियो । विगत एक दशक अवधिमा सरकारबाट कुल राष्ट्रिय बजेटको औसत १३.२ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ। नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्त्वपूर्ण अंश रहेको छ । विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्था हेर्दा कुल शिक्षा बजेटको औसत १०.६८ प्रतिशत वैदेशिक सहायताको रहेको छ ।

तालिका ७.१: नेपालमा विगत पाँच वर्षमा शिक्षा बजेटको स्वरूप  (बजेट रु करोडमा)

| आ.व. | शिक्षा बजेट | वैदेशिक सहायता रकम | वैदेशिक सहायता प्रतिशत | वार्षिक बजेट वृद्धि प्रतिशत | कुल संघीय बजेटमा शिक्षा बजेटको अंश | शिक्षा बजेटमा गार्हस्थ उत्पादनको प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०७४/७५ | १२,६६४ | १०९६ | ८.६५ | ८.८४ | ९.९ | ४.२ |
| २०७५/७६ | १३,४५१ | १२८७ | ९.५७ | ६.२१ | १०.२ | ४.१ |
| २०७६/७७ | १६,३७६ | १७४६ | १०.६६ | २१.७४ | १०.६ | ४.४ |
| २०७७/७८ | १७,१७१ | २४५१ | १४.२८ | ४.८६ | ११.७ | ४.३ |
| २०७८/७९ | १८,००४ | १,७१९ | ९.६० | ४.८५ | १०.९३ | ४.२ |

स्रोतः अर्थमन्त्रालय (सम्बन्धित आ.व. का बजेट पुस्तिकाहरू)

माथिको तालिकाअनुसार कुल शिक्षा बजेट वार्षिक रूपमा वृद्धि हुँदै गएको देखिन्छ । विगत ५ वर्षमा औसत ११.९ प्रतिशतका दरले शिक्षाको बजेट वृद्धि भएको देखिन्छ तापनि वार्षिक मूल्यवृद्धि दरसँग तुलना गर्ने हो भने औसत वास्तविक बजेट वृद्धि दर ५ प्रतिशतको हाराहारीमा मात्र देखिन्छ । कुल राष्ट्रिय बजेटमा शिक्षा क्षेत्रको पाँच वर्षको बजेटको अंश ९.९ प्रतिशतदेखि ११.७ प्रतिशतसम्म रहेको देखिन्छ । आ. व. २०६७/६८  मा भने यो प्रतिशत १७.१ पुगेको थियो ।

तालिका ७.२: विगत ५  वर्षमा गुर्भाकोट नगरपालिकाको शिक्षा बजेटको स्वरूप  (बजेट रु हजारमा)

| आ.व. | प्रदेशको कुल बजेट | बजेटको यथार्थ खर्च विवरण | खर्च % | सामाजिक विकास मन्त्रालयको बजेट | शिक्षाका निम्ति बिनियोजित बजेट | कुल बजेटमा शिक्षाको अंश % | शिक्षामा बजेट बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| २०७५/७६ | | | | | | | |
| २०७६/७७ | | | | | | | |
| २०७७/७८ | | | | | | | |
| २०७८/७९ | | | | | | | |
| २०७९/८० | | | | | | | |

स्रोतः

माथिको तालिकाको विश्लेषण गर्दा यस पालिकाको बजेटमा शिक्षाको उपस्थिति ......... छ। आर्थिक वर्ष २०७५/७६ मा कुल बजेटको ..... प्रतिसत बजेट शिक्षामा विनियोजन गरेको देखिन्छ भने आर्थिक वर्ष २०७६/७७ मा आएर त्यही बजेटको प्रतिसत ..........देखिन्छ । आर्थिक वर्ष ...... को बजेटमा शिक्षाको बजेटको प्रतिसत .......... प्रतिसत पुगेकोमा आर्थिक वर्ष ............ मा ........भै कुल बजेटको ...... प्रतिसत बजेट विनियोजन भएको छ यसैगरी आ.व. ....... मा .......... प्रतिसत........देखिन्छ ।

माथिको तालिकामा हेर्दा बजेटको कार्यान्वयन प्रभावकारी रुपमा नभएको कुरा यसको ठूलो हिस्सा खर्च नभएको तथ्यले पनि पुष्टी गर्दछ । यसरी बजेट फ्रिज हुनु अर्थात खर्च हुन नसक्नुले पालिका सरकारको क्षमता र सक्षमता साथै व्यवस्थापनको बारेमा समेत विश्लेषण गर्नु जरुरी देखिन्छ । सामान्यतया परिणाम यसो देखिनुमा ....................................जस्ता कुराहरुको अभावले हुन् सक्छ । मुलुकका सवै सरकारहरुले शिक्षाको बजेटलाई कुल बजेटको बीस प्रतिसत पुर्‍याउने अठोटका साथ अघि बढिरहेको बेला यस पालिकाको शिक्षा क्षेत्रको बजेट औषतमा .......हाराहारीमा रहेको देखिन्छ ।

### ख) शिक्षामा घरपरिवार र निजी लगानी

शिक्षामा घरपरिवारको लगानी पनि उल्लेख्य भएको अध्ययनहरूले देखाएका छन् । संस्थतगत विद्यालयहरूमा मासिक वा बार्षिक शुल्कलगायत सबै खर्च घरपरिवारबाटै हुने गर्दछ भने सामुदायिक विद्यालयहरूमा पनि घरपरिवारको लगानी स्टेसनरी तथा ड्रेसलगायतका शीर्षकमा हुने भएकाले बालबालिकाको शिक्षामा उनीहरूको उल्लेख्य लगानी भइरहेको छ । सन् २०१८ मा शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालय र UNESCO/IIEP को संयुक्त प्रयासमा सम्पन्न भएको National Education Account, Nepal अध्ययन अनुसार शिक्षा क्षेत्रमा तहगत रूपमा प्रति बर्ष प्रति बिधार्थी खर्च क्रमसः बालविकास शिक्षा मा रू. ७,०१४.००, आधारभूत तह (कक्षा १-५) मा रू. १५,४५९.००, आधारभूत तह (कक्षा ६-८) मा रू. १६,४८२.००, माध्यमिक तह (कक्षा ९-१०) मा रू. २७,०८३.००, माध्यमिक तह (कक्षा ११-१२) मा रू. ३५,५२८.००, प्राबिधिक शिक्षामा रू. १७२,७२९.०० र उच्च शिक्षामा रू. ८५,०९१.०० हुने गरेको देखाएको छ I जसमा घर परिवार तथा निजि खर्च ५६.२% छ भने ४३.८% सार्बजनिक (सरकारका तर्फबाट) खर्च भएको छ I यसैगरी, बिधालय/शिक्षालयको प्रकार अनुसार तहगतरुपमा प्रति बर्ष प्रति बिधार्थी जम्मा खर्चमध्ये सामुदायिक बिद्यालय/शिक्षालयमा अध्ययन गर्ने बिद्यार्थीमा परिवार/निजि खर्च माध्यमिक तह (कक्षा ११-१२) बाहेक अरूतहमा लगभग ३% देखि २२.०% सम्म छ भने निजि बिद्यालय/शिक्षालयहरुमा ८१.०% देखि ९५.०% सम्म छ (तालिका ७.३)। प्रति विद्यार्थी सार्वजनिक खर्च विभिन्न तहका सरकारले प्रति वर्ष शिक्षाका विभिन्न तहमा गरेको खर्चका आधारमा निकालिएको छ भने प्रति वर्ष प्रति विद्यार्थी निजी लगानीमा सामुदयिक विद्यालयमा आफ्ना बालबालिकाको शिक्षाका लागि अभिभावकले गर्ने विभिन्न प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च र संस्थागत विद्यालयमा पढाउने अभिभावकले तिरेको शुल्क लगायतका सबै खर्चहरू समावेश गरी निकालिएको छ ।

तालिका ७.३: नेपालमा प्रति विद्यार्थी खर्चको तुलनात्मक अवस्था

| शिक्षाको तह | प्रति विद्यार्थी लगानी रू. | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सार्वजनिक बिद्यालय मा | सरकारी खर्च % | परिवारको खर्च % | अन्यबाट भएको खर्च % | निजी बिद्यालय | सरकारी खर्च % | परिवारको खर्च % | अन्यबाट भएको खर्च % |
| पूर्व प्राथमिक।बालविकास र शिक्षा | ३,६०२ | ७९.८% | ९.९% | १०.३% | १७,३३७ | ०.१% | ९४.६% | ५.३% |
| आधारभूत तह (कक्षा १-५) | ११,५३६ | ९३.६% | २.९% | ३.५% | २०,२५५ | ०.३% | ९२.४% | ७.३% |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आधारभूत तह (कक्षा ६-८) | १०,६८२ | ७९.४% | ७.४% | १३.२% | १९,९८४ | ०.३% | ९३.२% | ६.५% |
| माध्यमिक तह (कक्षा ९-१०) | १६,५५७ | ७०.६% | ११.५% | १७.९% | ३१,६९६ | ०.२% | ९३.२% | ६.७% |
| माध्यमिक तह (कक्षा ११-१२) | २३,०२६ | ३७.१% | ४३.७% | १९.३% | ३७,७५२ | ०.१% | ९३.१% | ६.९% |
| प्राबिधिक शिक्षा | १७७,०५३ | ८७.२% | ७.९% | ४.९% | १००,०७१ | १.९% | ८२.७% | १५.४% |
| उच्च शिक्षा | ५३,२८२ | ७५.४% | २२.०% | २.६% | १३२,१३६ | १.९% | ८०.६% | १७.५% |

*स्रोत: NCE-Nepal (Cited from, UNESCO/IIEP and MOE, 2018)*

यस पालिकाको सवालमा यस प्रकारको तथ्याङ्क र अभिलेख नभए पनि यस यसपालिकामा संस्थागत विद्यालयहरुको संख्या न्यून रहेको र अभिभावकहरुको आर्थिक क्षमता पनि कमजोर भएकाले अभिभावकको निजी लगानी तुलनात्मक रुपले अन्य पालिका र प्रदेशको तुलनामा कम हुन् सक्ने अनुमान गर्न सकिन्छ ।

### ७.३ उद्देश्य

- योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,
- पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,
- उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
- खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु ।

## ७.४ रणनीतिहरू

- सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,
- आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,
- स्रोतको उपयोग गर्ने विद्यालयलाई जवाफदेही बनाइने,
- वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,
- शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गरिने ,
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सवल बनाइने।

## ७.५ पमुख उपलब्धि र नतिजाहरू

### क) उपलब्धिः

- शिक्षामा स्रोतको दिगो व्यवस्थापन भइ शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

### ख) प्रमुख नतिजाः

- उपलब्ध स्रोतको अनुमान र विश्लेषण
    - अपेक्षा र नीतिका आधारमा अनुमान
    - स्रोतको उपलब्धताको अनुमान

- प्रस्तावित कार्यक्रम र बजेट अनुमान
    - प्रस्तावित बजेटमा नपुग स्रोत पूरागर्ने उपाय

## ७.६ प्रमुख क्रियाकलाप र लक्ष्यः

### ७.६.१ स्रोतको अनुमान र विश्लेषण

सामान्यतया स्रोतको अनुमान र विश्लेषण गर्दा नागरिक अपेक्षा, राष्ट्रिय प्रतिवद्धता, संवैधानिक प्रत्याभूति, शिक्षाका राष्ट्रय नीति तथा कार्यक्रमलाई उचित रूपमा सम्बोधन हुनेगरी स्रोतको आँकलन गर्न पर्ने हुन्छ । त्यसरी आँकलन गरिएको स्रोत कति हुन्छ र हामीसँग सामर्थ्य के कति छ सो को पनि सँगसँगै विश्लेषण गरिन्छ । सामान्यतया स्रोतको आँकलन गर्दा बिभिन्न आर्थिक सूचक/सूचांकहरूको प्रयोग गरिन्छ, जस्तो उपभोक्ता मूल्य सूचांक (Consumer Price Index (CPI)), मुद्रस्फिति दर (Inflation Rate), कुल गार्हस्थ उत्पादन (GDP), आदिलाई आधार बनाई निकालिन्छ । यस प्रकार आवश्यकता र सामर्थ्यको बिचमा सामञ्जस्यता कायम गरी योजनाका कार्यक्रमहरू र तिनको प्राथिमिकता निर्धारण गरिन्छ । उल्लिखित पक्षमध्ये यस पालिकाको हकमा तल निम्न दुई पक्षलाई आधार मानी यस योजनामा शिक्षा क्षेत्र, बिभिन्न उप-क्षेत्र र सम्बन्धि

### क) अपेक्षा र नीतिका आधारमा अनुमान

संवैधानिक प्रावधानअनुसार आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क गर्ने दायित्व राज्यको रहेको छ र सोको कार्यन्वयन संघीय, प्रदेश र स्थानीय तीनवटै सरकारको रहेको छ I प्रत्येक बालबालिकालाई शिक्षाको हक सुनिश्चित हुनेगरी प्रारम्भिक बालविकास तथा शिक्षालाई आधारभूत शिक्षाअन्तर्गत नै आवश्यक बजेटको व्यवस्था राज्यले गर्न पर्ने हुन्छ । त्यस्तै सबैको पहुँच र सहभागिताको सुनिश्चितताका लागि विशेष गरी आर्थिक रूपले विपन्न, विभिन्न कठिन परिस्थितिमा रहेका तथा अपाङ्गता भएका बालबालिकाहरूलाई थप प्रोत्साहित गर्न आवश्यक छ । यसैगरी अनौपचारिक तथा निरन्तर शिक्षा, विद्यालयतहमा प्राविधिक तथा व्यवसायिक शिक्षा, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षक व्यवस्थापन र विकास, सूचना तथा सञ्चार प्रविधि, भौतिक पूर्वाधार, विपद व्यवस्थापन, दिवा खाजालगायत विद्यालय स्वास्थ्य, पोषण तथा सरसफाइ स्वच्छता, परामर्श सेवा लगायतको खर्चका लागि लगानी सुनिश्चित गर्नु आवश्यक छ । यी बाहेक यस पालिकाको दाईत्व भित्र प्राबिधिक शिक्षा र व्यवसायिक तालिम र उच्च शिक्षा पनि पर्ने भएकाले ती दुवै क्षेत्र साथै योजनाको अनुगमन तथा मूल्याङ्कन, व्यवस्थापकीय कार्यलाई व्यवस्थित गर्न र विभिन्न तहमा क्षमता विकासमा थप लगानी आवश्यक छ । यिनै परिवेशहरूलाई मध्यनजर राखी नेपाल सरकारले शिक्षा नीति लगायत विभिन्न योजना र कार्यक्रमहरुमा शिक्षाको बजेटलाई कुल बजेटको कम्तिमा बीस प्रतिसत बनाउने भन्ने कुरा पनि उल्लेख गरेको अवस्था छ ।

उल्लिखित आवश्यकताहरूका आधारमा यस पालिकाको शिक्षा क्षेत्रको दश वर्षे शिक्षा क्षेत्रमा योजनाको पहिलो वर्षमा चालु आ.ब.मा कार्यान्वयनमा रहेको कूल बजेट करिब २९१,२३४,८००/०० लाई आधार मानी त्यसपछिका वर्षहरूमा क्रमिक रूपमा लगानी वृद्धि गर्नु आवश्यक देखिन्छ भनी उल्लेख गरिएको छ । उक्त आधारमा वर्तमान मूल्यमा यस योजनाको पहिलो पाँच वर्षका लागि करिब १,५१४,४५५,१२०/०० रुपैयाँ लगानी आवश्यक देखिन्छ ।

### ख) स्रोतको उपलब्धता (Resource Envelope) को अनुमान

बिभिन्न आर्थिक सूचक/सूचांकहरूको प्रयोग गरेर, जस्तो उपभोक्ता मूल्य सूचांक (Consumer Price Index (CPI)) तथा मुद्रस्फिति दर (Inflation Rate) तथा यस पालिकाको बजेटमा हुने वृद्धिका

आधारमा आगामी ५ वर्षमा शिक्षा क्षेत्रका लागि उपलब्ध हुनसक्ने बजेट आकलन गरिएको छ । यसर्थ, यस पालिकाको अर्थतन्त्रको हालको अवस्था तथा सम्भाव्य मूल्य वृद्धिका आधारमा सम्भाव्य उच्च, मध्यम तथा न्यून वृद्धि आकलन गरिएको छ । यी मध्ये मध्यमस्तरको प्रक्षेपित आर्थिक वृद्धिदरका आधारमा यस शिक्षा क्षेत्रको योजनाका लागि उपयुक्त स्रोत हुन् सक्छ भन्ने पहिचान गरिएको छ ।

### ७.६.२ गुर्भाकोट नगर पालिकाको आगामी ५ वर्षको शिक्षा क्षेत्र योजनाका लागि प्रक्षेपित बजेटको अनुमान

आर्थिक वर्ष २०८१/८२ मा यस पालिकाको शिक्षा क्षेत्रको बजेट विश्लेषण गर्दा भौतिक र शिक्षक विकास र तालिम बाहेक कूल बजेट रू. ३०४,७३७,८००/०० देखिन्छ I जसमा ७.५९% पालिकाको आन्तरिक श्रोतको हिस्सा छ भने बाँकि सबै सङ्घीय सरकारबाट पालिका तहमा हस्तान्तरण भै कार्यान्वयनमा रहेको देखिन्छ I यस अतिरिक्त रू.................... प्रदेश सरकारको सामजिक विकास मन्त्रालय र अन्तर्गतका बिभाग, कार्यालय र अन्य निकायहरूबाट यस पालिकाको बिद्यालय शिक्षा, प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम र उच्च शिक्षाका कार्यक्रमहरू संचालनार्थ कार्यान्वयनमा रहेको र रू. ................ बजेट बिभिन्न अन्तराष्ट्रिय, राष्ट्रिय र स्थानीयतहका दातृ निकाय, सङ्घ-सँस्थाहरुबाट तीन तहका सरकारमध्ये कुनै एक सरकारको समन्वयमा आ-आफ्नै खर्च प्रक्रियाबाट पालिका तहका कार्यक्रमहरूमा सिधै खर्च भै रहेको बजेट (Off Budget) देखिन्छ I यसरी हेर्दा यस पालिकाको शिक्षाक्षेत्रको कूल बजेटमा .......% बजेटको बिभिन्न दातृ निकाय, सरकारी/गैरसरकारी सँस्था र ब्यक्तिबाट खर्च भै रहेको देखिन्छ I

तहको तालिका ७.४ र ७.५ मा यस पालिकाको शिक्षा क्षेत्रको बजेट आँकलन २ वटा परिदृश्यमा प्रस्तुत गरिएको छ Iजसमा तालिका ७.४ मा हाल उपलब्ध स्रोतको प्रबृत्तिलाई यथावत राखी पालिकाको शैक्षिक क्षेत्रको सुधारका आवश्यकताहरुलाई समबन्धित) उप-क्षेत्रसँग सम्बन्धित सूचकहरुको सुधारका सम्भावनाको आधारमा थप स्रोतको बन्दोबस्त गर्ने बिधिहरुलाई अबलम्बन गरिएको छ I तालिका ७.५ मा प्रस्तुत गरिएको स्रोतको आँकलन परिदृश्यमा तालिका ७.४ को बिधिमा हाल यस कर्णाली प्रदेशको शिक्षा क्षेत्रमा रहेको बार्षिक औषत ४.०४%i का दरले रहेको उपभोक्ता मूल्य सूचांक (CPI) तथा मुद्रास्फ्रिति दरका (Inflation Rate) आधारमा प्रत्येक शैक्षिक उप-क्षेत्रको कार्यक्रमगत रूपमा वृद्धि हुन् आउने लागतलाई आगामी आ.ब.गतको प्रक्षेपित बजेटको रूपमा प्रस्तुत गरिएको छ I यस पालिकाको शिक्षा क्षेत्रको बिद्यार्थी, शिक्षक सूचकगत वर्तमान अवस्था ,योजनाको अन्तिम लक्ष्य निर्धारण र प्रक्षेपण, क्षेत्र र उपक्षेत्रगतको कार्यक्रमगत स्रोतको आँकलन र प्रक्षेपण, योजनाको प्रमुख कार्यसम्पादन सूचकहरू (KPIs) साथै तिनको विश्लेषण ,आदिका बारेमा यस यस योजनाको ToolKits मा राखिएकोले उक्त ToolKits हरूको विस्तृत अध्ययन गर्न सकिन्छ I

तालिका ७.४ स्थिर मूल्यका आधारमा गुर्भाकोट नगर पालिकाको शिक्षा क्षेत्रको उप-क्षेत्रगत प्रक्षेपित लागत अनुमान सामान्य)परिदृश्य आ.ब. २०२४/२५-२०२२८-२९ (रू. हजारमा)

| शिक्षा उप–क्षेत्रहरू/आ.ब. | 2024/25 ८१/८२ | 2025/26 ८२/८३ | 2026/27 ८३/८४ | 2027/28 ८४/८५ | 2028/29 ८५/८६ | ५ आ.ब.को जम्मा |
|---|---|---|---|---|---|---|
| स्थानीय तहबाट सन्चालन हुने बिद्यालय शिक्षा उप-क्षेत्रगत लागत | | | | | | |
| बालविकास तथा शिक्षा | ३३,७२३.00 | ३७,१७९.५0 | ३७,९८९.५0 | ३८,९४२.00 | ४0,0३६.00 | **१८७,८७0.00** |
| आधारभूत शिक्षा | २३९,२६६.३९ | २४१,३0३.६५ | २४१,७७१.६५ | २४५,३७९.१६ | २४६,८५३.६६ | **१,२१४,५७४.५0** |
| माध्यमिक शिक्षा | १0५,८६६.६१ | १0५,७७७.५८ | १0७,७४५.00 | ११0,८८५.५३ | ११४,४९0.४८ | **५४४,७६५.१९** |
| शिक्षामा समता र समानता | ६९५.२५ | ७१७.१९ | ७४१.७0 | ७६७.३१ | ७९0.३५ | **३,७११.८0** |
| अनौपचारिक तथा साक्षरता र निरन्तर शिक्षा | १,१00.00 | १,४0५.00 | १,१८0.00 | १,३७५.00 | २,३८0.00 | **७,४४0.00** |
| शिक्षक तयारी, व्यवस्थापन र तालिम | ४,0४५.९६ | ४,७0९.४६ | ५,७९८.६२ | ६,२९८.७१ | ७,१३३.२१ | **२७,९८५.९६** |
| पाठ्यक्रम र मुल्यांकन | ३,४९१.६0 | ४,0७७.४0 | ३,५७७.४0 | ३,४0५.८0 | ३,९0५.८0 | **१८,४५८.00** |

| शिक्षा उप–क्षेत्रहरू/आ.ब. | 2024/25<br>८१/८२ | 2025/26<br>८२/८३ | 2026/27<br>८३/८४ | 2027/28<br>८४/८५ | 2028/29<br>८५/८६ | ५ आ.ब.को जम्मा |
|---|---|---|---|---|---|---|
| बिद्यालय भौतिक निर्माण र आपत कालिन व्यवस्थापन | २५,५२०.०० | ३०,६८०.०० | ३५,६४०.०० | ३८,५२०.०० | ५०,५२०.०० | **१८०,८८०.००** |
| क्षमता अभिबृद्दी र अनुगमन तथा मुल्यांकन | ३,५६०.०० | ३,५६०.०० | ३,५६०.०० | ३,५६०.०० | ३,५६०.०० | **१७,८००.००** |
| जम्मा लागत (योजनाको कार्यक्रम बजेट) | **४१७,२६८.८१** | **४२९,४०९.७७** | **४३८,००३.८७** | **४४९,१३३.५१** | **४६९,६६९.५०** | **२,२०३,४८५.४५** |
| शासकीय व्यवस्थापन र सन्चालन खर्च (योजनाको कूल बजेटमा २.०% ले हुन आउने लागत) | ८,३४५.३८ | ८,५८८.२० | ८,७६०.०८ | ८,९८२.६७ | ९,३९३.३९ | **४४,०६९.७१** |
| जम्मा लागत | **४२५,६१४.१८** | **४३७,९९७.९६** | **४४६,७६३.९४** | **४५८,११६.१८** | **४७९,०६२.८९** | **२,२४७,५५५.१६** |

तालिका ७.५ गुर्भाकोट नगर पालिकाको शिक्षा क्षेत्रमा रहेको बार्षिक औषत ४.०४% का दरले रहेको उपभोक्ता मूल्य सूचांक (CPI) तथा मुद्रास्फ्रिति दर (Inflation Rate) का आधारमा वृद्धि हुन् आउने प्रक्षेपित बजेटको (मध्यम परिदृश्य आ.ब.२०२४/२५-२०२८-२९) (रू. हजारमा)

| शिक्षा उप–क्षेत्रहरू/आ.ब. | 2024/25<br>८१/८२ | 2025/26<br>८२/८३ | 2026/27<br>८३/८४ | 2027/28<br>८४/८५ | 2028/29<br>८५/८६ | ५ आ.ब.को जम्मा |
|---|---|---|---|---|---|---|
| स्थानीय तहबाट सन्चालन हुने बिद्यालय शिक्षा उप-क्षेत्रगत लागत | | | | | | |
| बालविकास तथा शिक्षा | २५,३८४.५० | ३८,३११.९४ | ३९,१२५.२८ | ४०,०८१.५२ | ४१,१७९.६२ | **१८४,०८३** |
| आधारभूत शिक्षा | २३७,३२०.३० | २५०,८७७.९५ | २५१,३४२.४४ | २५५,०७२.०२ | २५६,५८३.२७ | **१,२५१,१९५.९७** |
| माध्यमिक शिक्षा | १०४,७८४.४७ | १०९,९६५.४० | १११,९८९.६० | ११५,२३८.१० | ११८,९६९.६० | **५६०,९४७.१६** |
| शिक्षामा समता र समानता | ६९५.२५ | ७४५.८७ | ७७१.३६ | ७९८.०१ | ८२१.९६ | **३,८३२.४६** |
| अनौपचारिक तथा साक्षरता र निरन्तर शिक्षा | १,१००.०० | १,४६१.२० | १,२२७.२० | १,४३०.०० | २,४७५.२० | **७,६९३.६०** |
| शिक्षक तयारी, व्यवस्थापन र तालिम | ४,०४५.९६ | ४,८९७.८४ | ६,०३०.५६ | ६,५५०.६६ | ७,४१८.५४ | **२८,९४३.५६** |
| पाठ्यक्रम र मुल्यांकन | ३,४९१.६० | ४,२४०.५० | ३,७२०.५० | ३,५४२.०३ | ४,०६२.०३ | **१९,०५६.६६** |
| बिद्यालय भौतिक निर्माण र आपत कालिन व्यवस्थापन | २५,५२०.०० | ३१,९०७.२० | ३७,०६५.६० | ४०,०६०.८० | ५२,५४०.८० | **१८७,०९४.४०** |
| क्षमता अभिबृद्दी र अनुगमन तथा मुल्यांकन | ३,५६०.०० | ३,७०२.४० | ३,७०२.४० | ३,७०२.४० | ३,७०२.४० | **१८,३६९.६०** |
| जम्मा लागत (योजनाको कार्यक्रम बजेट) | **४०५,९०२.०८** | **४४६,११०.२९** | **४५४,९७४.९४** | **४६६,४७५.५४** | **४८७,७५३.४२** | **२,२६१,२१६.२७** |
| शासकीय व्यवस्थापन र सन्चालन खर्च (योजनाको कूल बजेटमा २.०% ले हुन आउने लागत) | ८,११८.०४ | ८,९२२.२१ | ९,०९९.५० | ९,३२९.५१ | ९,७५५.०७ | **४५,२२४.३३** |
| जम्मा लागत | **४१४,०२०.१२** | **४५५,०३२.५०** | **४६४,०७४.४४** | **४७५,८०५.०५** | **४९७,५०८.४९** | **२,३०६,४४०.५९** |

माथि चर्चा गरिए झैँ उल्लेखित तालिका ७.४ र ७.५ मा प्रस्तुत गुर्भाकोट नगरपालिकाको शिक्षा क्षेत्रको बजेट प्रक्षेपणहरूको अवस्थालाई हेर्दा तालिका ७.५ मा प्रस्तुत मध्यम परिदृश्य प्रक्षेपित बजेट व्यवस्थापन र कार्यान्वयनका दृष्टिले बढि व्यवहारिक देखिन्छ । तलको तालिका ७.६ मा माथिको तालिका ७.५ मा प्रस्तुत मध्यम परिदृश्य प्रक्षेपित बजेट र चालु आ.ब.२०८१/८२ मा उपलब्ध बजेटको स्रोत बीच तुलनात्मक विश्लेषणबाट निम्नानुसारको स्रोतको अन्तर (Gap) देखिन्छ र सोलाई पूर्ति गर्दै योजनाको सफल कार्यन्वयनका लागि पालिका सरकारले निम्नानुसारका पक्षहरूमा ध्यान दिनुपर्ने हुन्छ।

# परिच्छेद ८

# कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

## ८.१ परिचय

नेपालमा योजनावद्ध विकास प्रयासको सुरु अवस्थासँगै विकास आयोजनाको अनुगमन तथा मूल्याङकन गर्ने परिपाटी बसेको पाइन्छ । आ.व. २०३२/०३३ देखि विकास आयोजनाहरूको कार्यान्वियनको मूल्याङकन गर्ने व्यवस्थाको सुरुवात भयो । आठौं योजना २०४९/०५४ देखि अनुगमन तथा मूल्याङकनलाई एउटा पद्धतिको रुपमा विकास गर्ने कार्य गरियो । यस योजनामा विगतका अनुगमन तथा मूल्याङकन सम्बन्धी व्यवस्थामा देखिएका कमी कमजोरीहरूमा सुधार गरी संस्थागत व्यवस्था , उच्च राजनैतिक तहको प्रतिबद्धता र उपलब्धि मूल्याङकनको व्यवस्था सहितको बलियो अनुगमन तथा मूल्याङकन प्रणाली लागू गरियो । अनुगमन भन्नाले कुनै पनि कार्यक्रम कार्यान्वियनका लागि विशेषतः शैक्षिक योजना तथा कार्यक्रमहरू के कति  भए त्यसको लक्षित प्रतिफल योजना अनुरुप ठीकसंग भइरहेका छन् वा छैनन् भनी कार्यक्रम कार्यान्वियन गर्ने  प्रत्येक तहको व्यवस्थापनद्वारा निरन्तर र अद्यावधिक गरी निगरानी राख्ने कार्य हो । मूल्याङ्कन भन्नाले कुनै शैक्षिक कार्यक्रमको निर्धारित उद्देश्यको सन्दर्भमा त्यसका कार्यहरू कति सान्दर्भिक,सक्षम,लाभदायक र प्रभावकारी देखिएका छन भन्ने बारे व्यवस्थित रुपबाट मापन गरी लेखाजेखा गर्ने कार्य हो ।अनुगमन तथा मुल्याङकनको मुख्य उद्देश्य गाँउ शिक्षा योजना र विद्यालय क्षेत्र विकास कार्यक्रमले किटान गरेका प्रत्येक सेवा प्रवाहका तहका लक्ष्य तथा उद्देश्य अनुरुपका उपलब्धिहरू पत्ता लगाइ ती सूचकका आधारमा निर्णय प्रक्रियालाई सहयोग गरी प्रवाह सुधार गर्नु हो ।

## ८.२ वर्तमान अवस्था

ऐन,नियम अनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको  मूल्याङकन गर्ने कार्यहरू नियमित रूपमा भैरहेका छन्  ।  सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ । सङ्घमा शिक्षा तथा प्रविधि मन्त्रालय र शिक्षा विभागले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय  सञ्चालन गर्नेछन् । गुर्भाकोट नगरपालिकाको नगर शिक्षा क्षेत्र योजना सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वियन भए नभएको सम्बन्धित निकायबाट अनुगमन गरिनेछ । अनुगमन प्रकृया तपसिल बमोजिम हुनेछ ।

तालिका ८.१

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अवलोकन, निरीक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, |
| २ | नगर शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | नगरप्रमुख तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | नगरप्रमुख तथा | त्रैमासिक | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पदाधिकारी | | कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| ५ | शिक्षा विकास तथा समन्वय एकाइ | | एकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

नगर शिक्षा योजनाको प्रचार प्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्बन्धित वडाहरूले यस योजनासँग सम्बन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्येक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा नगरपालिका वडाहरू, सम्बन्धित समिति तथा उपसमितिहरूको बैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

## ८.३ उद्देश्य

- वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वियन गर्ने,
- स्थानीय तहका शिक्षा शाखा तथा महाशाखाहरूको क्षमता विकास गर्ने,
- आवश्यकता अनुसार कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने,
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वियनका नतिजाहरूको विवरण तयार गर्ने, समीक्षा गर्ने, र सुधार गर्ने,
- शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह, सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने,
- विद्यालय तथा सामूदायिक अध्ययन केन्द्रहरूले योजना बनाइ शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने,
- प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्ने,
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउने,
- योजना कार्यान्वियनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्ने,
- योजनाको लगानी देखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्ने।

## ८.४ रणनीतिहरू

- एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने,
- अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने,
- शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने,

- राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने,
- योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने,
- प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने,
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने,
- कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याइ नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने,
- सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने,
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,
- पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने।

## ८.५ प्रमुख उपलब्धि र नतिजाहरू

**क) उपलब्धिः**

- प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वियनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भइ अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भइ आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने ।

**ख) प्रमुख नतिजाः**

- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने,
- अनुगमनका आधारमा नतिजा सुधार हुने,
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने,
- विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने,
- विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने।

**८.६) प्रमुख क्रियाकलाप र लक्ष्यः**

- अनुगमन पद्धति विकास तथा कार्यान्वियन
- अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक
- अनुगमन
- चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन
- स्थिति प्रतिवेदन तयारी
- विद्यार्थी सिकाइ उपलब्धि परीक्षण
- विद्यालयको कार्यसम्पादन परीक्षण
- क्षमता विकास
- सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने
- विद्यालयको लेखा परीक्षण
- अध्ययन तथा अनुसन्धान

तालिका ८.२ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरणका प्रमुख क्रियाकलापहरू र लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(१० वर्ष) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८८ | जम्मा | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक गर्ने | नगरपालिका | | १ | | | | | १ | सङ्घ, स्थानीय तह |
| २ | आफूले कार्यान्वयन गरेका कार्यक्रूमहरूको नियमित अनुगमन गर्ने | निरन्तर | | | | | | | | |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | सङ्घ तथा प्रदेश |
| ४ | स्थिति प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ तथा प्रदेश |
| ५ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | कक्षा | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घसँग समन्वय गरेर |
| ६ | कक्षा १ देखि ३ सम्मका बालबालिकाको पठन सिप परीक्षणका लागि कक्षाकोठामा आधारित पठन सिप परीक्षण (CB-EGRA) सञ्चालन गर्ने | पटक/कक्षा | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ, स्थानीय तह, |
| ७ | विद्यालयको कार्यसम्पादन गर्ने । | विद्यालय प्रतिशत, कक्षा १-८ | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घसँग समन्वय गरेर |
| ८ | विद्यालयमा गरिने सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने । | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | विद्यालयहरूको लेखा परीक्षण | विद्यालय | | ७२ | | | | | ७२ | |
| १० | रोष्टर विशेषज्ञहरूको व्यवस्थापन | नगरपालिका | | | | | | | | |
| ११ | विज्ञ समूह, विद्यालय निरीक्षक तथा शिक्षक सिकाइ समूह मार्फत, शिक्षा शाखा मार्फत विद्यालय अनुगमन तथा कक्षा सुपरिवेक्षण | सबै विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| १२ | प्रधानाध्यापक तथा आधारभूत तह संयोजकबाट विद्यालय तथा कक्षाकोठा अनुगमन तथा सुपरिवेक्षण | सबै विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| १३ | सिकाइमा आधारित मुल्याङ्कनका लागि शिक्षण | सबै विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| १४ | प्रमाणमा आधारित मुल्याङ्कनका लागि अभिलेखीकरण | सबै विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(१० वर्ष) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८८ | जम्मा | |
| १५ | स्थानीय तहद्धारा कक्षा अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |

## सन्दर्भ सामग्रीहरू

- नेपालको संविधान २०७२
- नयाँ शिक्षा क्षेत्र योजना ESP
- विद्यालय क्षेत्र विकास योजना SSDP
- राष्ट्रिय शिक्षा नीति, २०७६
- प्रारम्भिक वालविकास सम्बन्धि न्यूनतम मापदण्ड २०६७ पहिलो संशोधन, २०७५
- लागत सहभागिता मापदण्ड, २०७७
- शैक्षिक पार्श्वचित्र, २०७८
- नगरपालिका पार्श्वचित्र, २०७५
- शिक्षक पेसागत सहयोग व्यवस्थापन कार्यविधि, २०७७ र मार्गदर्शन २०७७
- गाउँ तथा नगरपालिकाको आवधिक शिक्षा योजना निर्माण सहजिकरण पुस्तिका, प्रारम्भिक कक्षा पढाइ कार्यक्रम दोश्रो
  २०७८

# अनुसूचीहरू

**अनूसूची १: शिक्षा योजना निर्माण कार्यदल विवरण**

| क्र.स. | नाम, थर | पद | कार्यालय | मोवाइल नम्वर |
|---|---|---|---|---|
| १ | वासुदेव शर्मा | संयोजक | गुर्भाकोट गा.पा. | |
| २ | मान बहादुर खत्री | सदस्य | गुर्भाकोट गा.पा. | |
| ३ | हिक्मत रोका | सदस्य | गुर्भाकोट गा.पा. | |
| ४ | चन्द्र बहादुर वली | सदस्य | गुर्भाकोट गा.पा. | |
| ५ | कृष्णप्रकाश आर.सी. | सदस्य | गुर्भाकोट गा.पा. | |
| ६ | ढाल बहादुर खत्री | सदस्य | गुर्भाकोट गा.पा. | |
| ७ | गीता वली | सदस्य | गुर्भाकोट गा.पा. | |
| ८ | | | | |
| ९ | | | | |

**अनूसूची २: शिक्षा योजना निर्माणका क्रममा भएका वैठक, कार्यशालामा सहभागि विवरण**

| क्र.स. | नाम, थर | पद | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

**अनुसूची ३:नगरपालिका  अन्तर्गतका बालविकास केन्द्र र सहजकर्ताको विवरण**

**अनुसूची ४: नगरपालिका  अन्तर्गतका विद्यालयहरूको विवरण**

**अनुसुची ५: नगर शिक्षा समितिका पदाधिकारीहरूको विवरण**

---

i Y-o-Y consumer price inflation in Lumbini Province is 4.00 percent (The NRB Economic Research on "Current Macroeconomic and Financial Situation of Nepal" Based on Seven Months Data Ending Mid-February, 2024/25